# मेरी आमा भागीरथा प्रसाईं

(आत्मपरक जीवनी)

नई प्रकाशन

२०५२

# मेरी आमा भागीरथा प्रसाई

नरेन्द्रराज प्रसाई

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
प्रुफरिडर : लवप्रसाद भण्डारी
आवरण चित्र : भागीरथा प्रसाई
आवरण चित्रकार : राजन काफ्ले
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १४१
मोल : दुई सय रुपियाँ
© सुरक्षित, २०७६ साल (2019)

ISBN: 978-9937-509-75-6
**Meri Aama Bhagiratha Prasai**
(A Biography of Bhagiratha Prasai by Narendra Raj Prasai)

सबै आमाहरुमा समर्पित !

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेला, मौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाईको नेपाली भाषासाहित्यमा सङ्गठनात्मक शैली र सिर्जनात्मक कार्य बराबरी मानिन्छ । प्रसाईको सिर्जनात्मक लेखनकार्यमध्ये जीवनीलेखनलाई मुख्य रूपमा लिइन्छ । प्रसाईद्वारा लिखित तथा सम्पादित साढे छ दर्जनजति कृतिमध्ये दुई दर्जनभन्दा बढी जीवनीकृति प्रकाशित भइसकेका छन् भने सात सयवटाभन्दा बढी फुटकर लेख र जीवनी प्रकाशनमा आइसकेका छन् ।

नइ प्रकाशनका संरक्षक भागीरथा प्रसाईको जीवनकथा इन्दिरा प्रसाईबाट लेखिसकेकै विषय हो । उनीबारे आफ्नी बुहारीकै लिखतमा दुईवटा कृति प्रकाशनमा आए– 'मेरी सासु' र 'भागीरथा प्रसाईको निर्वाण' । नरेन्द्रराज प्रसाईबाट पनि आफ्नी आमाबारे आमाको शतवार्षिकीका अवसरमा लेखिने रहर, कर्तव्य र आवश्यकता महसुस भयो र 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनी कृति प्रकाशनमा आयो । प्रस्तुत कृतिमा भागीरथा प्रसाईको जीवनका उतारचढावबारेका दुक्ख, सुक्खका थप प्रसङ्ग पनि जोडिएका छन् । यस कृतिले 'मेरी सासु' र 'भागीरथा प्रसाईको निर्वाण' को पुरकका रूपमा समेत मद्धत गर्नेछ ।

'मेरी आमा भागीरथा प्रसाई' नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर हो ।

• नइ प्रकाशन

# विषयसूची

भूमिका- १ : महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी • ११
भूमिका- २ : प्रा.राजेन्द्र सुवेदी • ६०
लेखकीय (मेरी आमा र म) • ६९
••
१. मेरा बुबाआमाको जन्म र पेटविवाह • ७९
२. मेरा बाजेबाबुको कथा • ८२
३. मेरा बुबाआमाका सन्तान • ८९
४. मेरी आमाको जनसेवा र कष्ट • १००
५. मेरी आमाकी सौता • १०६
६. मेरी आमाको दुर्घटना र मेरो जन्म • १११
७. मेरी आमाको बास र उठीबास • ११८
८. मेरी आमाको बिजोक • १३२
९. मेरी आमा र इन्दिराको अन्तरसम्बन्ध • १३९
१०. मेरी आमाप्रति कञ्चनजङ्घाको समर्पण • १४४
११. मेरी आमाको अन्तिम चोला • १५०
१२. सन्दर्भस्रोत • १५९

सुप्रसिद्ध जीवनीकार नरेन्द्रराज प्रसाईकृत जीवनीकृति

# मेरी आमा भागीरथा प्रसाई

# समीक्षात्मक विमर्श

**प्रा.डा. वासुदेव त्रिपाठी**

(महासमालोचक)

## नरेन्द्रराज प्रसाईको साहित्यवृत्त र जीवनीलेखनको कला

सुप्रसिद्ध जीवनीकार नरेन्द्रराज प्रसाईको प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' नामक नवागत जीवनीकृति (वि.सं. २०७६) का सम्बन्धमा समीक्षात्मक अभिमत व्यक्त गर्ने परिप्रेक्ष्यमा अब प्रथमत: नरेन्द्रराज प्रसाईको समष्टि साहित्यिक व्यक्तित्व र साहित्यपरक मोठ प्रदानको अलिकति आकलन पनि गरौँ– सङ्क्षेपमा । त्यस दृष्टिले हेर्दा खास चिनाअनुसार वि.सं.२०११ साल चैत २९ गते सोमबार ताप्लेजुङ, हाङपाङमा जन्मेका नरेन्द्रराज प्रसाई पाँच कक्षासम्म त्यहींको सरस्वती हाईस्कुलमा पढी छैटौँ कक्षादेखि झापाको शनिश्चरे हाईस्कुलमा पढ्न थाले भने त्यसै ताकदेखि नै उनी कविता रचना गर्दै साहित्यिक गतिविधिसँगै तत्कालीन झापा विद्रोह वा झापा आन्दोलनमा भूमिगत रूपमा २०२६-०२८ सालबीच तीन वर्षजति संलग्न रहे । पारिवारिक दबाबले गर्दा त्यस विद्रोहबाट अलगिँदै नौ कक्षादेखि उनले काठमाडौँमा बसी सङ्घर्षपूर्वक पढ्नुपर्‍यो र त्यहाँ उच्च शिक्षा हासिल गर्ने क्रममा उनमा झापा छँदै (२०२८ सालतिरै) टुसाएको साहित्यसेवाको बीजले पालुवा हाल्न थाल्यो

अनि परिस्थितिवश उनले जागिर खाँदै पढ्नुपऱ्यो र स्नातक तह पूरा गरी जनप्रशासनका स्नातकोत्तर तहको अध्ययन भने पूर्ण नहुँदै छोड्नुपऱ्यो । २०३८ सालदेखि साहित्य प्रवर्द्धनतर्फ पनि उन्मुख हुँदै २०४१ सालमा उनको 'अठतिस अनौठा अनुहार' भन्ने जीवनीसङ्ग्रह प्रकाशित भई विविध विधागत सृजनक्रम र प्रकाशनको प्रक्रिया पनि क्रमशः बढ्दै रह्यो । अहिले २०७६ सालमा अद्यावधिक रूपमा हेर्दा चाहिँ उनका पौने एक सयभन्दा बढी विविध प्रकारका र विधाका साहित्यिक ग्रन्थ प्रकाशित भएका छन् भने २०४९ सालदेखिका कतिपय तत्कालीन महत्त्वपूर्ण साहित्यिक प्रतिष्ठानहरू तथा मुख्यतः नइ प्रकाशन (२०५२) र त्रिमूर्ति निकेतन (२०६१) आदि आफ्ना सुस्थिर संस्थामार्फत विविध महत्त्वपूर्ण साहित्यिक पुरस्कारको स्थापना र प्रदानको शृङ्खलासँगै विशिष्ट ग्रन्थ प्रकाशन र तिनको लोकार्पण अनि कविशिरोमणि लेखनाथ पौडचाल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाजस्ता त्रिमूर्तिको मूर्ति स्थापना र यी विभिन्न महान् स्रष्टाहरूका विशिष्ट जन्मजयन्ती तथा आदिकवि भानुभक्त आचार्य तथा महाकवि लक्ष्मीप्रसाद देवकोटा प्रभृतिका द्विशतक वर्ष एवं जन्मशताब्दी कार्यक्रम र अन्तर्राष्ट्रिय प्रकृतिका विशिष्ट विविध साहित्यिक गोष्ठी-सम्मेलन आदिको आयोजनाद्वारा नरेन्द्रराज प्रसाई नेपाली साहित्यका प्रवर्द्धनका क्षेत्रमा आफैँ एक प्रतिष्ठित संस्था वा प्रतिष्ठानतुल्य हुन पुगेका छन् ।

साहित्यिक विधागत परिप्रेक्ष्यमा विशेषतः मधुर मर्मस्पर्शी गीतिरचनासँगै नेपाली गद्यसाहित्यका फाँटका खोजपूर्ण जीवनी र अन्तर्वार्ता तथा भावपूर्ण एवं सुललित निबन्ध, संस्मरण आदि आख्यानेतर विधाका उत्कृष्ट रचनाराशिका समेत प्रदानबाट नेपाली साहित्यको स्रष्टासमवायमा नरेन्द्रराज प्रसाई एक वरिष्ठ नेपाली साहित्यस्रष्टाका रूपमा सुप्रतिष्ठित रहेका छन् । वास्तवमा उनी

साहित्यिक स्रष्टाका रूपमा नेपाली साहित्यका राष्ट्रिय जगत्मा र अन्तर्राष्ट्रिय वृत्तमा जति सुपरिचित छन् त्यत्तिकै उनी नेपाली साहित्यका सेवा र संवर्द्धनका क्षेत्रमा समेत वैयक्तिक तथा संस्थागत दुवै रूपमा दिएका आफ्ना उपर्युक्त बहुमुखी प्रकृतिका महत्त्वपूर्ण योगदानका माध्यमबाट विशेष प्रतिष्ठाप्राप्त तथा अति कर्मठ र समर्पित व्यक्तित्वका धनी विशिष्ट साहित्यिक प्रवर्द्धकसमेत मानिन्छन् । यिनै सन्दर्भमा उनलाई साहित्यक्षेत्रमा मोतीराम भट्टका समयुगीन नयाँ अवतार पनि भन्ने गरिएको पाइन्छ । त्यसो त साहित्यकार नरेन्द्रराज प्रसाई २०४८ सालमा युवावर्ष मोती पुरस्कारबाट सम्मानित तथा पुरस्कृत पनि भएका हुन् ।

यति साहित्यिक इतिवृत्तिपछि अब यो चर्चा नरेन्द्रराज प्रसाईको प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' नामक मातृ संस्मरणात्मक जीवनीकृतिकै मूल प्रसङ्गतर्फ उन्मुख हुनेछ– प्रथमत: उनका समष्टि जीवनीकारिताको सङ्क्षिप्त आकलन गर्दै ।

वि.सं. २०४१ बाट सुरु भएको सार्वजनिक महत्त्वको लेखनयात्राअन्तर्गत स्रष्टा नरेन्द्रराज प्रसाईको फन्डै साढे तीन दशक (पैँतीस वर्षजति) समयको अद्यावधिक जीवनीविधागत यात्रामा पहिले त उनले 'अठतिस अनौठा अनुहारहरू' (वि.सं. २०४१) जस्ता उनलाई परिचेय महत्त्वका लागेका विविध सार्वजनिक क्षेत्रका व्यक्ति वा व्यक्तित्वहरूका छोटाछोटा जीवनीहरूको सङ्ग्रहलाई पुस्तकीय आकृति दिन सुरु गर्दै 'नेपाली भाषाका प्रमुख समालोचकहरू' (२०५४) सम्म आइपुगे भने 'पारिजातको जीवनकथा' (वि.सं. २०५७) देखि चाहिँ उनी फुटकर जीवनीहरूको सङ्ग्रहभन्दा विशिष्ट व्यक्तिविशेषका बारेका शोधखोजपूर्ण र सुललित सृजनात्मक संस्पर्श भएका विस्तृत जीवनीग्रन्थतर्फ विशेष उन्मुख भई क्रमश: अगि बढे र 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) जस्तो शोधपरक र साहित्यिक

सिर्जनाऊर्जाको सहसङ्गमी मानक नेपाली जीवनीग्रन्थको सिर्जन गर्न समर्थ हुन पुगे । उनले यी दुवै थरी फुटकर र प्रबन्धाकार वा पुस्तकाकार एकल जीवनीकृतिका ढाँचामा सबै मिलाई तीन सयभन्दा धेरै उल्लेख्य नेपाली नरनारी व्यक्तित्वका सूचनामूलक र सरस जीवनीकृति प्रकाशित गरिसकेका छन् भने यस परिवृत्तमा उनका नेपाली सङ्गीत र राजनीतिका क्षेत्रका कतिपय दिग्गज व्यक्तिको र विशेष गरी सुप्रसिद्ध नेपाली साहित्यकारका एक दर्जनभन्दा बढी शोधोन्मुख र साहित्यसिर्जनका शक्तिले संसिक्त एकल विस्तृत जीवनीग्रन्थ प्रकाशित हुन पुगेका छन् ।

## नरेन्द्रराज प्रसाईको 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीकृतितर्फ

यतिखेर जीवनीकार नरेन्द्रराज प्रसाई निजात्मक तर सृजनात्मक जीवनीफाँटकै एक त्यस्तो नवागत वा नयाँ पुस्तकाकार कृति लिएर नेपाली साहित्यजगत्मा गहकिलो ढङ्गले सार्वजनिक भइरहेछन् जसको विषयवृत्त भन्नु पुगनपुग आठ वर्षजति अगि त्रियानब्बे वर्षका वयमा दिवङ्गत भएकी उनकी आफ्नै जन्मदात्री आमा भागीरथा प्रसाईको तथ्यपूर्ण जीवनवृत्त नै मुख्यत: हो र तदनुरूप नै तर अलिकति आन्तरिक मातृश्रद्धाद्वारा प्लावित पनि भई उनीद्वारा प्रस्तुत जीवनीकृतिको नाम भावनात्मक रूपमै अङ्कित वा शीर्षकित हुन पुगेको छँदै छ– 'मेरी आमा भागीरथा प्रसाई' (२०७६) ।

यही 'मेरी आमा भागीरथा प्रसाई' शीर्षकित नरेन्द्रीय मातृजीवनी कृतिको चारपाँच पटकका पूर्ण र आंशिक पठन र मननका क्रममा मैले सारभूत रूपमा जुन सूचना र जानकारी अनि अनुभव र अनुभूति प्राप्त गरेँ तिनैका परिवृत्तमा म अब मेरा समीक्षात्मक अभिमतका अभिव्यक्तिका डोरेटातर्फ प्रवेश गर्दै छु ।

यो 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीमूलक रचना जीवनीस्रष्टा नरेन्द्रराज प्रसाईद्वारा हालसम्म रचित चौथाइ शतक सङ्ख्याभन्दा बढीका जीवनीग्रन्थहरूको महालस्करको प्रकाशनोन्मुख छब्बिसौँ जीवनीग्रन्थ हो । उनले आफ्नी प्रिय जननीको मृत्युको अतलस्पर्शी महाशोकज्वार केही वर्ष (सात वर्ष) जतिमा केही मत्थर भइसकेपछि सम्भीसम्भी मूलतः आफ्नी जन्मदात्री आमाका नेपाली सामाजिक परिवेशका त्रियानब्बेबर्से जीवनयात्राका सङ्घर्षक्रमसँगै नारी भई जन्मिनु र जिउनुको तीव्र जिजीविषापूर्ण एवं समविषम मोडप्रतिमोड हुँदै वार्धक्यमा समेत प्राय पीडापरिताप एवं परिमित खुसीबीच जीवनवरण गर्नुपर्ने अनि आखिर संसारसँगको महाबिदाइ तथा नश्वर देहको महाविश्रामको बिन्दुसम्म थोरधेर आत्मविस्मरणसहित पुग्नुपर्ने प्राय सत्य शाश्वत कथाको एक मानव करुणमर्मस्पर्शी संस्मरणात्मक सङ्कथन प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीग्रन्थमा कुशलतापूर्वक गरेका छन् ।

सिद्धहस्त सुप्रसिद्ध जीवनीकार नरेन्द्रराज प्रसाई यहाँ वा यतिखेर आफ्नै दिवङ्गत आमा भागीरथा प्रसाईको स्वयम् कथामय यथार्थ जीवनको पुण्यस्मरण गर्दै आफ्ना अपरिमेय मातृममता तथा शोकोद्गारका भावज्वारका किनारैकिनार अन्तर्यात्रा गरी यो संस्मरणात्मक जीवनीकृति प्रस्तुत गर्दै छन् । त्यसैले एकातर्फ त्यही मातृममता र मातृशोकका चापप्रतिचाप अनि अर्कातर्फ आफ्नै पुर्ख्यौली परिवृत्त र पारिवारिक समविषम सम्बन्ध र तिनका उचारचढाव अनि सम्बन्धित विविध स्थानगत र समयगत परिवेश र तिनका गतिमय परिवर्तनक्रमका प्रभावप्रतिप्रभावको सेरोफेरो अनि सँगसँगैजसो स्रष्टा व्यक्ति नरेन्द्रराज प्रसाईका आफ्नै संस्मृति र जानकारीको अनि रुचिअरुचिको र रागप्रतिरागको परिवृत्त र आफ्ना विशेष दृष्टिकोण तथा दृष्टिबिन्दुका परिमितिभित्र यो 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीग्रन्थ रचिनु र तिनको प्रतिच्छाया

वा प्रभाव यहाँ सृजनात्मक तलमा अन्तर्निहित रहनु स्वाभाविकै हो । त्यसैले नरेन्द्रराज प्रसाईका अरू जीवनीकृतिमा मुख्यत: भेटिने जीवनीगत शोध वा सोधखोजका कौतुक तत्त्वका सट्टा प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' भन्ने नरेन्द्रीय मातृजीवनीस्वरूप यस संस्मरणकृतिमा नरेन्द्रीय आत्मसंस्मरण र आत्मदृष्टिबिन्दुअन्तर्गतको विविध घटनागत र चारित्रिक अन्तर्क्रियाका परिवृत्तमा समेटिएका र उनकी आमाका जीवनभोगाइसँग सापेक्षित जुन सत्यकथा प्रस्तुत भएको छ त्यसै सन्दर्भमा कृतिगत पठनयात्रा गर्दै रुचिशील पाठक वा भावकले यहाँ अन्तर्निहित सृजनात्मक जीवनीतत्त्वको सकुतूहल भावकीय आस्वादन गर्नु उपयुक्त हुने विश्वास म राख्दछु ।

## कृतिगत मूल संरचना : सङ्कथन ढाँचा र कथ्यवृत्त

अब यहाँ प्रथमत: नरेन्द्रराज प्रसाईको प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' नामक मातृजीवनीकृतिका कृतिगत मूल संरचना, परिच्छेदयोजना वा अध्यायविभाजनलगायत सङ्कथन ढाँचा र कथनपद्धतिका एवं दृष्टिबिन्दु आदिबारेमा सङ्क्षेपमा थोरै चर्चा गरौँ ।

नरेन्द्रराज प्रसाईकृत यो मातृजीवनीकृतिको मूल पाठ मूलत: यी निम्नलिखितअनुसारका परिच्छेद वा अध्यायमा क्रमश: बाँडिई, जोडिई, उनिएको र बुनिएको छ– १. मेरा बुबाआमाको जन्म र पेटविवाह, २. मेरा बाजेबाबुको कथा, ३. मेरा बुबाआमाका सन्तान, ४. मेरी आमाको जनसेवा र कष्ट, ५. मेरी आमाकी सौता, ६. मेरी आमाको दुर्घटना र मेरो जन्म, ७. मेरी आमाको बास र उठीबास, ८. मेरी आमाको बिजोक, ९. मेरी आमा र इन्दिराको अन्तरसम्बन्ध, १०. मेरी आमाप्रति कञ्चनजङ्घाको समर्पण र ११. मेरी आमाको अन्तिम चोला । यसपछि शोधखोजपरक जीवनीलेखनीकै विशेष लेखनको अभ्यासवश यहाँ परिमित सन्दर्भस्रोतसमेत खुलाइएको छ । यहाँ यस मातृजीवनीकृतिका कृतिगत प्रवेशद्वार वा मूल दैलामा 'मेरी आमा र म' भनिएको त्यो 'लेखकीय' आमुख उभिएको छ जुन

जीवनीकारको सात वर्षजति पहिले दिवङ्गता आफ्नी आमा भागीरथाप्रतिको हार्दिक अपार स्नेहश्रद्धाको र हाहाकारपूर्ण अन्तर्रोदनको पुटपाकमय अन्तर्दमित सघन शोकज्वालाज्वारको शब्दमय रूपसंरचनामा रूपान्तरित अभ्यन्तर अश्रुमय उद्‌गारणकै विशेष मार्मिक भावप्रवण अंश प्रतीत हुन्छ । यस आमुख र खास गरी यस मातृजीवनीकृतिको 'मेरी आमाको अन्तिम चोला' भन्ने अन्तिम तथा एघारौँ परिच्छेदद्वारा सम्पुटित भएको प्रस्तुत जीवनीकृतिको कृतिगत अन्त:संरचना र अन्त:कारुणिक भावविधानका परिपाकका मूल ऊर्जाबाट यो जीवनीकृति गद्यात्मक तथा जीवनीपरक एवं संस्मरणात्मक बान्कीको अनि सुकुमार एवं सुललित रुचिर मध्यशैलीबद्ध शक्तिशाली मातृशोककाव्य जस्तो पनि लाग्दछ । आफ्ना मनमा अझै अन्तर्व्याप्त सघन शोकलहरीबीच तैरँदै आफ्ना मुख्यत: प्रथम पुरुषात्मक तथा संस्मरणमूलक दृष्टिबिन्दुबाट (र ठाउँठाउँमा तृतीयपुरुषात्मक दृष्टिबिन्दु पनि पर्याप्त मिसाई) आफ्ना पुर्ख्यौली इतिवृत्त (उपर्युक्त परिच्छेद : १-२) सहित आफ्नी आमाको त्रियानब्बेबर्से सत्य साँचो जीवनभोगाइको अन्तर्विपुल कथाकथन पर्याप्त प्रभावकारी रूपमा यहाँ गरिएको छ र सम्बन्धित दुई सयजति र प्रत्यक्ष तथा विशेष सम्बन्धित तीन दर्जनभन्दा बढी मानवपात्र वा विशेष सम्बन्धका व्यक्तिको चरित्ररेखाङ्कन पनि वंशविस्तारका वर्णनका क्रममा अलि सपाट रहे पनि विशेष पात्रका चित्रणमा भने अन्तर्बाह्य विशिष्ट चारित्रिक गोलाइले युक्त भेटिने गर्दछ जुन प्राय मानवीय समाज यथार्थस्पर्शी र मनोविश्लेषणात्मक कसीमा खरो उत्रिने गरी रुचिर तथा पाठकक्य चिन्ताकर्षक नै छ । स्थानकालका विस्तारका सामाजिक परिवेशगत अनेक दृश्यान्तरणका बीच ठामठाममा पात्रगत संवाद र पात्रीय आत्मालापको प्राय मध्यदृष्टिबिन्दुलाई पनि प्रशस्त प्रवेश गराई अन्तर्नाटकीकरण गर्दै ८४-८५ पृष्ठका परिमित शाब्दिक कलेवर र ढाँचामा अनि उपर्युक्त (११+१) अन्तर्बाह्य परिच्छेदका सम्पुटनमा विस्तृत पाँचपुस्ते

जीवनकथा समेट्ने वाग्विस्तारमा आफ्नी आमाको प्रस्तुत झन्डै पुगनपुग वर्ष शतकीय जीवनीगाथाका आख्यान वा महाकथालाई सहज, सरल, जीवन्त र मर्मस्पर्शी ढङ्गले भन्ने, कहने या आफ्नै शैलीसिद्ध वा शैलीकृत विशिष्ट वर्णनशक्ति तथा कुशल सूक्ष्माख्यानको कथनको विशेष सामर्थ्यसहित साहित्यिक जीवनीविधागत एक सरस, रोचक र उत्कृष्ट एवं मानस्तरीय मातृजीवनीकृतिका रूपमा परिणत गर्ने यो नरेन्द्री जीवनीलेखनकला एक बेजोडको कृतिसृजन ठहरिन पुग्दछ ।

यहाँ जीवनीकारले जे जति भन्न चाहेका छन् र भ्याएका छन् अनि जे जो भन्न रुचाएका छन् वा छैनन् त्योचाहिँ जीवनकारको लेखकीय चयनस्वतन्त्रताको विषय हो भनी बुझ्दा हुने देखिन्छ । साथै यहाँ आफ्नी आमालाई मुख्य कथ्य विषयकेन्द्र र मूल तथा केन्द्रीय प्रमुख पात्र बनाई प्रस्तुत मातृजीवनीका रचनाकार नरेन्द्रले विस्तृत स्थान, समय र मानवजीवन एवं मानवसम्बन्धका बहुआयामिक घामछायाको जेजस्तो समविषम भावप्रतिच्छविलाई चित्रित गरेका छन् त्यो नरेन्द्रीय आत्मअनुभूतिपरक कोण र उनले सुनेका अनुश्रुति र पाएका जानकारी एवं उनका सोच र मूल्याङ्कनमा आधारित भएर पनि त्यस परिधिमा मानवसम्बन्धका र मनुष्यचरित्रका बहुकोणीय अनेक अन्तर्जटिलता उद्घाटित हुन पुगी अनि यो वा त्यो नैतिक वृत्तिप्रवृत्तिका ती अनेक पात्र आफ्ना चरित्रका पत्रैपत्रे अन्तर्तहसहित प्रस्तुत जीवनीकृतिगत साहित्यिक कलात्मक दर्पणमा आआफ्ना चारित्रिक समविषम बिम्बमा अजर र चिरस्मरणीयसमेत हुन पुगेका छन् । प्रस्तुत नरेन्द्री मातृजीवनीकृतिको मूल मर्म भने समुच्चा मातृजीवनयात्राका प्रत्येक चरणका नारीपरक मानवीय पीडा र सन्त्रासको अन्वाख्यानसँगैको मातृममताश्रद्धाको स्नेहकरुणार्द्र उद्गीति नै मुख्यत: हुँदै हो र यस कृतिको मूल निहितार्थ तथा सन्देशको मुख्य इङ्गित पनि त्यतैतर्फ छ ।

उहिलेको पूर्व ५ नम्बर भने पनि हुने मुख्यत: पूर्वी पहाडी मध्यक्षेत्र, माईमेची गुन्जित रहेको पूर्वी मधेस सिमानाको झापा अनि सदर राजधानी काठमाडौंसमेतको र अलिकति भारत र थोरै संयुक्तराज्य अमेरिका स्थानविशेषबीच रहेको बहुल भूगोलपरिपार्श्व र नेपालको उत्तरार्ध राणाशासनकालदेखि २००७ सालका र अरू ऐतिहासिक सङ्क्रमणका क्रममा गणतन्त्रकालसम्मलाई छुने पूर्वापर युगप्रतियुगका झन्डै एक शताब्दीजतिको परिवर्ती प्रबल समयगत झड्काप्रतिझड्काबीचको नेपाली सामाजिक जीवनप्रवाहलाई स्पन्दित तथा प्रतिस्पन्दित गर्ने जुन सामाजिक एवं विशेषत: नारीकेन्द्री तथा मातृश्रद्धाकेन्द्री (एवं पारिवारिक परिपार्श्वीयता पनि भएको) जीवनीपरक, संस्मरणात्मक अनि नरेन्द्रीकृत सुरुचिर र मर्मस्पर्शी अनि पठनीय नेपाली गद्यगाथा यहाँ जसरी चित्रित र रूपाकृत भएको छ त्यो समाजशास्त्रीय र साहित्यिक दोहोरो महत्त्व भएको नरेन्द्रीय उत्कृष्ट वाङ्मयिक प्रदान हुन पुगेको छँदै छ ।

यहाँ विभिन्न मानवीय सम्बन्धप्रतिसम्बन्ध र वृत्तिप्रवृत्ति एवं व्यवहार तथा मनोवृत्तितर्फ स्थूल र सूक्ष्म दुवै प्रकारले मिश्रित इङ्गित गर्दै र थोरै स्मितव्यङ्ग्यगर्भित परिहास र अन्तर्विनोद तथा आक्षेपिका मुद्रामा अनि अलि विशेष प्रशंसापरक भावभङ्गिमामा पनि यस जीवनीकृतिमा कतिपय चर्चित वा रेखित मानवपात्रका रेखाचरित्र चित्रित हुन पुगेका छन् र ती ज्यादाजसो पाठकीय सम्झनामा रहिरहने गरी प्राय जीवन्त, मर्मस्पर्शी र स्मरणीय हुन पुगेका छन् । यहाँ निबन्धकार, जीवनीकार नरेन्द्रको स्मित हास्य र सूक्ष्म व्यङ्ग्यविनोद अनि अन्तर्वेधी आक्षेपिकासमेत अन्तर्निहित रहने प्रभावकारी अन्तर्मिश्रित सङ्कथनमुद्रा र भावभङ्गिमामा मानवीय घटना, परिस्थिति र चरित्रलाई रोचक रूपाकृति दिने नरेन्द्रीय अलि भावुक किसिमको विशिष्ट गद्यात्मक सङ्कथनशैली प्राय: मार्मिक ढङ्गले नै प्रस्तुत जीवनीकृतिगत सन्दर्भमा पनि प्रयुक्त भएको छ । यताबाट पनि

मानवीय मन सामाजिक समविषम नानाथरी वृत्तिप्रवृत्तिको समानान्तर चित्रारेख प्रचुर रूपमा रहेको नेपाली स्पृहणीय जीवनीकृतिको हैसियत प्रस्तुत नरेन्द्रीय मातृजीवनीकृतिलाई दिई विशेष पठनीय तुल्याउनसमेत उल्लेख्य ढङ्गले मद्दत पुगेको छ । यो नरेन्द्री मातृजीवनीकृति जीवनको नैसर्गिक प्रयोगशालाको र प्रायोगिक पाठशालाको सृजनशक्तिमार्फत आख्यानिक अन्तर्रेखामय जीवनसत्यको प्रभावकारी दिग्दर्शन दिने एक मर्मस्पर्शी जीवनचित्रशालाका रूपमा पनि पर्याप्त स्मरणीय छँदै छ ।

## जीवनीकृतिगत तथा समाजशास्त्रीय साहित्यमूल्यको दोहोरो परिसन्दर्भ :

नरेन्द्रराज प्रसाईकृत 'मेरी आमा भागीरथा प्रसाई' नामक प्रस्तुत जीवनीकृतिका सम्बन्धमा मेरा समीक्षात्मक विवेचनाका साथै अभिमत व्यक्त गर्ने क्रममा यहाँसम्मका विस्तृत विश्लेषण र सम्बन्धित कृतिउद्धरणका परिप्रेक्ष्यमा अब परिशेषमा निष्कर्षगत रूपमा थप भन्नुपर्ने थोरै प्रसङ्ग मात्रै बाँकी रहे । अब मेरा शेष समीक्षात्मक अभिमत जाहेर वा प्रस्तुत गर्ने क्रममा प्रथमतः प्रस्तुत जीवनीकृतिगत भूसमाजशास्त्रीय कतिपय युगीन सन्दर्भका विशेष इङ्गितकै बारेमा कुरा गरौँ । यो नरेन्द्रकृत मातृजीवनीकृति मोटामोटीमा र मूलतः नेपाली पहाडी खस बाहुन समुदायको करिब त्यस्तो वंशगाथा र सामाजिकी तथा पारिवारिकीको संस्मरणात्मक तथा जीवनीगत अन्तर्ढांचामा गरिएको साहित्यपरक मर्मस्पर्शी वृतान्तकथन हुन पुगेको छ जुन सामाजिक एवं पारिवारिक तथा नरनारीगत भौतिकीय र आर्थिक सम्बन्धप्रतिसम्बन्ध एवं तिनले सिर्जेका मनोग्रन्थिहरूका बीच अनि २०२० सालदेखि भूमिसुधार लागू भएको कार्यक्रमका पूर्वापर परिप्रेक्ष्यमा भएको भूसम्पत्तिको हदबन्दीले ल्याएको र जोताहाको मोहीहक र ऋण निश्चित कार्यक्रम आदिले अरू जटिल तुल्याएको आर्थिक उथलपुथलबीच एउटी एकल

विधवा आमाको नेतृत्वको पारिवारिक ग्रामीण कृषिअर्थतन्त्रको सङ्घर्षपूर्ण अवरोहणशील जीवनयात्रातर्फ उन्मुख आर्थिक तथा सामाजिक ह्रासका क्रमका बीचको लगभग पाँचपुस्ते पूर्वापर जीवनक्रमका लगभग तीनपुस्ते समयसूत्रमा उनिएको छ ।

साथै यहाँ मुख्यत: प्रस्तुत जीवनीकृतिगत समयमोड र स्थानीय भूपरिमितिमा नेपालका पूर्वी पहाडका कोसी, मेची भूक्षेत्रीय सन्दर्भमा ताप्लेजुङ हाङपाङका स्थानीय परिवेशका बीच पुरुषप्रधान र कृषिप्रधान भूसामन्तीय र जोताहा मोही किसानका बीचको भर्खर थालिँदो उद्वेगपूर्ण ग्रामीण परिपार्श्वबीच आधाजसो र त्यसपछि तल मधेसका झापा 'शनिश्चरे सालबारीका र त्यस वरपरका त्यहाँको पहाडी (र मधेसी आदिसमेत) मिश्रित भएको अनि मुख्यत: मातृप्रधान परिवारकी मूली आमा र कमाइ आफ्नै खुट्टामा नउभिएका छोरालाई सहमतिपूर्वक अंश छुट्टाई अनि पढेर आफैँ कमाउने खुबी र हुती भएका सन्तानले पैतृक अंश नलिई सिर्जिइएको एक प्रकारको पारिवारिक सद्भावपूर्ण उत्कर्षमा पूवार्ध घटनाक्रम पुगेको छ ।

उपर्युक्त क्रममा नेपाली पहाडी खस आर्य समाजको जीवनयात्राक्रमको सामन्ती पहाडी र मधेसी समाजको सन्दर्भको २००७ सालको क्रान्तिको समयरेखाअगिको र त्यसपछिको शिक्षा प्राप्त गरी जागिर खाने अवसरले अनि कृषिअर्थतन्त्रमा २०२० सालतिरदेखि भूमिसुधार कार्यक्रमले ल्याएको भूमिहदबन्दी र मोहियानीको पनि धेरथोर असरले उथलपूर्ण रहेको एवं २०१६ सालतिरदेखिको औलोउन्मूलनको कार्यक्रमको सकारात्मक प्रभावस्वरूप मधेसका फराक जमिनका आवादी र नयाँ खेतीको अवसरले ल्याएको सकारात्मक पर्यावरणमा यहाँ संयुक्त परिवारको टुटाइ र आबद्ध संयुक्त परिवार टुट्दो चापप्रतिचापका भूमिसुधारजन्य रस्साकस्सी तथा सक्षमको सक्दो हड्पाइ र कमजोरको भूवञ्चितीकरणका बीच सहज रूपमा पारिवारिक अंशबन्डा पनि

सम्पन्न हुनु अर्थपूर्ण ठहरिन्छ ।

तर उपर्युक्त सन्दर्भमा यहाँ नेपालको सामाजिक र पारिवारिक व्यवस्थामा संयुक्त परिवारलाई टुटाई जग्गाजमिनलगायत पैतृक सम्पत्ति उमेर पुगेका एकल परिवारका बीच अंश बाँड्नुपर्ने अवधारणाअनुरूप अंशियारहरूका नाउँमा अंशबन्डा गर्नुपर्ने नयाँ कानुनी प्रावधान र अंशबन्डाजन्य पारिवारिक मनमुटाव र न्यायोचित सहज वितरण हुन नसक्दाका बखेडा एवं परिवारविग्रहको स्थिति आइपर्नुको आफ्नै व्यावहारिक कथाव्यथा छँदै छ ।

प्रस्तुत जीवनीकृतिका सन्दर्भमा जयप्रसाद प्रसाईको मृत्यु, अंशबन्डा र भूमिसुधारका झोजले ओरालो लागेको भागीरथा प्रसाईको वञ्चितीकृत पारिवारिक जीवनयात्रा तथा झापातर्फको प्रवेश र त्यहाँको कृषिका सङ्घर्षसाथ सफलता र आखिर मेलमिलापपूर्ण अंशबन्डाबाट परिवारकथा फेरि उत्कर्षका दिशातर्फ फर्किएको पनि हो । तर त्यसपछि निरक्षर आमाको अंशभाग र गहनागुरिया कान्छा छोराबुहारीले झुक्क्याई हात पारेपछि र अकिञ्चन बेसहाराजस्ती वृद्धा आमाका जीवन या स्वास्थ्यमा चर्को जटिलता देखा परेपछि चाहिँ यहाँ अनपेक्षित पुस्ताद्वन्द्व घनीभूत हुन पुगेको निकै त्रासद र करुण जीवनीगत परिप्रेक्ष्य देखा पर्छ जुन यहाँ मूल जीवनीकृतिगत केन्द्रीय पात्र आमा भागीरथा प्रसाई (पुस्ता तेस्रो) को मातृभक्त छोराबुहारी, छोरी, नाति आदि (चौथो-पाँचौँ पुस्ता) को सेवाभावपूर्वक हुँदो जटिल उपचारप्रक्रिया अन्ततः भागीरथाका मृत्युबिन्दुमा पुगी टुङ्गिएपछि उनको अन्त्येष्टि, क्रियाकर्म, बर्खी र शुद्धीकरण तथा मातृश्रद्धाका अभिव्यक्तिको विविध प्रसङ्ग हुँदै यो जीवनीकृति परिणामी कृतिगत पर्यवसान र टुङ्गोतर्फ उन्मुख हुन्छ । यहाँ पुर्ख्यौलीगत दुई पुस्तापछिको तेस्रो पुस्ताको विशेष सङ्घर्षपूर्ण यात्राको पर्यवसान र चौथो पुस्ताले गरेको जन्मदाताजन्मदात्री तेस्रो पुस्ताकी नारीप्रतिका अनुकूल र प्रतिकूल दुवै थरी व्यवहारको न्यायमीमांसासँगै अर्को अग्रपुस्ता (पाँचौँ

पुस्ता) को आफ्नो लहरको समेत सुरु सक्रियतातर्फ यहाँ पुस्ताक्रम उन्मुख छ । यहाँ पहाड मधेसमा भूसामन्त वर्गको स्खलन तथा लेखपढ गरी अधिकतर जागिरजीवी हुँदो मध्यवर्गका निम्न, उच्चमध्य र उच्च उपश्रेणीका बीच आरोहअवरोह चल्दो र प्राय: कृषिजीवी संयुक्त परिवार विघटित हुँदै एकल नाभिकीय हुन थाल्दो निम्न वा मध्यवर्गीय नवउपश्रेणी फैलिँदो र निम्न वर्गको भूसम्पत्तिपरक मोहीहकतर्फको जागृति थोरै मात्र सलबलाउँदो ढङ्गले खजमजपूर्ण र भूखण्डीकरण र कृषिइतर पेसान्तरण चलमलाउँदो भूअर्थराजनैतिक सङ्क्रमणशील परिदृश्य देखिन आउँछ ।

नेपाली परम्परागत समाजसन्दर्भमा भागीरथा प्रसाईका वि.सं. १९७५-२०६८ सालका बीचका उपर्युक्त त्रियानब्बेबर्से जीवनयात्रा परिप्रेक्ष्यमा नारीस्वतन्त्रतासम्बन्धी स्थिति जैविक उमेरका दृष्टिले प्रथमत: बाल्यकैशोर कालमा पूरै परायत्त जस्तै देखा पर्छ; उनी आमाका गर्भमा रहँदै बाबुद्वारा उनको बिहेको वाग्दान हुनु र सात वर्षका उमेरमा घाँघरका सट्टा गुन्यूचोली पहिरी बिहे नै हुनु अनि केही वर्ष मैतालु रही तेह्र वर्षका उमेरमा 'सके घर गरी खानू नसके माइत नफर्कनू वा तमोरमा हामफाल्नू' भने जस्ता आशयका लोकोक्तिहरूमा भनिएजस्तै किसिमका परिवेशगत बाध्यताबीच कर्मघर हुन पुगेको पतिघर पठाइनु अनि सासूका कडा बुहार्तनसहित सामन्ती प्रकारको नारीघरगृहस्थीको कडा भार सकीनसकी बोक्न सुरु गर्नु जस्ता घटनासिलसिलाबाट यस कुराको पुष्टि हुन्छ । त्यस्तै भागीरथा प्रसाईको उत्तरवर्ती र चौवालिस वर्ष उमेरसम्मको सधवा जीवनकाल एकातर्फ घरायसी धन्दाको बोझ तथा भारी बोक्नेलगायत निरन्तर श्रमपूर्ण काम र अर्कातर्फ उल्टो सौता बेहोर्नुपर्ने नियतिबीच सन्तान जन्माई तिनको लालनपालन र तिनको पढाइको अभिभारा पनि वहन गर्दै बितेको छ र जैविक यौवनावस्थामा पनि उनको जीवन प्राय परतन्त्र नै छ । बरु पतिले घरव्यवहार हेर्न छोड्दा अरू

व्यवहार बोझ बढेको पनि छ । तर चवालिस वर्षको उमेरको वैधव्यजीवनकालका सुरुदेखि नै संयुक्त परिवारभित्रका स्वार्थप्रेरित कतिपय पारिवारिक विग्रह र टाठा र बलबुता हुनेले आफ्ना नाउँमा भूसम्पत्तिलगायत धनसम्पत्ति सक्दो हडप्ने होडमा विधवा नानाभुनाको हक प्राय मरी हुन पुगेको भूमिसुधारको प्रारम्भकालीन घरेलु आर्थिक उथलपुथलका कारणले ठूलै आर्थिक अभाव र विपन्नता अनुभव गर्न परेपछि भने मुख्यत: उनैले निर्णायक निर्णय लिइन् पहाडको जो बचेकोमध्ये केही जग्गाजमिन गरगहना बेच्दै मधेस झापातिर जमिन जोर्दै क्रमश: बसाइँ सर्ने । जति दु:खकष्ट र सङ्घर्ष गर्नुपरे पनि जिउँदीजाग्दी महिलाका रूपमा उनी झापा, शनिश्चरे, सालबारीका घर, खेती र बागवानीको भरपर्दो बन्दोबस्त मिलाउन सफल भइन् । यस सन्दर्भमा उनी पौरखिली र उदाहरणीया एकल नेपाली महिलाका रूपमा प्रकट भइन् । उनले पढीलेखी आफ्ना खुट्टामा उभिएका र उभिन आँट गर्ने छोराहरूका उपलब्धिमा सन्तोष मान्दै अरू छोरा र आफ्ना भाग सम्पत्ति छुट्टचाई एक्लैले आमाबाबु दुवैको सफल अभिभावकीय भूमिका पूरा गरिन्– बैसट्ठी वर्षका उमेरतिरसम्म । उनको जीवनयात्राको पैतालिस-बैसट्ठी वर्षजतिको यो सङ्घर्षी अवधि गौरवपूर्ण देखिन्छ र प्रतिकूल एवं विपरीत परिस्थितिबीच यस जीवनचरणमा उनी एकल महिला भएर पनि घरव्यवहार र गृहस्थीको पूर्ण सफल सञ्चालन र नेतृत्व गर्ने महीयसी आमाका भूमिकामा प्रकट भएको पाइन्छ । यसपछि उनले शान्तिखुसीपूर्वक बिताउन पाउनुपर्ने शान्त सान्ध्य गोधूलि जीवनमा पूर्वोक्त पारिवारिक जुन प्रतिकूलता बेहोर्नुपर्‍यो र असी वर्षपछिका जराजर्जर र बहुरोगार्त जीवनमा उनको सर्वाधिप्रिय प्रिय कर्मथलो झापा छाड्न उनी बाध्य हुनुपर्‍यो, त्यस सन्दर्भमा चरम वृद्धावस्थामा नारी पुन: अस्वतन्त्र हुन पुगेको करुण परिस्थिति देखा पर्न आयो । निश्चय नै काठमाडौँका नइगृहमा उनको सेवासुसार र उपचार श्रद्धास्नेहपूर्वक जो भयो त्यसबाट उनको आहत चरम वृद्धावस्थाले अवश्य नै त्राण पायो ।

उपर्युक्त परिप्रेक्ष्यमा भागीरथा प्रसाईको लामो त्रियानब्बेबर्से जीवनयात्राका सन्दर्भमा एकातर्फ परम्परागत रूपमा बाल्य, युवावस्था र वार्धक्यमा पनि नेपाली नारी प्राय पुरुषपरतन्त्र रहन परेको अनि बालक हुँदा बाबुको, बैँसमा पति र सासूको अनि बुढचौलीमा अविवेकी छोराका परतन्त्रतामा परेको देखिए पनि उनको वैधव्योत्तर एकल जीवनको ऊपाको अध्यायको प्राय सुखद मध्य अंशले चाहिँ सङ्घर्षयात्राबीचकी जिउँदीजाग्दी र सफल एक नेपाली आमाको विशिष्ट पारिवारिक नेतृत्वक्षमताको उच्च साक्ष्य प्रदान गरेको छँदै छ ।

समष्टिमा भागीरथा प्रसाईको समुच्चा त्रियानब्बेबर्से जीवनयात्राका सन्दर्भमा उनी एक जीवन्त र सफल नेपाली आइमाई अनि त्यस्ती महिमामयी र महीयसी नेपाली आमाका रूपमा झल्किन्छिन् जसलाई नेपाल आमाकै दिव्य प्रतिमूर्तिका रूपमा सम्झिन र श्रद्धापूर्वक वन्दना गर्नु उचित हुन्छ । सिद्धहस्त जीवनीकार नरेन्द्रराज प्रसाईकृत 'मेरी आमा भागीरथा प्रसाई' जीवनीकृतिले निश्चय नै मर्त्य मानवी भागीरथालाई जीवनीसाहित्यका स्तरमा अक्षर वाङ्मयी मूर्तिमा सदा स्थायी हुने गरी खोपी, सिल्पिई, सजाई प्रतिष्ठित तुल्याइदिएको छ अनि साझा 'नेपाली आमा' कै श्रद्धेय प्रतिनिधि बिम्बमा सशक्त ढङ्गले रूपाङ्कित पनि गरिदिएको छ ।

नेपाली समाजमा प्राय सबैको कान्छो छोरो (र कान्छी बुहारी) विशेष निकट र प्रिय हुने अनि अलिक विशेष काखिने र त्यसैले पुलपुलिने गरेको पनि पाइन्छ । त्यसमा पनि खास अवस्थामा चाहिँ अरू सन्तानका तुलनामा कान्छाहरू शिक्षादीक्षा र आफ्ना खुट्टामा उभिने सङ्घर्ष र प्रतिस्पर्धामा खट्ने, लाग्ने सन्दर्भमा भन्दा आमाबाबुका विशेष कखाइ र तिनका कान्छामोहबाट सहज प्राप्य पैतृक सम्पत्तिबाट नै बढी लाभान्वित हुने चाखतर्फ विशेष आकर्षित हुनेसमेत गर्दछन् । यस क्रममा कतिपय विशेष वृद्ध आमाहरू (वा बाबुहरू) आफ्ना प्रिय

कान्छा छोरा र बुहारीका विशेष सम्पत्तिलोभबाट प्रताडित र उत्पीडित भई बेसहाराजस्तो भई पछुताउन पुग्ने परिदृश्य पनि नेपाली समाजका परिवारसंरचनामा देखिने गरेको पाइन्छ । प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीकृतिका अन्तिम र एघारौँ परिच्छेदका सुरुतिर भागीरथा प्रसाईले आफ्ना रगतपसिनाले भिजाएको घर छोड्न आफू बाध्य भएको पीडापरितापबीच 'मर्ने बेलासम्ममा मात्र मान्छे चिन्न सकिँदो रहेछ' भनी आत्मपश्चात्ताप गरेको जुन अवस्था छ त्यो नेपाली समाजका पारिवारिक संरचनामा निकैजसो वृद्ध आमा या बाबुले भोग्नुपरेको र बराबर आवृत्ति भइरहने समवेत तथा साझे पछुताउको मन:सामाजिक र चरम वार्धक्यकालीन मनोदशातर्फ तीव्र इङ्गित गर्ने खालको नै छ । यस परिप्रेक्ष्यमा भागीरथा प्रसाईको जीवनकथाको प्रतिच्छवि बढ्दो वृद्धावस्थाका आफ्नै अति प्रिय पुरुष सन्तान र बुहारीबाट अति नै उत्पीडित हुन जाने विधवा एकल नेपाली आमाको औसत जीवनको प्रतिरूपी करुण मानव मूर्तितुल्य पनि अनुभूत हुने गर्दछ ।

निष्कर्षमा नरेन्द्रराज प्रसाईको 'मेरी आमा भागीरथा प्रसाई' नामक यो संस्मरणात्मक जीवनकृति नेपाली समाजको विगत एकडेढ शताब्दीजतिको र कम्तीमा पाँचछ पुस्ताजतिको अनि ग्रामीण पूर्व पहाड र मधेस हुँदै राजधानी काठमाडौँको महानगरीय जीवनसन्दर्भलाई छुँदै समुद्रपार वर्तमान विश्वलाई पनि नेपाली नवपुस्ताका पहुँचका जराले छुँदो नेपाली सामाजिकी र पारिवारिकीको इतिवृत्तिको त्यस्तो अत्यन्त मर्मस्पर्शी सत्यकथा वा सत्याख्यान जस्तो लाग्ने रुचिर र सशक्त गद्यसाहित्यिक जीवनीपरक संस्मरणधर्मी वाङ्मयिक मर्मस्पर्शी समालेख हुन पुगेको म ठान्दछु जुन उपर्युक्त भूमिति र समयमितिको नेपाली जीवनप्रवाहको समाजशास्त्रीय सजीव प्रतिदर्पण पनि हुँदै हो । साथै वंशप्रवाही अन्तर्ढांचातर्फ पनि थोरै झुकेको प्रस्तुत नरेन्द्री मातृजीवनीकृतिको सृजनात्मक अँगालामा र

सेरोफेरोमा समेटिन पुगेको झन्डै पौने दुई सयजति व्यक्तिको जुन विपुल मानवचरित्रपुञ्जको भाषिक शैलीगत लालित्यपूर्ण साहित्यिक चरित्ररेखाको समाविष्टि यहाँ भएको छ र तीमध्येका तीन दर्जनभन्दा बढी जीवनीगत उल्लेख्य पात्रीय आरेखण यस समीक्षात्मक अभिमतका क्रममा गरिएको छ । त्यस सन्दर्भमा तीमध्ये यस जीवनीकृतिकी नायिका मूल स्त्रीपात्र भागीरथा प्रसाईलगायत यी अरू पात्रहरू पाठकीय संस्मरणमा विशेष स्मरणीय हुने गरी सापेक्षित मानवीय गोलाइपूर्वक चित्रित भएको मैले अनुभव गरेको छु– (क) नन्दमणि प्रसाई, हरिमाया, देवकला; (पुस्ता १) तथा नरध्वज प्रसाई, शिवमाया; प्रेमलाल उप्रेती (पुस्ता २); (ख) जयप्रसाद प्रसाई, भागीरथा; षडानन्द र मानबहादुर प्रसाई (पुस्ता ३); (ग) नरेन्द्रराज प्रसाई, इन्दिरा; गङ्गाराज प्रसाई, रामकुमारी; दीर्घराज प्रसाई, सानुबाबा; पद्मराज प्रसाई; विष्णुराज प्रसाई, भागीरथा; नीरा सिटौला; भरतराज प्रसाई, रूपा; लक्ष्मीप्रसाद प्रसाई (पुस्ता ४), (घ) कञ्चनजङ्घा प्रसाई ( पुस्ता ५) र (ङ) रामप्रसाद उप्रेती, वसन्त पन्त, इन्द्र खत्री, पुण्यप्रसाद कोइराला, सुमी चौधरी, देवीप्रसाद खनाल । यीमध्ये पनि प्रस्तुत मातृजीवनीकृतिका पाठकीय स्मृतिफलकमा आमा भागीरथा प्रसाईका सम्बन्धवृत्तमा चाखपूर्वक विशेष स्मरणीय हुन पुग्ने प्रमुख पात्रका रूपमा यहाँ जयप्रसाद, नरेन्द्र, इन्दिरा, कञ्चनजङ्घा प्रभृति हुन् भने अकृतज्ञी तथा तीव्र धनैषणा राख्ने प्रतिपात्रहरू गङ्गाराज प्रसाई र रामकुमारी पनि कौतुकपूर्वक स्मरणीय देखिन्छन् । यसरी मातृजीवनीकार नरेन्द्रराज प्रसाईले यहाँ आफ्नो पुर्ख्यौलीको परिमित रोचक चिनारी दिँदै मुख्यत: आमा भागीरथा प्रसाईको महाजीवनकथाको पुण्य संस्मरण गर्दै लेखेको यो जीवनीकृति 'मेरी आमा भागीरथा प्रसाई' जीवनीलेखनका क्रममा पालन गरिने जीवनभोगाइको वस्तुताको धेरै निकट स्वभावत: भएर पनि अनुभवी सिद्धहस्त जीवनीकार नरेन्द्रराज प्रसाईका जीवनीरचनाका कलाका सृजनात्मक संस्पर्शबाट

समेत यो निकै ओतप्रोत हुनु पनि उस्तै स्वाभाविक ठहर्छ भन्ने म ठान्दछु । साथै यस संस्मरणात्मक जीवनीकृतिको बहुआयामिक मूल्यवत्ताचाहिँ जीवनीपरक वस्तुगत सत्य साक्ष्य, समुच्चा रूपमा साहित्यिक सरस र मर्मस्पर्शी पठनसुख अनि कौतुकपूर्ण एवं आह्लदकारी पाठकीय परितृप्ति पर्याप्त मात्रामा दिने गद्यकलात्मक उत्कृष्ट रचनामूल्य अनि नेपाली समाजशास्त्रीय र विशेषत: नारीपरक सामाजिकी र पारिवारिकी अनि जैविकीको सशक्त अन्वाख्यानसमेतको समवेत वाङ्मयिक शक्तिपुञ्ज जुटेको जीवनीमूलक गद्यसाहित्यिक संस्मरण गरिएको नरेन्द्री रचनाको उत्कृष्ट कौशलको चिनो नै हो भन्ने म ठान्दछु । साथै यो जीवनीसंस्मरण कृति नरेन्द्रराज प्रसाईका तर्फबाट नेपाली वाग्देवीका चरणमा अर्को नवागत चिरस्मरणीय उत्कृष्ट साहित्यिक कृतिभेटी हुन पुगेको छ भन्ने पनि मेरो अभिमत छ । म वरिष्ठ नेपाली साहित्यस्रष्टा तथा कुशल जीवनीकार नरेन्द्रराज प्रसाईलाई आफ्नी महीयसी आमाको पुण्यसंस्मरणस्वरूप जीवनीगाथाका पाठकमैत्री सक्षम र समर्थ रचनाका निम्ति हार्दिक बधाई पनि दिन्छु ।

यहाँ (प्रस्तुत मातृजीवनीकृतिका परिच्छेद १ र ५ का खासखास परिसन्दर्भमा) राजनीतिज्ञ खनूप्रुदे प्रसाईले भनेझैँ भागीरथा प्रसाईले आफ्ना समष्टि जीवनका मोडप्रतिमोडबीच 'सुनसरिको सुक्ख र पित्तलसरिको दु:ख' दुवै भोगिन् भने उनले मानवजीवनलाई आदर्शका नापतौलले जाँच्ने भन्दा नेपाली साहित्यका एक वरिष्ठ समालोचक गणेशबहादुर प्रसाईले मूल्याङ्कन गरेझैँ जीवनलाई जीवनकै रूपमा ग्रहण गर्ने बृहत् चाहना राखिन् । समालोचक गणेशबहादुर प्रसाईका धारणालाई केही परिमार्जित गरी भन्दा भागीरथा प्रसाई समयसमयमा पटकपटक को कृतज्ञ र को कृतघ्न भनी चिन्दै सिंहिनीझैँ आफ्नो ज्यानले साथ दिएसम्म एक्लै पनि आफ्नो परिवारको दायित्व वहन गर्ने महीयसी

परिवारमूली नायिकाका रूपमा रहन पुगेको पाइन्छ र त्यो यस जीवनीकृतिमा अन्तर्निहित मूल सन्देशतुल्य प्रतीत हुन्छ ।

अन्त्यमा म कामना गर्दछु– यो 'मेरी आमा भागीरथा प्रसाई' जीवनीकृति रची प्रकाशित गरी जसरी जीवनीकार नरेन्द्रराज प्रसाईले आफ्नो आजन्म मातृऋणको भार र आजीवनको मातृशोकको पीडा अलि कम र केही हलुका तुल्याए त्यसरी नै र अझ बढी पनि खट्दै नेपाली वाग्देवी आमाका अक्षरसेवामा पनि उनी मातृभक्तिपूर्वक सतत साधनाशील रहिरहून् ।

# मेरी आमा भागीरथा प्रसाई
# मातृत्वको साधारणीकरण

**प्रा.राजेन्द्र सुवेदी**

नेपाली जीवनीसाहित्य लेखनका अग्रणी व्यक्तित्व नरेन्द्रराज प्रसाई निबन्ध, संस्मरण, गीत तथा कविता सिर्जनाका क्षेत्रमा निरन्तर समर्पित साधकका रूपमा परिचित छन् । परकीय जीवनी लेखनका दृष्टिले निकै लोकप्रिय बनेका प्रसाईको चार दशकभन्दा पनि लामो लेखनयात्रा गीतिसिर्जना, निबन्धसिर्जना र जीवनीसिर्जनामा विभक्त बनेको छ । गीतिरचनामा प्रणयभाव, संवेदना, निबन्धमा निजात्मक सौन्दर्ययुक्त, आत्मपरक तथा वैचारिक संवेदना र जीवनीमा औपन्यासिक आख्यानात्मक भाव संवेदना तथा समीक्षात्मक दृष्टिको समीकरण गर्ने कलामा निकै सफल बनेका प्रसाई नेपाली साहित्यमा जीवनीसिर्जनाका परिधिमा स्थापित स्रष्टा मानिन्छन् । भाषासाहित्य सेवाका संस्थागत र प्रकाशन तथा पुरस्कार, सम्मान र अभिनन्दन समर्पणको गतिविधिमा निरन्तर जीवन नै खर्च गर्ने नइ दम्पतीका 'न' अर्थात् नरेन्द्र कर्मलाई मात्र केन्द्रमा राखेर हिँड्ने व्यक्तित्व हुन् । उनैद्वारा उनकी आमाबारे लिखित जीवनीकृति 'मेरी आमा भागीरथा प्रसाई' नेपाली साहित्यका लागि थप उपलब्धि बनेको छ ।

'मेरी आमा भागीरथा प्रसाई' नरेन्द्रराज प्रसाईकी आमा केन्द्रमा रहेको जीवनवृत्तमा आधारित कृति हो । सैद्धान्तिक आधारमा जीवनी

स्वजीवन कथामा र परजीवन कथामा विभक्त हुन्छ । स्वजीवन कथामा आधारित कृति आत्मकथा, आत्मजीवनी आदि शीर्षकमा सिर्जना हुन्छ र यसमा जसको कथाले आख्यानात्मक रूप प्राप्त गर्दछ, त्यस आख्यानको भोक्ता द्रष्टा र कथयिता एउटै अथवा आफैँ व्यक्ति हुन्छ साथै यसमा प्रथम पुरुष समाख्याता रहन्छ । तर परकीय जीवनको आख्यानात्मक इतिवृत्तले सृजनात्मक रूप प्राप्त गर्दछ । त्यहाँ भोक्ता र द्रष्टा पृथक् हुन्छन् । यो परकीय जीवनको कृतित्वकरणमा निहित विषयवस्तुमा आधारित हुन्छ र यसको स्रष्टा द्रष्टाका रूपमा तटस्थ रहन्छ । यहाँ भोक्ता तृतीय पुरुष पात्रका रूपमा उपस्थित हुन्छ । भोक्ता तृतीय पुरुष पात्र रहनाले लेखक द्रष्टा बनेर तटस्थ निरीक्षण गर्न र भोक्ताको भोगको शैलीलाई आद्यन्त अवलोकन गर्न पाउँछ । परकीय जीवनीको लेखनमा तटस्थता निर्वाह गर्ने अवसर पनि सहजै प्राप्त गर्दछ ।

आत्मजीवनी र परकीय जीवनी दुवैमा पात्रको उपस्थिति, परिवेशको निर्वाह, आख्यानतन्तुको अनुस्यूतीकरण, कथोपकथनात्मकताको उपयोग दुवै किसिमका रचनामा समान स्थितिमा उपयोग हुने देखिन्छ । परकीय जीवनीमा पनि स्वजन र परजनको पात्रका आधारमा लेखनशैलीमा आग्रह आइपर्ने स्थितिको व्यापक सम्भावना रहन्छ । जीवनी लेखनको केन्द्र बनेको भोक्ता स्वजन भएमा पनि परजन भए पनि निर्वाह गर्ने अनुशासन एकै किसिमको हुनुपर्ने कुरालाई भने यहाँ भुल्न मिल्दैन । स्वजन र परजनको जीवनी लेखनमा तटस्थताको निर्वाह गर्दा आइपर्ने कठिनाइ चाहिँ के हो ? यसप्रति सचेत भएर स्वजनलाई परजनको तहमा साधारणीकरण गर्नुपर्ने हुन्छ र परजनलाई पनि स्वजनको तहमा साधारणीकरण गर्नुपर्ने हुन्छ । सवा दर्जनजति एकल जीवनी र दर्जनौँ व्यक्तिका सामूहिक जीवनी सिर्जना गरिसकेका प्रसाईलाई प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई'ले चाहिँ धर्मसङ्कटको गलछेँडामा

ल्याएर उभ्याएको छ । त्यसको कारण के हो भने यहाँ प्रसाईले आफ्नै आमाको विषयमा केन्द्रित भएर जीवनी लेख्नुपर्ने स्थिति आएको छ । त्यसमाथि पनि आफ्नै स्वजनहरूका आचार, व्यवहार र तिनका असङ्गत गतिविधिप्रति सन्तुलन खोज्नुपर्ने भएको छ ।

डेढ दर्जनजति उपशीर्षकमा विभाजित बनेको प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' साढे चार दर्जनजति प्रकरणमा विभाजित बनेको छ । आफ्ना पितामह र पितामहीको इतिवृत्तमा प्रसाईकुलका वंशपरम्पराले आरम्भ पाएको छ । यसमा जोडिएर आएको धनकुटा, तेह्रथुम र ताप्लेजुङसम्मको परिवेश, आजभन्दा झन्डै सवा सय वर्षपूर्वको त्यहाँको आवहवा तथा जीवनशैली र सांस्कृतिक पर्यावरणमा सम्बद्ध बनेका नरेन्द्रका पितामहको जीवनकथामा टेकेर सुरु भएको यस कृतिमा नरेन्द्रका दुई सौतेनी पितामहीको सन्दर्भ, नरेन्द्रका पितामाताको वैवाहिक प्रकरण र आफ्ना मातापिता, काका, बडाबाबुहरू र काकीको कथा पनि यहाँ विषयका रूपमा जोडिएको छ । एक कुलीन वंशपरम्पराका सन्ततिमा आएका केही दैवी र केही पारिवारिक विसङ्गति यहाँ जीवनीका सन्दर्भमा आख्यान अंश बनेर जोडिएका छन् । प्रस्तुत सन्दर्भले विषयको रूप ग्रहण गरेका कारण रचनाले औपन्यासिक स्थिति वरण गरेको देखिन्छ । पहाडको पर्यावरणको कष्टकर जीवनबाट पलायित बन्दै गएका यस कृतिका कृतिकारका परिवारजनहरू पनि २०२० को दशकमा तराईतिर बसाइँ सर्ने प्रवृत्तिबाट प्रभावित भएको स्थिति पनि विषयका रूपमा चित्रित भएको छ ।

पारिवारिक प्रसङ्गका केही न केही असङ्गतिहरू सबैसँग जोडिएकै हुन्छन् । नेपाली समाजमा पैत्रिक सम्पत्तिको उत्तराधिकार तथा भूस्वामित्व व्यक्तिमा निहित हुने हुनाले यहाँको पुँजीको आधार नै जमिन हो भन्ने दर्शन यस कृतिमा प्रयुक्त अधिकांश पात्रको संस्कार बनेको छ । नरेन्दका ठूला दाजु विष्णुभक्त, सानैमा निधन

भएको माहिलो दाजु पद्मराज, साहिँलो दाजु दीर्घराज, काहिँलो दाजु भरतराज र कान्छो भाइ गङ्गाराजको सन्दर्भ यहाँ आचार, व्यवहार र निष्ठाका सकारात्मक तथा नकारात्मक बिम्बसमेत बनेर जोडिन आएका छन् । नरेन्द्रका पिताले हाङपाङको सेरोफेरोमा समाजसेवीका रूपमा थोरै समयमा पनि प्रतिष्ठा आर्जन गरेको सन्दर्भ यहाँ त्यत्तिकै प्रेरक बनेको छ ।

नरेन्द्रका पिता जयप्रसाद प्रसाईको २०२० सालमा निधन भएपछि आमा भागीरथाले आफ्नो अर्द्धवयस्क उमेरमा पतिवियोग र नाबालक छोराछोरीको सिङ्गो अभिभारा पनि आफ्नै थाप्लाले बेहोर्नु पऱ्यो । आमा अर्थात् भागीरथाकी एक मात्र छोरी नीरा सिटौलाको सङ्क्षिप्त कथा पनि यहाँ जोडिएको छ । प्रसाईहरू पहाडको गाउँठाउँमा राम्रै प्रतिष्ठा आर्जन गरेर बसेका थिए । नरेन्द्रका पिताको देहावसानपछि भागीरथाले आफ्ना लालाबाला सम्हाल्दै बचेखुचेको सम्पत्तिबाट झापाको शनिश्चरेको पूर्वी भागमा पर्ने सालबारीमा त्यस समयमा दस बिघाजति जग्गा जोरेकी थिइन् । छोराहरू त्यतैतिर सरेका कारण आमा भागीरथाको दुर्घटनाजन्य दारुण पीडाको प्रतीक बनेर जन्मेका नरेन्द्र पनि सानै उमेरमा झापामै झरेको सन्दर्भले विषयको रूप पाएको छ । अब पहाडमा एक्लै टिक्न गाह्रो परेका कारण झापाको सालबारी आजको अर्जुनधाराको त्यही जग्गामा २०२७ सालमै भागीरथा पनि तराई झरेको सन्दर्भ प्रस्तुत भएको छ ।

आमा बसाइँ सर्नुपूर्व त्यो पहाडको बसोबासमा कायम रहेको भागीरथा प्रसाईको प्रतिष्ठा क्षीण बनेको दारुण प्रसङ्ग प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' भित्र अत्यन्त मार्मिक तवरले प्रस्तुत भएको छ । सालबारीको बसोबासको स्थितिमा आइपुग्दा यस कृतिका लेखकका ठूला दाजु विष्णुभक्तले एक प्रकारले आफ्नो स्वतन्त्र बसाइँको व्यवस्था गरिसकेको, साहिँलो दीर्घराज राजधानीतर्फ नै

लहसिएको र काहिँलो भरतराजले पनि बिर्तामोडमै घर बनाएर बसोबास गर्न लागेका कारण आमा रहेको सालबारीको मूल घर नरेन्द्रराज र कान्छो गङ्गाराजको आवास स्थलका रूपमा परिचित बनेको थियो । यस सन्दर्भबाट पारिवारिक व्यवस्थापनका केही सूचना पनि यहाँ प्रस्तुत भएका छन् । सालबारीको जग्गामा आमा भागीरथाको स्वतन्त्र अस्तित्व कायम रहँदारहँदै पनि छरछिमेकका लुब्ध व्यक्तिले गिद्धेदृष्टि गाडेको स्थितिमा आफ्नो सम्पत्ति र स्वत्वको रक्षार्थ भागीरथाले खड्गधारी कालिकाको रूप धारण गर्नुपरेका प्रसङ्गले यस समाजमा आफ्नो सम्पत्तिको रक्षार्थ एउटी नारीले उग्र रूप लिनुपरेको सन्दर्भ पनि यहाँ धेरै महनीय बनेर प्रकट भएको छ ।

'मेरी आमा भागीरथा प्रसाई' का लेखक नरेन्द्रराज प्रसाई स्कुलस्तरीय विद्यार्थीकालमै काठमाडौँ प्रवेश गरेका र दाजु दीर्घराजको बसोबास पनि यतैतिर भएको सन्दर्भले पारिवारिक सन्तुलनलाई पुनर्व्यवस्थापन गर्नुपरेको स्थिति आइपरेको छ । आफू काठमाडौँमा रित्तो हात आएका नरेन्द्रले राजधानीमै सामाजिक, साहित्यिक र त्यतिखेरको स्थितिमा राजनीतिमा केही प्रतिष्ठा पनि कमाएका थिए । उक्त सन्दर्भ नरेन्द्रको व्यक्तिवृत्तले समेत अलगै पुष्टि गर्दछ । नरेन्द्रले पैतृक सम्पत्ति नलिई अंश त्यागेर ल्याप्चे लाएको र यस उदारतालाई उनका निकटतम नातेदार र शुभेच्छुहरूले गरेको सराहना यहाँ पार्श्वको इतिवृत्त बनेर प्रकटमा आएको छ । उदारमना समाजसेवी, भाषासाहित्यसेवी, सस्कृति तथा राजनीतिका साधकहरूको भावनालाई सम्मान गर्दै साहित्यका अनेक अनुष्ठान र साधनाको काम पनि नरेन्द्रराजबाट भएको छ । यस्ता विषय पनि यस कृतिको पार्श्ववृत्तमा प्रकट भएका छन् । नइ प्रकाशन र त्रिमूर्ति निकेतनको स्थापना र त्यसको परिचालनले नरेन्द्रको भाषा तथा नेपाली साहित्य सेवाप्रतिको समर्पण भावलाई सार्थक तुल्याएको छ ।

नेपाली साहित्यका त्रिमूर्तिका साथै कविशिरोमणि लेखनाथ पौडेल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको प्रतिमाको समेत स्थापनामा नइ अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईकै गुरुत्तर भूमिका जोडिएको छ । आर्थिक रूपमा समेत नेपालमा सबैभन्दा ठूलो राशिको साहित्यिक संस्था नइ प्रकाशन र त्यसपछि त्रिमूर्ति निकेतनकै नाम अगाडि आउँछ । नइ प्रकाशन र त्रिमूर्ति निकेतनबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा साढे दुई दर्जनजति पुरस्कारको स्थापना गरेर पुरस्कृतमध्ये पाँच वर्षसम्मका चिचिला प्रतिभालाई पाँच हजारदेखि सुप्रसिद्ध साहित्यकारलाई पाँच लाख रुपियाँ राशिसम्म ससम्मान प्रदान गरी गौरवको विषय विवर्द्धन गर्ने नेपालमा नइ नै हुन् । राष्ट्रकविको अवधारणा ल्याएर सरकारबाटै माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि प्रदान गराउने नइ, वाङ्मय शताब्दी पुरुषको अवधारणा ल्याएर सत्यमोहन जोशीलाई राज्यबाटै वाङ्मय शताब्दी पुरुषको उपाधि दिलाउन सफल नइ र डा.वानीरा गिरीलाई प्रधानमन्त्री सुशील कोइरालामार्फत नेपाली साहित्यका विश्वनारी रत्नको उपाधि दिलाउन सफल पनि नइ नै हुन् । नइबाट नै महाकवि लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकी समारोह, प्रथम अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन, साहित्यका नेपाली महिला लेखकको आधारभूमिमा प्रथम विश्वनारी नेपाली साहित्य सम्मेलन, नेपाल सरकारद्वारा आयोजित आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति सफल भएको थियो । यसरी नरेन्द्रराज प्रसाई धेरै कुरामा जोडिएको इतिवृत्त पनि यस कृतिका लेखकको पार्श्ववृत्त बनेर रहेको छ । नरेन्द्र आफ्नो शुद्ध कर्मबाट चिनिएको व्यक्तित्व भएको र जीवनी लेखनका सन्दर्भमा नबिराई सफलताको शिखरमा पुगेका स्रष्टा भएका कारणले प्रस्तुत 'मेरी आमा : भागीरथा प्रसाई' को ओजस्विता बढेको छ ।

'मेरी आमा भागीरथा प्रसाई' का सन्दर्भमा उल्लेख भएका नरेन्द्रको वैयक्तिक जीवन र अंश आदानप्रदान, आमाको हेरचाह,

स्वास्थ्यको निगरानी हजुरआमाप्रति नरेन्द्रका छोराछोरीसमेतको सेवाभावको सन्दर्भ इन्दिरा प्रसाईद्वारा अभिलिखित भएका 'मेरी सासू' (२०६५) र 'भागीरथा प्रसाईको निर्वाण' (२०६९) शीर्षकका कृतिमा प्रकट भएका सन्दर्भले र 'मेरी सासू' को भूमिकाका लेखक श्री गणेशबहादुर प्रसाईबाट 'मेरी सासू' कृतिमा प्रदत्त भूमिकाले पनि नरेन्द्रको पार्श्वव‍ृत्तलाई राम्ररी प्रकटमा ल्याएको छ ।

नेपाली समाजको पैत्रिक सम्पत्ति र अंश व्यवस्थापनका सन्दर्भले पारिवारिक वृत्तमा नयाँ समस्या जन्माउने गर्दछ । प्रस्तुत 'मेरी आमा भागीरथा प्रसाई' को अंशबन्डा प्रकरणको खण्डमा पनि पैत्रिक सम्पत्तिको उत्तराधिकार नरेन्दराज प्रसाई स्वयम्को प्रस्तावमा ठूलो दाजु, कान्छो भाइ, दिदी नीरा र आमाका बीचमा बाडफाँड गरिएको छ । नरेन्द्र आफूले राजधानीको आकाश वर्षाको आम्दानीको भरमा बाँच्ने प्रतिज्ञा गरे । उनी पैत्रिक सम्पत्तिमा दाबी नगर्ने सर्तमा हस्ताक्षर गर्न तयार भएपछि सो प्रस्तावउपर दीर्घराज र भरतराज पनि मन्जुर भए । नरेन्द्रले अंश नलिने प्रसङ्गले पाठकको मुटु चस्काउने काम गरेको छ । साथै दीर्घराज र भरतराजले पनि नरेन्द्रले जैँ पैत्रिक सम्पत्ति लिएको देखिएन । यति हो उनीहरू दुई भाइले पहिला नै आआफ्नो घरजग्गासमेत जोडिसकेका थिए; तर अंश गरेका बेलासम्म नरेन्द्रको घरजग्गा थिएन र उनले पेसासमेत समाएका थिएनन् । आर्थिक रूपमा उनको कतै टेक्ने र समाउने स्थिति नदेखिएको अवस्थामा पैत्रिक सम्पत्ति नलिई पछि उनैले आफ्नी आमाप्रतिको कर्तव्य पूरा गरेको देखिन्छ । यो विषय हाम्रो सामाजिक धरातलमा अनुकरणीय र निकै महत्त्वको मानिन्छ ।

डा.कञ्चनजङ्घा प्रसाईले आफ्नी हजुरआमा भागीरथा प्रसाईप्रति दर्साएको आदर, समर्पण र त्यसपछि आफ्ना बुबाआमा अर्थात् नइको आदर्शलाई समाएको प्रसङ्गले प्रस्तुत कृति 'मेरी आमा भागीरथा प्रसाई' नवपुस्ताका लागि अनुकरणीय गाथा बन्न

पुगेको छ । यस कृतिको शृङ्खलालाई रोचक र जीवन्त बनाउने अर्को पाटो डा.प्रसाईको सन्दर्भ प्रेरक रूपमा प्रस्तुत भएको छ ।

भागीरथा प्रसाईको कान्छो छोरा अर्थात् नरेन्द्रका भाइ गङ्गाराज र बुहारीको जिम्मामा परेकी आमाको हरिबिजोकको कथा 'मेरी आमा भागीरथा प्रसाई' मा देखिएको छ । कृति पढ्दै जाँदा कतै लाजले काउकुती लाग्ने परिघटना भेटिन्छ, कतै मन भाँचिने र आँखा रसाउने प्रसङ्गका कारण जोडिन पुग्दा जीवनीसाहित्यमा यस कृतिले बेग्लै किसिमको मौलिक विशेषता ओगट्न सकेको प्रस्ट हुन्छ । अंशियार छोराहरूले दिएको पीडाबाट दु:खित आमाको अंश नलिने छोराबाट नै पूरा भरथेक हुनु कति विडम्बनाको कुरो हो ? दिदी नीरा सिटौलाको आग्रहमा नरेन्द्र पटकपटक आमाको सेवा र सुरक्षाका निम्ति सालबारी पुग्ने गरेको तथ्य र अन्तत: नरेन्द्रकै आश्रयमा आमाले काठमाडौँ आउनुपरेका घटनाले एउटै बाबुका बीजाणुले एउटै आमाको कोखबाट जन्म लिए पनि मान्छेमा अनेक पैशाचिक प्रवृत्तिहरू देखिन आएका हुन्छन् भन्ने कुरा यस कृतिले प्रस्टचाएको छ ।

सासूले बुहारीलाई 'आमा' मान्नु कत्तिको स्वाभाविक कुरो हो ? सासूप्रति इन्दिरा प्रसाईको कर्तव्य तथा निष्ठा हृदयस्पर्शी हुनुका साथै प्रेरक बनेर आएको घटना 'मेरी आमा भागीरथा प्रसाई' भित्र अर्को विशेष महत्त्वको कथन भएको छ र इन्दिराले आफ्नी सासूको भौतिक सेवाका अतिरिक्त उनले सासूका सन्दर्भमा दुईवटा कृतिसमेत लेखेकी छन् । इन्दिराको 'मेरी सासू' नामक कृति प्रकाशनमा आइसकेपछिको एक भेटमा त्यस कृतिका भूमिका लेखक गणेशबहादुर प्रसाईले यस समाजमा पैत्रिक सम्पत्तिका अंशाधिकारको विकृतिले निम्त्याएका पारिवारिक सन्दर्भको चर्चा गरेका विषयहरू यी पङ्क्तिहरू लेखिरहँदा मेरा स्मृतिमा बल्झिएर आएका छन् । एकै कोखबाट जन्मिएका दाजुभाइ र दिदीहरूप्रति नरेन्द्रराजको कृतज्ञता र भाइ

गङ्गाराजको कृतघ्नता अझ आमा, दाजु र दिदीहरूप्रतिको उनको कृतघ्नताको चर्चा गणेशबहादुरसँगको वैयक्तिक कुराकानीमा पनि प्रकट भएको सन्दर्भ यस प्रकरणले ब्यूँझाइदिएको छ । नरेन्द्रले साहित्यमा मात्र नभएर आफ्नो परिवारवृत्तमा सकारात्मक भूमिका खेलेको कुरा गणेशबहादुर प्रसाईबाट सुन्न पाइरहिन्थ्यो र उनको त्यही सकारात्मकताको अर्को निष्कर्ष प्रस्तुत जीवनी कृति हो । 'मेरी आमा भागीरथा प्रसाई' मार्फत नरेन्द्रराज प्रसाईले आफ्नी आमाका अनेक दुक्ख र सुक्खको कारुणिक चौतारी निर्माण गरेर आमाका नाममा अजर सालिक ठडयाएका छन्, जसले गर्दा भागीरथा प्रसाई अक्षरहरूमा पनि शालीन रूपमा स्थापित भएकी छिन् ।

सिद्धहस्त जीवनीकार नरेन्द्रराज प्रसाईको जीवनी व्यक्तिवृत्त स्वभावोक्तिमै 'मेरी आमा भागीरथा प्रसाई' लाई औपन्यासिकता भर्न अत्यन्त सबल बनेको छ । यस प्राप्तिका निम्ति लेखककी आमा साधारणीकृत बनेर यस कृतिमार्फत सबैकी आमाका रूपमा उभिएकी छन् । नरेन्द्रले आफ्नी वैयक्तिक आमालाई आमाको सामूहिक बिम्ब प्रदान गरेका छन्, जसले गर्दा यो कृति अझ खँदिलो र भरिलो भएको छ ।

# मेरी आमा र म

**आमा भन्ने सगर हुन् सधैं स्वच्छ हुने**
**छोराछोरी भित्रभित्रै मात्र आफू हुने !**

मेरी पूज्य आमा ! तिमीले मलाई २०६८ सालको सरस्वती पूजामा छाडेर गयौ । तिमी बाँचुन्जेल तिमीले नै मेरो ढाकछोप गऱ्यौ, मेरा हरेक आवश्यकता पुऱ्याउने प्रयास गऱ्यौ र तिम्रा अरू छोराछोरीभन्दा पनि मलाई नै धेरै काखी चेप्यौ । त्यति मात्र होइन, तिमीले छोडेर जाँदा पनि सकेसम्म मलाई जिताएर नै गयौ ।

मेरी आमा ! तिम्रो तस्बिरमा हरदिन मैले मेरो शिर राखेको हुन्छु । अनि तिम्रा लागि बोटबिरुवाका फेदमा जल नचढाई आजसम्म मैले अन्न मेरा मुखमा राखेको छैन । म प्राय: तिम्रै आराधनामा हुन्छु । मैले सदैव तिम्रो स्मृति मेरो निधारमा जोडेको छु, मेरा आँखामा राखेको छु र मेरो हृदयमा टाँसेको छु ।

आमा ! नइगृहमा तिम्रो कोठा उही छ, ओछ्यान पनि त्यस्तै छ र तिम्रो दराज पनि जस्तो थियो त्यही अवस्थामा नै छ । तिमी हुँदा तिम्रो कोठाको साजसज्जा जस्तो थियो अहिले पनि त्यस्तै नै छ । त्यो कोठा अहिले केही थोरै फरक त देखिन्छ नै ! अथवा भनौं त्यसको दक्षिणतिरको भित्तामा निकै ठूलो आकारमा तिम्रो तस्बिर टाँगिएको छ । त्यसैले हरदम मैले तिमीलाई हेरिरहन पनि पाएको छु । अनि घरबाहिर जानुपरे पनि तिम्रो त्यही बडेमाको तस्बिरको

दर्शन गरेर मात्र म निस्कने गर्छु र घरमा पसेपछि सर्वप्रथम म त्यही फोटोको नै दर्शन गर्न पुगेको हुन्छु । साथै हरसाँझ या रातमा मेरी आमाको तस्बिरमा मेरो शिर पुन: राखेर मात्र म मेरो शयनकक्षमा प्रवेश हुने गर्छु ।

तिम्रो कोठामा मेरा बुबाका साथ तिम्रो थप अर्को तस्बिर पनि रहेको छ । बुबाको फोटो पहिला तिमी हुँदा जहाँ थियो अहिले पनि त्यहीँ नै छ । मेरा बुबाको फोटोमुनि मैले तिम्रो फोटो पनि राखेको छु । हरबिहान नुहाएर म तिमीहरू दुवैका फोटोहरूमा मेरो शिर राख्ने गर्छु । अनि मेरी पुरोधिका इन्दिराले पनि हरसाँझ या राति त्यहीँ दियो बालेर गीता पढ्ने गर्छिन् र मात्र उनी सुत्ने गर्छिन् । यसपल्ट अर्थात् २०७५ सालमा 'श्रीस्वस्थानी व्रतकथा' मेरा छोराबुहारी डा.कञ्चनजङ्घा र बुहारी विदुषीको सम्पादनमा नइ प्रकाशनबाट प्रकाशित भयो । अनि त्यस वर्षको स्वस्थानी पनि विदुषीले त्यही कोठाको त्यही ठाउँमा बसेर पाठ गरिन् जहाँ तिमी हुँदै इन्दिरा, कञ्चनजङ्घा र अनुकृतिकाले पनि हरसाल वाचन गर्ने गर्थे ।

आमा तिमी बाँचुन्जेल पनि मेरो चारधाम तिमी नै थियौ र त्यसपछि पनि मेरा लागि हरेक दिन मातातीर्थ मेरै मन, वचन र कर्ममा आबद्ध छ; मेरी आमा !

•

मेरी आमाको पार्थिव शरीरले छोडेर गएपछि मैले जीवनलाई चिन्नसम्म चिनेँ । वास्तवमा त्योभन्दा अघि मैले जीवन र मृत्युको परिभाषा त्यति सारो बुझ्नै सकेको पनि थिइनँ । जब मेरी आमालाई यस पृथ्वीबाट मैले बिदा दिएँ, त्यसपछि मभित्र एक्कासि शून्यताले साम्राज्य चलाएको ममा अनुभूति हुन थाल्यो । अनि मलाई जताततै मेरी आमाकै अभावैअभाव खट्केको महसुस भइ नै रह्यो । कतिसम्म भने, घाम लाग्दा पनि त्यस्तो प्रचण्ड उज्यालोमा मेरी आमा नदेखेर म रुन्थेँ । आमाबिनाको मेरो संसार अब अन्धकार भएको

छ । अनि त्यसभित्र झन् मैले मेरी आमा कसरी देख्न सकूँला भनेर रात पर्दा पनि म रुन्थेँ । यसबीचमा म जति हाँसे पनि मेरो मनका पत्रहरू आँसुले नै भिजेको मात्र महसुस गर्थें । वास्तवमा त्यस क्रमले अहिलेसम्म पनि मलाई केही न केही भए पनि घिस्साइरहेको छ ।

बिहान उठ्नेबित्तिकै म सधैँ घरको छतमा जान्छु । त्यति बेला म आकाशैभरि मेरी आमा खोज्छु, सूर्योदय पर्खन्छु र त्यहाँ पनि फेरि आमालाई नै खोज्छु । आँखाले भ्याएसम्म जतासुकै मेरी आमा बसेको हुनुपर्छ भन्ने म अनुमान लगाउन पुग्छु । त्यति मात्र होइन, धाराको पानी अँजुलीमा थाप्ता पनि त्यहीँ म मेरी आमाकै आकृति नै देख्छु । अनि आमालाई नै सम्झेर म त्यो अँजुलीको पानी रूखबिरुवाको फेदमा श्रद्धापूर्वक चढाइदिन्छु ।

•

मेरी आमा र मबीचको अन्तरसम्बन्ध नङमासुको नाताझैँ थियो । चाहे बाल्यकालमा होस्, चाहे किशोरकालमा होस्, अनि चाहे युवाकालमा होस् या प्रौढकालमा नै होस्, मेरी आमाप्रतिको मेरो भक्तिभावना एकैनासले समर्पित भइ नै रह्यो ।

आमा बाँचुन्जेल आमाको र मेरो भावना एउटै थियो । आमाले मनमनै भन्न खोजेको भाषा पनि म बुझ्न प्रयासरत हुन्थेँ । अनि मेरो मनको सबै भाका मेरी आमाले बुझेको म महसुस गर्थें । मेरी आमा बाँचुन्जेल आमाको निर्देशनलाई मैले कहिल्यै उलङ्घन गरिनँ र मेरो अनुरोधलाई पनि सधैँ मेरी आमाले आफ्नो बूढी औँलो थिचेको मैले बुझ्दै आएँ । वास्तवमा यही कारणले पनि हो सायद, हामी दाजुभाइहरू र दिदीमध्ये पृथ्वीमा सबैभन्दा धेरै माया मैले मेरी आमाबाट नै पाएको थिएँ । अनि यो बेहोरा हाम्रो परिवारलाई चिन्ने, जान्ने सबैमा ज्ञात भएको विषय थियो ।

मेरी आमालाई बुझ्ने यस लोकजनमा मपछाडि इन्दिरा नै अगाडि हुनुपर्छ भन्ठान्छु । मेरी आमा बाँचुन्जेलसम्म पनि उनी आमाको हाँसोमा हाँसो र आँसुमा आँसु मिलाइरहने गर्थिन् । उनी आमाका हरेक इच्छा पुऱ्याउन सक्रिय हुन्थिन् । उनले मेरी आमासँग ठाडो स्वर र कडा बोलीबाट प्रस्तुत भएकी मैले कहिले पनि देखिनँ । साथै मेरी आमाको स्वर्गारोहणपछि पनि उनले एकैनासले आफ्नो सद्भाव, सम्मान र श्रद्धा आमाप्रति चढाइरहिन् । उनीजस्ती जीवनसङ्गिनीसँगको मेरो सहयात्रालाई मैले एउटा थप सौभाग्य ठानेको छु ।

•

मैले लेखेका जीवनी कृतिमध्ये 'मेरी आमा भागीरथा प्रसाई' पनि मेरो छातीमा टाँसिरहने अर्को प्रिय कृति भएको छ भन्ने मलाई लागेको छ । मेरो यस कृतिबारे महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीले प्रा.राजेन्द्र सुवेदीमार्फत जानकारी प्राप्त गरिसकेका रहेछन् । यसबारे उनीहरूमाझ विचारविमर्श पनि भइसकेको रहेछ । यसको पनि एउटा कारण रहेछ; कुरा के हो भने प्रा.डा.त्रिपाठी नौ वर्षका हुँदा उनकी आमा स्वर्गीय भएकी रहिछिन् । अनि उनले किशोरकालदेखि नै आफ्नी आमाका विषयमा लेख्न सुरु गरेका रहेछन् । त्यसैले उनले मेरी आमाबारेको मेरो कितापउपर थप चासो, चाख र चाहना राखेका रहेछन् । डा.त्रिपाठीले 'मैले पनि पढ्नुपर्ने खालको किताप रहेछ' भनेर 'मेरी आमा भागीरथा प्रसाई' को पाण्डुलिपि राजेन्द्र सुवेदीसँग लिएर पढ्न थालेछन् । त्यसै फेरोमा डा.त्रिपाठीको मलाई फोन आयो– 'आमाबारे लेख्न हिम्मत चाहिन्छ । तपाईंले आफ्नी आमाको जीवनी कति राम्रो लेख्नुभएछ; मेरो मन पग्ल्यो ।' नेपाली साहित्यको एउटा बेग्लै विशिष्ट आकाश बोकेका व्यक्तित्वले त्यसो भनेपछि म कति फुरङ्ग परेँ ? यसबारे म अति नै फुरुङ्ग परेँ । अनि डा.त्रिपाठीले 'मेरी आमाबारेको यस

कितापका विषयमा केही लेखिदिए हुने नि !' भन्ने मेरो मनमा लाग्यो । त्यसपछि यस कितापको गाताको पछाडि राख्न चार हरफ लेखिदिन उनीसँग मैले अनुरोध गरेँ । तर मैले सोचेभन्दा अर्को परिणाम पाएँ । भनौँ, एक महिनापछि त्रिपाठीले मलाई भनेँ– 'मैले पाँच पटकसम्म तपाईंको किताफको पाण्डुलिपि पढेँ, मनमस्तिष्कमा पकाएँ र यति लेखेँ ।' भन्नै मैले लेखेजति नै 'मेरी आमा भागीरथा प्रसाई' बारेको समालोचनाको बिटो उनले मेरा हातमा थमाइदिए । मेरो कृतिमाथि उनको समीक्षात्मक अभिव्यक्ति पाएर म आश्चर्यचकित भएँ, रमाएँ र खुसीले भरिएँ । त्यसै बेला यस समीक्षात्मक अभिमतको बेग्लै किताप प्रकाशन गर्नेबारे पनि हामी माझ सहमति भयो । अनि त्यसै बखत त्यस किताफको नाउँ पनि महासमालोचक त्रिपाठीले जुराए– 'नरेन्द्रराज प्रसाईको जीवनीकृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श ।'

•

आफ्नै पारिवारिक वृत्तको कथन लेख्ता कति तीता प्रसङ्गले छेड्छन् र कति नरमाइला घटनाले पनि आक्रमण गर्छन् । ती सबैलाई पाच्य बनाएर लेख्न कति समस्या हुन्छ ? यस कृति प्रकाशन गर्नचाहिँ मलाई धेरै समस्या भयो । आफ्नो शरीरको छारो उडाएर अरूलाई रमिता देखाउन पनि त्यति स्वाभाविक, त्यति सजिलो र त्यति सकारात्मक कुरा मानिँदैन । यति हुँदाहुँदै पनि एउटा लेखकका लागि आफ्ना मनका कुरा मनैमा लुकाएर राख्न पनि त्यति सहज हुँदैन रहेछ । म एउटा लेखक पनि भएकाले मभित्र केवल अक्षरैअक्षरको मात्र जीवन छ । मानौँ मेरो प्रकृति, मेरो जीवन र मेरो जगत्मा मसँग अक्षरबाहेक त्यति सारो अरू केही छैन भने पनि हुन्छ । त्यसैले मैले नलुकाए पनि हुने कुराहरू सकेसम्म लेख्ने नै आँट गरेँ । त्यसैले मैले देखेका, भोगेका र सुनेका

दस्तावेजहरूसमेत छानेरै भए पनि लेख्न म बाध्य भएँ । लेखिसकेर पनि मैले कति समय त यस कृतिको पाण्डुलिपि थन्क्याएर राखें । तर मेरी आमाको जन्मशताब्दीको समय नघाएर आमाबारेकै कृति लुकाउन पनि मलाई मनासिब लागेन । किनभने मेरी आमाकै जन्मशताब्दीका अवसरमा प्रकाशन गर्ने भनेर मैले केही वर्षदेखि आमा र आमाका वरिपरिका कथनहरू टिपोट गरिरहेको थिएँ ।

मैले लेखेको मेरी आमाको संसारलाई महासमालोचक वासुदेव त्रिपाठीबाट बडेमाको छाता ओढाइँदा मलाई 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनी कृति सार्थक लागेको छ । वास्तवमा मलाई डा.त्रिपाठीले पहिले नै गर्नसम्मको गुन लगाइसकेका छन् । भनौँ, उनले 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी' समीक्षात्मक अभिमत (२०७२) नामक समालोचनात्मक कृति लेखेर मेरो साहित्यिक यात्रालाई विशिष्ट किसिमको प्रोत्साहन दिएका छन् ।

मेरा परमपूज्य गुरु डा.वासुदेव त्रिपाठीबाट 'मेरी आमा भागीरथा प्रसाई' जीवनीसन्दर्भमा फेरि मेरो लेखनको उचाइ देखाएर लेखिएको समीक्षाबाट म आह्लादमा डुबेको छु । यस कृतिका विषयमा पाठक प्रतिक्रिया कस्तो हुन्छ भन्ने मेरो हृदयान्तरको कौतूहललाई समेत महासमालोचकका कलमले बिट मारेको मैले महसुस गरेको छु ।

मैले मेरी आमाको भक्तिभावनामा डुबेर 'मेरी आमा भागीरथा प्रसाई' लेखेँ । अनि मैले यस कृतिको भूमिका लेख्नका निम्ति समालोचक प्रा.राजेन्द्र सुवेदीलाई अनुरोध गरेँ । राजेन्द्र दाइबाट प्राप्त भूमिकाले म थप दङ्ग परेको छु । मेरो यस कृतिलाई सुमसुम्याएर लेखेका कारण राजेन्द्र दाइको यो भूमिका पनि उच्चस्तरीय मात्र नभएर मेरो जीवनी लेखनका लागि नै महत्त्वपूर्ण भएको मैले ठहर गरेको छु । हुन त राजेन्द्र दाइबाट मेरा सम्पूर्ण एकल जीवनी

कृतिहरूको भूमिका लेखिएका छन् । त्यसको एउटा सङ्ग्रह पनि प्रकाशनमा आएको छ– 'नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण'– २०७३ । नेपाली समालोचनाका क्षेत्रमा सुवेदीको विशिष्ट स्थान रहेको छ । उनको समालोचनाको स्तरको मापन गर्दै महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीले भनेका छन्– 'नेपाली समालोचना हराए राजेन्द्र सुवेदीलाई खोज्नु !'

मेरी आमाको जीवनकथा प्राय: इन्दिराले लेखिसकेकी छिन् । तर उनी बुहारी पनि भएकाले उनको लेखनमा केही झिनामसिना सीमा, समस्या र अप्ठ्यारा पनि हुन सक्छन् । त्यसैले उनले नलेखेका कुराहरूसमेत थपेर मैले 'मेरी आमा भागीरथा प्रसाई' लेखेको हुँ । मेरी आमाको शतवार्षिकीका अवसरमा आमालाई चढाउने मसँग जे थियो त्यही चढाएको छु । वास्तवमा यिनै अक्षरहरू जोडेर नै म यहाँसम्म आएर उभिएको पनि छु । यिनै अक्षरमार्फत मैले मेरी आमाको भक्तिपूर्वक शतवार्षिकी मनाएको छु ।

२०७६ साल जेठ ८ गते

**• नरेन्द्रराज प्रसाई**

मेरी आमा भागीरथा प्रसाईं

# मेरा बुबाआमाको जन्म र पेटविवाह

१९७५ सालको आरम्भको कुरा हो, ताप्लेजुङको हाङपाङका नरध्वज प्रसाई र तेह्रथुम इवाका प्रेमलाल उप्रेतीको तारिक खेप्ने सिलसिलामा धनकुटाको अमिनीमा परिचय भएको थियो ।

एउटै प्रकृति, विषय र चुरोको काम भएकाले प्रसाई र उप्रेतीहरूबीच घनिष्ठता पनि बढ्दै गएको थियो । केही समयसम्ममा उनीहरू आत्मीय नै भइसकेका थिए । घनिष्ठतामा कस्सिएपछि उनीहरूले एकअर्काको परिवारको चासो पनि राख्न थालेका थिए । उनीहरूले आआफ्ना पत्नीहरू गर्भिणी भएको बेहोरा पनि खुलाएका थिए । त्यसै बेला उनीहरूले आआफ्ना सन्तानहरू छोरा र छोरी जन्मे भने एकअर्कामा कुटुम्बेली सम्बन्ध गाँस्ने निधो पनि गरेका थिए । यथासमय उप्रेतीका घरमा छोरी र प्रसाईका घरमा छोरा जन्मेका थिए ।

मेरी आमा भागीरथाको जन्म १९७६ साल जेठ ८ गते बुधवार आठराई इवामा भएको थियो । मेरी आमाको जन्म बिहानको सूर्य मुहूर्तसँगै भएको थियो । प्रेमलाल उप्रेतीका दुई पत्नीमध्ये जेठी पत्नी कौशल्या उप्रेतीका कोखबाट साहिँली छोरीका रूपमा मेरी आमाको जन्म भएको थियो ।

मेरी आमा जन्मेको एक महिनाअघि नै मेरा बुबा जयप्रसाद प्रसाईको जन्म भइसकेको थियो । नरध्वज प्रसाईका दुई पत्नीमध्ये

जेठी शिवमायाबाट १९७५ साल चैत २९ गते आठराई हाङपाङमा साहिँला छोराका हैसियतमा मेरा बुबाको जन्म भएको थियो ।

मेरा बाजेहरू नरध्वज प्रसाई र प्रेमलाल उप्रेतीको प्राय: धनकुटामा नै भेट भइरहन्थ्यो । झन् कुटुम्बेली सम्बन्ध गाँसेपछि उनीहरूले एकअर्काको भरथेक पनि गर्न थालेका थिए । दुवै हक्की स्वभावका थिए । साथै उनीहरू एकअर्कामा खुलस्त पनि थिए । उनीहरू निर्भीक त्यस्तै थिए । अड्डा, अदालतमा यी दुवै एक्कै चोटि पुग्ने समयतालिका मिलाउँथे र प्राय: सँगसँगै पुग्ने पनि गर्थे । अनि उनीहरू काम सकेर आआफ्ना घर फर्कन्थे ।

मेरी आमा र बुबाको जन्म भएपछि उनीहरू दुवैले आआफ्ना मान्छे बोलाएर भव्य खुसीयाली गरेको बेहोरा मेरी हजुरआमा कौशल्या उप्रेती भनिरहन्थिन् । मेरा बाजेहरूले गरेको पूर्ववचन पालना गर्दै सात वर्षका जयप्रसाद प्रसाई र भागीरथा उप्रेतीको लगनगाँठो कसिएको थियो ।

मेरी आमाले मेरी श्रीमती इन्दिरालाई आफ्नो मनको धेरै कुरा भन्ने गर्थिन् । अनि तिनै बेहोरा खामेर इन्दिराले २०६५ सालमा 'मेरी सासू' नामक ग्रन्थ लेखी नइ प्रकाशनबाट प्रकाशित पनि गरिन् । त्यस कृतिमा मेरी आमाको बिहे भएको सन्दर्भमा आमाले नै भनेको कुरा यसरी लेखिएको छ– 'हाम्रो सात वर्षको उमेरमा बिहे भएको नि ! बिहेअघि मैले घाँघर लाउने गरेकी थिएँ । मलाई बिहे भनेर गुन्यूचोली लगाइदिए । त्यस बेलाको रीतिथितिअनुसार बिहेपछि पनि मलाई मेरै माइतीघर ल्याइयो । मैले तेह्र वर्ष टेकेपछि मलाई पुन: पूर्वी पहाडको तेह्रथुमको आठराई इवाबाट ताप्लेजुङको हाङपाङस्थित प्रसाईका घरमा पठाइयो । त्यस बेलाको चलनअनुसार त्यसलाई मैतालु पठाइएको भनिन्थ्यो । त्यसपछि लोग्नेस्वास्नी भएर गाँसिएका मेरा पति र म उहाँको निधनपछि मात्र छुट्टियौँ ।'

२००७ सालअघिको समयमा बिहे गरेर नारीले घर खान सारै ठूलो तपस्या गर्नुपर्थ्यो । त्यही रीतमा मेरी आमाको पनि जिन्दगानी आरम्भ भएको थियो । त्यो क्रुर समयले मेरी आमालाई पनि परिस्थितिको दास बनाउन छोडेको थिएन । त्यतिखेर प्राय: आइमाई जाति धनी हुनु र गरिब हुनुसँगको कुनै सरोकारै थिएन । प्राय:जसो नारीलाई पशुसरहको नै व्यवहार गरिन्थ्यो । त्यस बेलाको त्यही अवस्थाका विषयमा समालोचक गणेशबहादुर प्रसाईले इन्दिरा प्रसाईकृत 'मेरी सासू' कै भूमिका लेख्ने क्रममा लेखे– 'भागीरथा प्रसाईका नौ दशक लामो जीवनको कथाव्यथालाई मनन गर्दा राणाकालीन नेपालको खस बाहुन समाजका आमाबाबुले 'सके घर खा, नसके नदीमा डुबेर मर्' भनी बालखैमा घर पठाइने छोरीको प्रतिनिधित्व हाम्री आमा भागीरथा प्रसाईले गरेको देख्न पाइन्छ । तापनि जीवनका सबै प्रकारका हाँकलाई स्वीकार गर्दै, झेल्दै अगि बढ्दा कहीँ पनि कस्तै आपत् आइपर्दा पनि यी नायिका (अथवा भागीरथा प्रसाई) कात्रिएकी फेला पर्दिनन् । सिंहिनीले जस्तै उनले पनि एक्लै जीवनभर आफ्नो परिवारको दायित्व निर्वाह गरेकी देखिन्छिन् । त्यो कार्य सम्पन्न गर्दा पनि आफ्नो परिवारका सदस्यमध्ये को कृतज्ञ रह्यो र को कृतघ्न रह्यो भन्ने कुरापट्टि उनी अलमलिएकी छँदै छैनन् । जीवनलाई जीवनकै रूपमा ग्रहण गर्ने उनको बृहत् चाहनाले गर्दा उनीप्रति हाम्रा मनमा श्रद्धाभाव उत्पन्न हुन्छ । हाम्रा पौरस्त्य नारीको महिमा भन्नु पनि त्यही हो ।'

# मेरा बाजेबाबुको कथा

मेरा बाजे नरध्वज प्रसाई पूर्वाञ्चलको आठराई भेककै कहलिएका धनी थिए । उनी खाइलाग्दा र अग्ला काँटका थिए । दौरासुरुवाल र पटुकामा खुकुरी भिरेर मात्र उनी घरबाट हिँड्ने गर्थे । उनको सान नै राजसी थियो । मेरी आमाले भनेअनुसार उनी बोलेपछि कानुन बन्थ्यो । छोराहरू पनि सवालजबाफमा उनीसँग चुइक्क पनि बोल्दैन थिए । त्यो सामन्त युगमा मेरा बाजे त्यस भेककै जनन्यायाधीश थिए ।

नरध्वज प्रसाईको त्यतातिर ठूलै प्रभुत्व देखिन्थ्यो । आर्थिक रूपमा उनी माथिल्लो कोटिमा गनिन्थे । त्यस युगमा कागजी पैसा थिएन, धातु मुद्राको चलन थियो । पैसा धेरै भएका कारण हाम्रो घरमा पैसा हातले गन्ने चलन थिएन । धातुका पैसा एकपल्ट गनेर पाथीमा भरिन्थ्यो । अनि हरेक पल्ट पाथीले भरेर हिसाब राख्दै ठूलाठूला घ्याम्पामा थन्काइन्थ्यो । यसै प्रसङ्गमा मेरी आमा भन्थिन्– 'त्यस बेला पैसा गन्दा म थाक्ने गर्थें ।'

मेरा बाजे नरध्वज प्रसाईको जन्म नै एउटा कथाजस्तै भएको थियो । भनौँ, मेरा हजुरबाजेको मानवसेवाका कारण मेरा बाजेको जन्म भएको थियो । मेरा हजुरबाजे नन्दमणि प्रसाई खेती किसानमा रुचि राख्थे । उनी प्रचलित नोकरचाकर र कमाराकमारीको भर पर्दैन थिए । त्यसैले उनी जहिलेसुकै पनि आफ्नो काममा जागरूक हुन्थे । त्यही सिलसिलामा मेरा हजुरबाजे नन्दमणि प्रसाई त्यस दिन

पनि आफ्नो खेत हेर्न चुवाँ खोलापारि हाम्रो भन्ज्याङ खेतमा गएका थिए । त्यहाँबाट उनी फर्कने क्रममा चुवाँ खोलामा बाढी आएको उनले देखे । त्यस बेला खोलाको बाढीले एक जोर मानिस बगाएर ल्याइरहेको थियो । त्यस दृश्यलाई नाघेर हिँड्न उनको मनले दिएको थिएन । तिनीहरूलाई समाउन सकिन्छ कि भन्ने आशामा उनी हतारहतार खोलातिर पसेका थिए । त्यसै बेला उनले एक जनाचाहिँ बुटोमा अल्झँदै गरेको पनि देखेछन् । त्यसैले उनले ती एक जनालाई चाहिँ समाउन पनि भ्याएछन् । अनि उनी नारी भएको पनि उनले देखे । उनले ती नारीलाई आफ्नो पटुकाले बाँधेर खोलाबाहिर तानेर ल्याएछन् । त्यतिन्जेलसम्म उनी जिउँदै देखिन्थिन् । तर एक जनालाई भने खोलाले बगाएर लगेको दृश्य मेरा हजुरबाजेले हेरिरहनुपरेको थियो ।

मेरा हजुरबाजेले ती बटुवा किशोरीको पेटमा पटुका कसेर बालुवामा घोप्टो पारेर सुताएछन् । अनि मेरा हजुरबाजेले ती किशोरीको ढाडतिरबाट थिचथाच गरेपछि उनले खाएको पानी क्रमश: छाद्न थालेकी थिइन् । त्यस बेलासम्म उनको वाक्य पनि आएको थिएन । केहीबेरमा ती नारीले आँखा हेरेकी थिइन्, तर उनी पूरा होसमा आइपुगेकी थिइनन् । त्यस बखत उनका शरीरका लुगा च्यातिइसकेका थिए र उनी नाङ्गैसरी थिइन् । त्यसैले उनको लाज ढाक्न मेरा हजुरबाजेले आफ्नो पटुका च्यातेर ओडाइदिएका थिए । अनि ती नारीको होस नआउन्जेलसम्म उनी पनि उनलाई रुङेर बसेका थिए ।

होस फिरेपछि ती बटुवा नारी क्वाँक्वाँ गरेर रुन थालिन् । उनीहरूको बिहे भर्खरै भएको थियो रे । उनीहरू जोईपोइ काम सकेर खेतबाट घर जान हिँडेका थिए रे । जँघार तर्ने क्रममा ती दुवैलाई खोलाले बगायो रे । उनका पतिलाई खोलाको घुमाउने दहमा घुमाउँदै भङालोमा लगेर फालेको पनि मेरा हजुरबाजेले

देखेका थिए रे । त्यसपछि ती पुरुषको लाससमेत फेला परेन रे । स्त्री भने आफ्ना पति गुमाएको पीडाले रुन थालेकी थिइन् रे ।

खोलाले बगाएर ल्याएकी ती नारीचाहिँ भण्डारीकी छोरी रहिछिन् र उनको नाउँ देवकला रहेछ । देवकलालाई त्यो अनकन्टार ठाउँमा छाड्न पनि मेरा हजुरबाजेलाई त्यस बेला गाह्रो भएको थियो रे । देवकला ज्यान बचेको खुसी र लोग्ने गुमाएको पीडामा रुन छाडेकी थिइनन् रे । अनि ललाइफकाइ गरेर ती अर्धबेहोसी नारीलाई मेरा हजुरबाजेले डोऱ्याएर आफ्ना घरमा लगेका थिए रे ।

खोलाबाट बचाएर ल्याइएकी देवकलालाई हाम्रै हजुरबाजेका घरमा प्रवेश गराइएको थियो । अनि हजुरबाजेकै रायसल्लाह र निर्देशनमा देवकलाले आफ्ना पतिको बरखी पनि बारेकी थिइन् । त्यो वर्षभरि त्यस काममा जति खर्च लागेको थियो मेरै हजुरबाजेले बिनासर्त बेहोरेका थिए । बरखीपछि पनि देवकला त्यो घरबाहिर जान चटपटाइनन् रे । भनौँ, उनले आफ्नो प्राणदाता नन्दमणि र उनकी धर्मपत्नी हरिमायाकै सेवा गरेर बाँकी जीवन भुक्तान गर्ने निर्णय गरिसकेकी थिइन् । त्यसैले उनी घरेलु काममा समेत मन, वचन र कर्मले जुट्न थालेको बेहोरा मेरी आमा भागीरथा प्रसाईले हामीमाझ बेलिविस्तार लगाइरहने गर्थिन् ।

मेरा हजुरबाजे नन्दमणि प्रसाई देवकलाको निगरानी राख्ने कामबाट टाढा हुँदैन थिए । उनी देवकलाले खाए, नखाएको पनि सोधीखोजी गरिरहन्थे । उनको देवकलाप्रतिको मानवता मेरी हजुरबजै हरिमायालाई पनि ज्ञात हुन थालिसकेको थियो । त्यसैले मेरी हजुरबजैले मेरा हजुरबाजेलाई देवकलालाई आफ्नै घरमा औपचारिक रूपमा भित्र्याउँदा धर्मसमेत हुने बेहोराका अनेक तुक झिकेर सम्झाएकी थिइन् । यसबारे उनले आफ्ना पतिलाई भनेकी थिइन्– 'तपाईंले नै देवकलाको प्राण रक्षा गरिदिनुभयो । देवकलाका स्वामीबाहेक तपाईंले नै उनको सर्वाङ्ग शरीरसमेत देखिसक्नुभयो । हाम्रो धर्म, संस्कृतिमा

पनि यस्ता नारीको कल्याण गर्दा पुण्य मिल्छ भनिएको मैले सुनेकी छु । तपाईंजस्तो धर्मपरायण, मानवसेवी र ज्ञानले भरिपूर्ण पुरुषले देवकलालाई उपपत्नीका रूपमा स्विकार्नु धर्म हुन्छ र देवकलाको पनि कल्याण हुन्छ ।'

मेरी हजुरबजै हरिमायाले भनेपछि मेरा हजुरबाजे नन्दमणिले पनि आफ्नो बूढी औंला थिचेका थिए । त्यसपछि मेरा हजुरबुबाले देवकलालाई आफ्नी उपपत्नीका रूपमा बिहे गरेका थिए । उनै देवकलाका माहिला छोराका रूपमा मेरा बाजे नरध्वज प्रसाईको जन्म भएको थियो । मेरी हजुरबजै देवकलाबाट जन्मेका जेठा छोराको नाउँ दाताराम थियो । नरध्वजपछि अरू लक्ष्मण र लोकनाथ गरेर देवकलाले चार भाइ छोरा जन्माएकी थिइन् । अनि मेरी जेठी हजुरबजैका कोखबाट चाहिँ रूपनारायण, डि. रामचन्द्र, रङ्गलाल, सु. पशुपति, डि. विष्णुलाल जन्मेका थिए । मेरा हजुरबाजेका सबै छोराहरू जोड्दा नौ भाइ थिए ।

•

मेरा बाजे नरध्वज प्रसाईले शिवमाया र रुक्मिणी गरेर दुई जनासँग बिहे गरे । ती दुई पत्नीबाट पाँच भाइ छोरा र नौ बहिनी छोरी जन्मे । जेठीपट्टिका चार जना छोराहरू षडानन्द, वेणुप्रसाद, जयप्रसाद र रूपनारायण थिए भने छवटी छोरीहरू तुलसा भट्टराई, इन्दिरा भट्टराई, हिमादेवी मैनाली, लक्षिमा चुडाल, गङ्गामाया सङ्ग्रौला र हरिमाया थपलिया जन्मे । कान्छीपट्टिबाट एउटै छोरा मानबहादुर जन्मे । अनि कान्छीपट्टिबाटै पाँच बहिनी छोरीहरू पनि जन्मेका थिए– देवी खत्री, रमादेवी गौतम, पद्मा दाहाल, सरस्वता डाँगी र सानुमाया कटुवाल ।

नरध्वजका पाँच भाइ छोरामध्ये जेठा षडानन्दलाई युधिष्ठिर, माहिला मानबहादुरलाई भीम र मेरा बुबा जयप्रसादलाई अर्जुन भनिन्थ्यो । मानबहादुर भन्नु नरध्वजका कान्छी पत्नीका छोरा

थिए । त्यस बखत यी तीनको मतो मिल्थ्यो । भनौं ती भाइमध्ये एउटाले बोलेपछि अरू दुई भाइले बूढी औंठा थिच्थे । अनि सानै उमेरमा ज्ञानको प्रखरता भएकाले मेरा बुबालाई जिजु पनि भनिन्थ्यो । मेरा बुबा दुवै दाजुहरू षडानन्द र मानबहादुरका संरक्षण र उपदेशमा हुर्केकाले व्यवहारमा पनि निपूर्ण मानिन्थे ।

जसरी तीन भाइ बुबाहरू (षडानन्द, मानबहादुर र जयप्रसाद) एउटै शक्ति भएर हिँड्थे, त्यसै गरेर मेरा ठूला बुबा वेणुप्रसाद र काका रूपनारायण पनि एकअर्कामा खुबै मिल्थे । वेणु बुबा र रूपनारायण काकाको विचार पनि धेरै मिल्थ्यो । मेरा बाजे नरध्वज प्रसाईचाहिँ आफूसँग मेरा ठूलो बुबा वेणुप्रसाद र काका रूपनारायणलाई लिएर बसेका थिए ।

मेरा बुबा आफ्नो उमेरभन्दा धेरै जान्ने, बुझ्ने र ज्ञानी भएकाले उनीभन्दा जेठाहरूले उनलाई जिजु भन्ने गर्थे । क्रमश: उनी सबैका जिजु नै हुन थाले । पछिपछि उनको नाउँ 'जय' हराउँदै जान थाल्यो र 'जिजु' मा नै उनी स्थापित हुन थाले ।

मेरा बुबा र ठूला बुबाहरू सामाजिक काममा नै धन खर्च गर्थे । उदाहरणका लागि भन्ने हो भने बुबाहरू षडानन्द, मानबहादुर र जयप्रसाद अर्थात् युधिष्ठिर, भीम र अर्जुन ताप्लेजुङको हाङपाङबाट हिँडेर काठमाडौँ आएका थिए । उनीहरू काठमाडौँबाट घर फर्केपछि मेरा बुबाले मेरी आमालाई पशुपतिनाथको महिमा, गरिमा र महत्ताको बेलिविस्तार लगाएका थिए । अनि त्यसै वर्ष अर्थात् १९९५ साल कृष्ण अष्टमीमा हाम्रा बुबाआमाको जेठो छोरा विष्णुभक्त प्रसाईको जन्म भयो । अति खुसी भएर मेरा बुबाले मेरी आमालाई सोधे– 'तिमीले छोरो पाएको उपलक्ष्यमा म तिमीलाई के बक्सिस दिऊँ ?' मेरी आमाले पनि आफ्ना पतिसँग पशुपतिनाथकैं सानो मन्दिर आफ्नै घरपरिसरमा थापिमागिन् । मेरी आमाको इच्छालाई साकार पार्न युधिष्ठिर, भीम र अर्जुन लागिपरे । जसअनुरूप उनीहरूले

हाम्रा घरपूर्व चार ढोका भएको शिवालयको स्थापना गरेका थिए । अनि त्यो जग्गा हाम्रै बारी थियो । हाम्रो शिवालयमा पुष्पलाल आचार्य र उनका छोराहरू पं.गोविन्द आचार्य र महेश्वर आचार्य पुजारी थिए । अनि शिवालयका पुजारीलाई बर्सेनि पन्ध्र मुरी धान प्रदान गरिन्थ्यो । हाम्रा घरका मूल पुजारीचाहिँ पुरेत रङ्गलाल आचार्य थिए ।

मेरा बुबाहरूले मन्दिरपरिसरमा नै एउटा पाटी पनि बनाएका थिए । अनि उनीहरूले शिवालयमुनि एउटा पोखरी पनि बनाएका थिए । यति मात्र होइन यी तीनै भाइ मिलेर हाङपाङको मेलेमा च्यादरपाटी र तीनधारेहिटी पनि बनाएका थिए । साथै ठाउँठाउँमा मूलबाटो बनाउन पनि यी तीन भाइ नै अग्रसर हुन्थे । आठराईको ताप्लेजुङ र तेह्रथुम जिल्लामा २००७ सालअघि नै उनीहरू समाजसेवीका रूपमा स्थापित भइसकेका थिए ।

मेरा बुबा र ठूलो बुबा मानबहादुर प्रसाई एकछिन पनि छुट्टिदैन थिए । उनीहरू दुवै व्यक्तित्वका पनि धनी थिए । उनीहरू कुशाग्र बुद्धिका नमुना थिए । उनीहरूबारे गणेशबहादुर प्रसाईले लेखेका छन्– 'मैले मानबहादुर र जयप्रसादको जोडीलाई १९९४ सालमा उनीहरू मेरा पितालाई भेट्न भनी हाम्रो घर निघुरादिनमा आउँदा एक पटक देख्न पाएँ । त्यस बेलासम्ममा नरध्वज प्रसाईका ती दुई भाइ छोरा धनकुटा जिल्लाभर नै प्रख्यात भइसकेका थिए । बडाहाकिम माधवशमशेरका प्रिय पात्र बनिसकेका भर्खरका लक्का जवान भए पनि तेजस्वी पुरुषका रूपमा उनीहरूको गणना हुन थालिसकेको थियो । मानिस भन्थे– मानबहादुरको आँट, जिजुको बुद्धि; उनीहरूका अगाडि टिक्ने को हो ? टलक्क टल्कने सेता दौरासुरुवाल र कालो कोट भिरेका ती दुई दाजुभाइ मध्यम कदका भए पनि पातलो शरीरका भएकाले सुहाउँदो, आकर्षक र अग्ला नै देखिन्थे । रातो वर्णका मानबहादुरका अगाडि गौर वर्णका हाम्रा

जिजु (जयप्रसाद) थप कोमल स्निग्ध र आकर्षक लाग्थे । पछि मैले जीवनमा बी.पी.कोइरालाको सामीप्यता प्राप्त गरेँ । उहाँसँग साक्षात्कार हुँदा मलाई जहिलेसुकै पनि जिजुसँग भेट भएको झझल्को आउँथ्यो । किनभने १९९४ सालमा प्रथम पटक र २००९ सालमा दोस्रो पटक मैले देख्न पाएका जिजु प्रसाई र बी.पी.कोइराला उस्तै कलात्मक र चिटिक्क परेका अत्यन्त आकर्षक व्यक्तित्व थिए । एउटालाई देख्दा अर्कालाई देख्न पाएजस्तो लाग्ने । फरकचाहिँ के थियो भने एउटै बी.पी.मा मानबहादुरको आँट र दुस्साहस मात्र होइन जिजुको बुद्धि र धैर्य पनि थियो । फलत: जिजु, मानबहादुर बिलाउनासाथ अपाङ्गजस्ता बन्न पुगे । ती विद्वान्, वेदान्ती, सङ्गीतज्ञ एवं नर्तकले एकान्तको आश्रय ग्रहण गर्न पुग्दा त्यसै बिलाए; महामानव बी. पी. जस्तो उनी चम्कन सकेनन् ।'

मेरो जेठो ठूलो बुबा षडानन्द प्रसाई १९९७ सालको दसैँको चौथीका दिन स्वर्गीय भएका थिए । अनि आफ्नो दाजुको तेह्र दिनको काम सकेर मेरा माहिला ठूलो बुबा मानबहादुर प्रसाई ससुराली जान्छु भनेर घरबाट हिँडेका थिए । त्यसपछि उनी कहिल्यै घर फर्केनन् । त्यसपछि मेरा बुबा पनि हाम्रो शिवालयमा आउने, जाने जोगीहरूसँगको सङ्गतमा फसे । दुवै दाजुहरू हिँडेपछि मेरा बुबाले पनि सांसारिक मोहजालमा बस्ने मन गरेनन् । अनि क्रमश: उनी जोगी नै जस्ता भएर हिँड्न थाले । वास्तवमा युधिष्ठिर, भीम र अर्जुन क्रमश: हराएर नै गए ।

# मेरा बुबाआमाका सन्तान

मेरा बुबा जयप्रसाद प्रसाई 'जिजु' आर्थिक रूपमा सुसम्पन्न थिए । १९९० सालअघि नै त्यस दुर्गम ठाउँमा मेरा बुबाको घरको छाना च्यादरले छाइएको थियो । त्यस बेला जस्ताको छानोलाई च्यादर भनिन्थ्यो र हामी त्यस भेककै पहिलो च्यादरघरे थियौँ । त्यो ठाउँमा हाम्रो र वेणु बुबाका घर मात्र च्यादरले छाइएको थियो । त्यति बेला त्यतातिर च्यादरघरे भनेपछि हामीलाई नै चिनिन्थ्यो । हाम्रो घरमा च्यादर लगाएपछि हाम्रा छिमेकी दाजु दिलबहादुर विष्टले पनि आफ्ना फुसका घरको लाछीमा च्यादर जोडेका थिए । त्यसपछि त्यो ठाउँलाई च्यादर गाउँ भन्न थालिएको थियो ।

मेरा बुबा धनी हुनाका साथै धेरै कुराको सौखिन थिए । मेरा बुबा घोडा फेरीफेरी चढ्थे । त्यस बेला हाम्रा घरमा मेरा बुबाका चारवटा घोडा थिए । त्यसै बेला मेरा बुबाले काशीबाट हार्मोनियम, ग्रामोफोन, मइन्टोल अथवा भनौँ पेट्रोमेक्स आदि आफ्नो घरमा ल्याएका थिए । त्यतिखेर त्यस्ता मालसामान प्राय: अरू कसैका घरमा पनि हुँदैन थिए । साथै मेरा बुबाले आफूसँग भएका मालसामानहरू आवश्यकताबमोजिम अरूलाई पनि काम चलाउन दिने गर्थे । भनौँ गाउँमा पुराण, बिहेबारी र अन्य कुनै सांस्कृतिक कार्य हुँदा मेरा बुबाले हार्मोनियम, ग्रामोफोन, मइन्टोल आफूसँग जेजे छ त्यहीत्यही दिने गर्थे । मेरा ठूल्दाजु विष्णुभक्त प्रसाईका अनुसार हाङपाङमा पहिलोपल्ट मइन्टोल पुग्दा त्यस

ठाउँका वरिपरिका गाउँलेहरू मइन्टोल बलेको हेर्न हाम्रा घरमा आउँथे ।

•

मेरी आमाले आफ्ना छोराछोरीलाई निकै ठूलो अनुशासनमा राखेकी थिइन् । अटेरी, मुखाले र चकचके छोराछोरीलाई मेरी आमाले त्यतिसारो कुट्नेपिट्ने गर्दिन थिइन् । सामान्य कुटेर र पिटेर पनि तह नलाग्ने छोराछोरीलाई बोरामा हालेर बोराको मुख डोरीले बाध्ने गर्थिन् । अनि खाने बेलामा उनले बोराको मुख खोलिदिने र खाइसकेपछि फेरि बोरैमा हालेर आफ्ना छोराछोरी भुइँमा छाड्ने गर्थिन् । आमाको कठोर अनुशासन पालन गर्न मलाई चाहिँ धेरै गाह्रो थियो । त्यसैले मैले घरीघरी बोरामा खाँदिनुपर्ने अवस्था आइरहने गर्थ्यो ।

•

मेरा बुबाको स्वर्गारोहण भएपछि हामी तलतल र निकै तलै पुग्यौँ । हाम्रो आर्थिक हैसियत पनि दिनदिनै ओरालो लाग्दै थियो । मेरा बुबाआमाका छ जना छोरा र एउटी छोरी जन्मेका थिए । मेरा दाजुभाइ र दिदीले आआफ्नै इलम समाए र आआफ्नै तरिकाले खुट्टा टेक्न सिकेका थिए । मेरा बुबाआमाका सन्तानको सङ्क्षिप्त परिचय यस प्रकारको छ–

**विष्णुभक्त प्रसाई**

मेरा बुबाआमाका जेठा छोराका रूपमा मेरा दाजु विष्णुभक्तको जन्म १९९५ साल भदौ श्री कृष्णाष्टमीका दिन भएको थियो । मेरा जेठा दाजु विष्णुभक्तको न्वारानमा मेरा बुबाआमाले हाम्रो घरपूर्वको स्वयम्भू खेत नै बाहुनलाई दान दिएका थिए । मेरो दाजु जन्मेपछि हाम्रा घरपरिसरमा नै पशुपतिनाथ आकारको शिवालय स्थापना भयो । अनि त्यसपछि नै हाम्रा घरमा साधुहरूको लस्कर लाग्न

थालेको थियो । तिनीहरूलाई खान, बस्नका लागि हाम्रो घरछेउमा भण्डारा नै खोलिएको थियो ।

मेरो जेठो दाजुको बिहे दस वर्षको उमेरमा आठराई चोप्पुरकी भागीरथा मैनालीसँग भएको थियो । मेरा दाजुको बिहे गरेपछि लगत्तै देशमा २००७ साले क्रान्ति भयो । त्यस घटनालाई थेग्न नसकेपछि मेरी जेठी भाउजू आफ्ना माइतीसँग आसामतिर लागेकी थिइन् । अनि उनीहरू धेरै वर्षसम्म आसाममा नै बसे ।

मेरी जेठी भाउजू घर आउने अत्तोपत्तो नभएपछि मेरो जेठो दाजुले तेह्रथुम साब्लाका जयनारायण सुवेदीकी ठूली कान्छी छोरी भागीरथासँग दोस्रो बिहे गरेका थिए । त्यो बिहेचाहिँ २०१५ साल माघ १२ गते आइतबार भएको थियो । मेरी जेठी भाउजूबारे आमाले भन्ने गरेकी थिइन्– 'मेरी जेठी बुहारीको नाउँ पनि भागीरथा हो । उसको लोग्नेले झुक्किएर कसैको कुरा काट्ता पनि ऊ मन पराउँदिन । दाजुभाइबीच झगडा परिहाल्यो भने पनि मेरी ठूली बुहारीले आफैँ बीचमा बसेर दाजुभाइ मिलाउँछे । त्यस्ता पो हुन्छन् त बुहारी भनेको त ! असलमा वीर छे मेरी ठूली बुहारी ।' (मेरी सासू– २०६५ : इन्दिरा प्रसाई) ।

मेरो जेठा दाजुका चार छोरी र दुई जना छोरा जन्मे । चारै जना छोरीले एमए पढे । ती चारै जना छोरीको राम्रो घरजम स्थापित भयो । साथै चारै जना छोरीहरू आमाबुबाका पनि परम आज्ञाकारी भएर निस्के । तिनीहरू बुबाआमाका पूर्ण आड, भरोसा र विश्वासपात्र पनि भए ।

मेरो जेठा दाजुकी जेठी छोरी पुष्पाले भूपतिजङ्ग थापासँग बिहे गरिन् । पुष्पाका दुई छोरी जन्मे– इसा र एनिसा । माहिली छोरी मुनाले मदन खरेलसँग बिहे गरिन् र उनीहरूका एउटा छोरा अमन र एउटी छोरी मानस्वी जन्मे । साहिँली छोरी रीताको बिहे रामप्रसाद

फुँयालसँग भयो । ती दम्पतीबाट दुई भाइ छोरा ईशान र अर्पण जन्मे । अनि कान्छी छोरी रमिताको बिहे कुमार सिटौलासँग भयो र उनीहरूले पनि एउटी छोरी तेजस्वी र एउटा छोरा दर्शन पाए । मेरा दाजुका दुई भाइ छोरामध्ये जेठो सागरको सर्लाहीकी विनीता खरेलसँग बिहे भयो । उनीहरूका एउटा छोरो सन्दीप र एउटी छोरी सन्ध्या जन्मे ।

मेरा दाजुभाउजूको कान्छो छोरो सन्देश घरपरिवारवृत्तमा सहयोगीका रूपमा स्थापित भए । साथै उनी आफ्ना आमाबुबाको परम भक्त र विश्वासपात्र पनि मानिए । उनले नर्वेबाट इन्जिनियरिङ (एमई) गरे । उनी मिहिनेती पनि छन् । उनले दाङका रमेशकुमार अधिकारी तथा शान्ता अधिकारीका छोरी सुधा शर्मासँग वैवाहिक जीवन गाँसे । सुधा र सन्देश अमेरिकामा अध्ययनरत छन् । सुधाले चाहिँ लुइजियाना विश्वविद्यालयबाट मानवशरीर विज्ञान विषयमा पिएचडी गरिरहेकी छिन् ।

**नीरा सिटौला**

मेरा आमाबुबाकी एउटै छोरी नीरा दिदी १९९७ साल पुस २२ गते जन्मिन् । दिदीले हाम्रो परिवार उकास्न धेरै मिहिनेत गरिन् । बिहेअघि र पछि पनि उनले मन, वचन र कर्मले हाम्रो सेवा गरिरहिन् । उनको बिहे तेह्रथुम मूलपानीका बालकृष्ण सिटौलाका जेठा छोरा नीलकृष्ण सिटौलासँग भयो । उनीहरूबाट दसवटी छोरी जन्मे र चार जना छोरीचाहिँ शिशुकाल र बाल्यकालमै स्वर्गीय भए । दिदीका छवटी छोरीमध्ये माहिली छोरी गुनाको बिहे भएन । चेतनको बिहे जनक अधिकारीसँग भयो । चेतनका दुई भाइ छोरा रमेश र रञ्जन जन्मे । रमेश अधिकारीको नीता ओझासँग बिहे भयो र उनीहरूबाट एक जना छोरी जन्मिन् । चेतन जनककी एउटी छोरी रमिताले एक्काइस वर्षको उमेरमा देहत्याग गरिन् । मेरी दिदीकी साहिँली छोरी मुनाको श्रीधर भुसालसँग बिहे भयो । उनीहरूका एक जना छोरा विवेक जन्मे । विवेक अस्ट्रेलियामा

अध्ययनरत छन् । दिदीकी छोरी छुनाको तोयानाथ ओडारीसँग बिहे भयो । उनीहरूका दुई छोरा अभिषेक र आकाश छन् । अस्ट्रेलियामा अध्ययनरत अभिषेकले सिमरन सुवेदीसँग वैवाहिक जीवन गाँसे । दिदीकी छोरी टीकाको घरजम टिकेन । उनकी छोरी सृष्टि खरेल र सन्देश खरेल मेरी दिदीसँगै बसेर पढिरहेका छन् । मेरी दिदीकी कान्छी छोरी सरस्वतीको बिहे भूपाल चिमोरियासँग भयो । उनीहरूबाट दुई छोरी सभूपा र सञ्चु र एक जना छोरा सचिन जन्मे । सभूपा अस्ट्रेलियामा अध्ययनरत छिन् । मेरा दिदीभिनाजुका एक जना छोरा जन्मे– अर्जुन र उनको बिहे ज्योति गौतमसँग सम्पन्न भयो । उनीहरूले अस्ट्रेलियामा नै घरजम गरे । उनीहरूकी एउटी छोरी आर्या छिन् । मेरा भिनाजु २०६१ साल कात्तिक २६ गते झापामा स्वर्गीय भए । त्यसपछि मेरी दिदी छोरीज्वाइँ र आफ्नो छोरा अर्जुनको आडमा ललितपुरको धापाखेलमा घर बनाएर बसाइँ सरिन् ।

**पद्मराज प्रसाई**

मेरा माहिला दाजु पद्मराज १९९८ चैत १४ गते जन्मेका थिए । उनी बाल्यकालमै तेजस्वी थिए । सानैमा उनी ज्ञानगुनले भरिएका थिए । २००७ सालको जनक्रान्तिका समयमा धनीमानीहरूउपर आक्रमण हुन थालेको थियो । त्यसैले हाम्रा परिवारजनले पनि घर छाड्न बाध्य हुनुपरेको थियो । घरपरिवार भागेर मधेस जाँदा माल्दाजु पनि साथै गएका थिए । उनीहरू हाङपाङबाट पाँच दिन हिँडेर झापाको बिर्ताबजार पुगेका थिए । केही दिनपछि मेरा माल्दाजुलाई चाहिँ औलोले समाएछ । भनौँ मधेसमा नै उनलाई ज्वरोले च्याप्न सुरु गरेको थियो । गाउँमा शान्ति भएपछि फागुन महिनाको अन्त्यतिर उनीहरू फर्केर पहाड घरमा आए । हाङपाङ पुगेपछि मेरा माल्दाइ थला परेका थिए । दुई वर्षजति दुखेपछि एघार वर्षको उमेरमा उनी दिवङ्गत भए । माल्दाइ २००९ सालको तीजका दिन स्वर्गीय भएकाले त्यसपछि मेरी

आमालाई कहिल्यै तीज आएन । हरसाल तीजका बेला मेरी आमाका आँखामा म आँसु देख्ने गर्थें । त्यसैले नै त्यस पर्वमा म पनि कहिले उत्साहित भइनँ । किनभने त्यस दिन म मेरी आमाका आँखाभरि आँसु थुप्रिएको सम्झने गर्दछु ।

**दीर्घराज प्रसाई**

मेरो साहिँला दाजु दीर्घराज २००० साल वैशाख २० गते जन्मे । उनले त्रिभुवन विश्वविद्यालयबाट एमए पास गरे । पञ्चायतका प्रखर लेखकका साथै इमानदार र देशभक्त राजनीतिज्ञका रूपमा उनको नाउँ स्थापित भयो । राजाबाट उनी दुईपल्ट राष्ट्रिय पञ्चायतका माननीय सदस्यमा मनोनीत भएका थिए ।

दीर्घ दाजु हाम्रो परिवार भनेपछि हुरुक्कै हुन्थे । उनी आमाका परम भक्त थिए । उनी मनकारी पनि थिए । हाम्रो परिवार उकास्ने काममा उनी हरपल कसरत गर्थे । म झापा आन्दोलनमा लागेको दीर्घ दाइलाई पनि थाहा थियो । मलाई पुलिसले मार्छन् भनेर मेरी आमा र दिदीको मायाले मलाई काठमाडौँतिर धकेलेको थियो । अनि म काठमाडौँमा दीर्घ दाइकै आडमा बसेको थिएँ । म उनको परम भक्त थिएँ । दाजु र म राम, लक्ष्मणजस्तै भएर दुक्खसुख्ख बाँडेरै काठमाडौँमा बसेका थियौँ । तर उनको बिहेपछि उनले हामीलाई थेग्नै सकेनन् । अथवा भनौँ उनका घरमा टिक्नै नसकेर म निस्केको थिएँ । मेरी कान्छी आमाका छोरा लक्ष्मी दाइ भने अनेक अपमान खेपेर अर्को वर्षसम्म पनि दाजुभाउजूसँगै टाँस्सिएका थिए । वास्तवमा बिहे गरेको केही वर्षसम्म पनि दीर्घ दाजु हाम्रो सम्पूर्ण घरपरिवारका लागि मन, वचन र कर्मले समर्पित थिए । तर उनको पारिवारिक निष्ठाप्रति समयले बडेमाको ठेस लगाइदियो । भनौँ उनी हामीबाट चिप्ले । त्यसपछि उनी एक्लाजस्ता भए ।

दीर्घ दाइले ललितपुर सानेपाका कुलेन्द्रपुरुष ढकालकी कान्छी छोरी सानुबाबासँग २०३२ साल असार ३० गते बिहे गरे । उनीहरूकी

एउटी छोरी र एक जना छोरा जन्मे । छोरी टिस्टाको देवराज जोशीसँग र छोरा काँगडाको दिव्या ढकालसँग बिहे भयो । मेरी साहिँली भाउजू सानुबाबा प्रसाईको २०७५ साल वैशाख ११ गते काठमाडौँमा स्वर्गारोहण भयो ।

**भरतराज प्रसाई**

मेरो काहिँला दाजु भरतराज २००८ साल मङ्सिर १० गते जन्मेका थिए । उनी सानैदेखि सरल थिए । उनले झापा धाइजनका अग्निप्रसाद शिवाकोटीकी छोरी रूपासँग २०३० साल मङ्सिर ३० गते बिहे गरे । मेरी रूपा भाउजूबारे मेरी आमाको मत थियो– 'काहिँलो छोरो भरतराजकी बेहुली रूपा पनि सबैको जय चिताउँछे । त्यो बुहारी पनि साह्रै असल छ ।' (मेरी सासू– २०६५ : इन्दिरा प्रसाई) ।

भरत दाइ पनि आफ्नै खुट्टा टेकेर उभिए । उनका तीन छोरी र एक छोरा जन्मे । जेठी छोरी रेखा सोह्र वर्षको उमेरमा २०५० साल वैशाख १९ गते मुटुसम्बन्धी रोगबाट स्वर्गीय भइन् । भरत दाइ र रूपा भाउजूले झापामा छोरीका नाउँमा रेखास्मृति पुरस्कार गुठी खोलेका थिए । उनीहरूले प्रवेशिका परीक्षामा झापा जिल्लामा सर्वप्रथम हुने विद्यार्थीलाई बर्सेनी पुरस्कार समर्पण गर्थे । दाजुभाउजू पनि काठमाडौँ नै बसाइँ सरे । त्यसपछि दाजुभाउजू, डा.कञ्चनजङ्घा प्रसाई र नइको समेत आर्थिक सौजन्यमा २०६६ सालदेखि नइ प्रकाशनले 'नइ रेखा पुरस्कार' को स्थापना गरेको छ । दाजुभाउजू बसाइँ सरेर काठमाडौं आएदेखि प्रवेशिका परीक्षामा सर्वप्रथम हुने सीतापाइलाको युवा सहभागिता माध्यमिक विद्यालयका छात्रालाई नगद राशिसहित बर्सेनी 'नइ रेखा विद्यापदक' समर्पण गर्ने कार्य पनि भइरहेको छ ।

भरत दाइ र रूपा भाउजूका दुईवटी छोरी रोशन र रचनाले एमए पास गरेका छन् । रोशनको योगेश मैनालीसँग बिहे भयो ।

उनीहरूबाट एक जना छोरा ऋतिक जन्मे । रचनाले पनि एमएस्सी पास गरेकी छिन् । उनको बिहे नरोत्तम ढकालसँग भयो र ती दम्पतीबाट एउटा छोरा रियान्स जन्मिए । रोशन र रचना पनि आमाबुबाका आज्ञाकारी छन् ।

मेरा दाजुभाउजूका एक जना छोरा जन्मे । उनको घरेलु नाउँ राजु र औपचारिक नाउँ केशर हो । डा.केशर प्रसाईले अमेरिकाबाट पिएचडी गरे । उनी ललितपुरस्थित कान्तिपुर इन्जिनियरिङ कलेजमा सहायक प्रिन्सिपलमा कार्यरत छन् । उनको बिहे झापाका कृष्णकुमार मैनाली र लता मैनालीकी छोरी सिर्जना मैनालीसँग भयो । यी दम्पतीबाट एउटा छोरा शुभम अमेरिकामा नै जन्मे । सिर्जना त्रिभुवन विश्वविद्यालयको महाराजगञ्ज मेडिकल कलेजमा एमएन् (मास्टर अफ नर्सिङ) अध्ययनरत छिन् ।

**नरेन्द्रराज प्रसाई**

अन्तरे छोराका रूपमा म २०११ साल चैत २९ गते जन्मेको थिएँ । मेरो बाल्यकाल जिजु हाउसमा नै बित्यो । मैले त्यहीँको सरस्वती हाईस्कुलमा पाँच कक्षासम्म पढेँ । त्यसपछि मेरी आमाको सल्लाहले केही दिन घुम्न भनेर म मधेस आएँ । मधेस टेकेपछि मलाई ठूल्दाजु र भाउजूले छोडेनन्, त्यसैले म झापामा नै बसेँ । अनि म छ कक्षामा शनिश्चरे हाईस्कुलमा भर्ना भएँ ।

म झापा बसेपछि मैले मेरी आमालाई रोएर चिठी लेखेँ– 'आमा झापा आउनु नत्र मलाई पहाड बोलाउनु ।' यस्ता बेहोरा खामिएका चिठी मैले मेरी आमालाई तारन्तार लेखिरहेँ । मेरो ढिपी र करबलका कारण अन्ततः मेरी आमा पनि झापामा नै बसाइँसराइ गरेर आइन् । त्यसपछि म पनि हाम्रै खेतीबाट साइकलमा स्कुल धाउन थालेँ । त्यहाँ ८ कक्षा पढेकै बेला म झापा आन्दोलनमा सरिक भएको थिएँ । मेरो गतिविधिले मेरी आमा र मेरी दिदी नीरा सिटौला चिन्तित थिए । त्यसैले उनीहरूले मलाई झापाबाट

काठमाडौंतिर हुत्याउने दाउ हेर्न थाले । परिणामस्वरूप मेरी आमा र दिदीकै आड, भरोसा र सल्लाहमा म काठमाडौं आएँ । काठमाडौंको पद्मोदय हाईस्कुलमा म ९ कक्षामा भर्ना भएँ । त्यस बखत म काठमाडौं उपत्यका अन्तरहाईस्कुल विद्यार्थी समितिको सचिव र फेरि सभापतिमा पनि निर्वाचित भएँ । त्यही स्कुलको विद्यार्थीका रूपमा मैले आठराईको त्रिमोहन हाईस्कुलको केन्द्रबाट एसएलसी परीक्षा दिएँ । त्यसपछि मैले रत्नराज्यलक्ष्मी क्याम्पसमा आईए पढें । त्यसै कालखण्डमा मैले अन्तर्जातीय प्रेमविवाह गरें । विवाहपछि पनि म ध्यान दिएर पढ्दै थिएँ । त्रिचन्द्र क्याम्पसमा बीए पढेताक २०३६ सालमा देशमा जनमत सङ्ग्रह भएको थियो । त्यसै परिवेशमा मौजुद राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल शाही आयोगबाट खारेजीमा परेको थियो । त्यसपछि सूर्यबहादुर थापा, रामहरि शर्मा, राजेश्वर देवकोटा र सिंहध्वज खड्काहरूका सल्लाहमा हामीले 'नेपाल राष्ट्रिय विद्यार्थी सङ्गठन' को स्थापना गरेका थियौं । अनि त्यस सङ्गठनको म केन्द्रीय अध्यक्ष भएको थिएँ ।

त्रिचन्द्र क्याम्पसबाटबाट मैले बीए पास गरें । अनि म नेपाल जनप्रशासन क्याम्पसमा एमपिएमा पढ्न थालें । विविध प्रपञ्च जोडिएका कारण मैले त्यो डिग्री हात पार्न सकिनँ । त्यसैबीच मेरो छोरो कञ्जनजङ्घा २०३८ साल जेठ १६ गते जन्म्यो । त्यसपछि म परिवारको भरणपोषणको काममा लागें । खास गरेर समय र आर्थिक अभावका कारण मैले विश्वविद्यालयस्तरीय पढाइको अन्तिम परीक्षा दिन सकिनँ ।

२०४२ सालको कुरा हो– रानी ऐश्वर्यले मलाई 'मसँगै बसेर काम गर' भनिन् । त्यतिखेर रानी आफैंले सभापतित्व ग्रहण गरेको उपकार कोष प्रबन्ध समितिको सदस्यमा रानीले मलाई मनोनीत गरिन् । साथै रानीकै इच्छाबमोजिम म 'उपकार' त्रैमासिकको सम्पादकमा पनि नियुक्त भएँ । रानी मेरो कामबाट थप प्रभावित

भइन् । अनि रानी आफैँ अध्यक्ष भएको सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को सूचना तथा प्रचार समितिको सदस्यसचिवमा पनि म मनोनीत भएँ ।

मेरो प्रथम विवाह भत्केर गयो । भनौँ हामी पतिपत्नीबीच रुचि मिल्न छोडयो, कुरा मिल्न छोडयो र व्यवहार पनि मिल्न छोडयो । एउटै छातामुनि हुँदा पनि खानापिना र सुत्न, बस्नबाट हामी टाढा हुन थाल्यौँ । हामीमाऊको आचरणमा धेरै बेमेल हुन थाल्यो । त्यसैले हामीले आआफ्नो बाटो फेर्नेबारे विमर्श गर्न थाल्यौँ । अनि हाम्रो छोरो कञ्चनजङ्घामार्फत हामीले सहमतिबाटै सम्बन्ध विच्छेदको बाटो रोजेका थियौँ ।

इन्दिरा प्रसाई मेरो जीवनमा प्रवेश भएपछि मभित्र थप रौनक थपियो । हामी दुवै साहित्यकारसमेत भएका नाताले हामीले आआफ्ना नाउँको अघिल्लो अक्षर जोडेर 'नइ प्रकाशन' को स्थापना गऱ्यौँ । त्यसपछि अमर प्राज्ञ घटराज भट्टराईसमेतको संलग्नतामा हामी नइले नेपाली साहित्यका विभूतित्रय कविशिरोमणि लेखनाथ पौडयाल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाका पूर्ण कदका ढलौटका सालिक निर्माण गऱ्यौँ । त्रिमूर्ति नामकरण गरेर ती सालिक हामीले २०६१ साल भदौ ११ गते काठमाडौँको सञ्चारग्राममा स्थापना गऱ्यौँ ।

**गङ्गाराज प्रसाई**

मेरो कान्छो भाइ गङ्गाराज २०१४ साल वैशाख १४ गते जन्मेको थियो । मेरो कान्छो भाइ हामी सबैको सहयोगीका रूपमा स्थापित हुँदै आउँदै थियो । बिहेपछि पनि धेरै वर्षसम्म कान्छाले आमाप्रति अत्यन्तै ठूलो भक्तिभाव चढाइरह्यो । उसको आमाप्रतिको त्याग र घरव्यवहारमा उत्कृष्ट कृत्यबाट प्रभावित भएर मैले मेरी आमासँग प्रस्ताव राखेँ– 'कान्छाका छोराछोरी पढाइमा लद्धु छन् । यिनीहरूले सालबारीको सरकारी स्कुलमा पढेर पार लगाउने

छाँटकाँट पनि देखिँदैन । आँखिर कान्छाले पनि पढेन । बरु यसका छोराछोरीलाई कन्काई बोर्डिङ स्कुलमा हालिदिऊँ ।' कान्छाका तीनै जना छोराछोरीलाई हामीले जयनारायण ढुङ्गानाको कन्काई बोर्डिङ स्कुलमा भर्ना गऱ्यौँ । हामी सगोलमा नै भएर पनि मैले ठूल्दाजुलाई समेत नसोधी कान्छाका छोराछोरीलाई त्यस बेला बोर्डिङमा पढाएको थिएँ ।

मेरो कान्छो भाइ बिस्तारै हाम्रो परिवारसँग टेढोमेढो हुन थालेको थियो । ऊ आमासँग पनि वैरभाव राख्ने हैसियतमा पुगेको थियो । ऊ क्रमशः उसको ससुरालीतिरकै हुन थाल्यो । उसको बिहे रामकुमारी खरेलसँग भएको थियो । आमाका शब्दमा भन्ने हो भने– 'सुरुसुरुमा कान्छी बुहारी पनि असलै थिई । त्यसैले मेरो सम्पूर्ण गृहस्थी त्यही बुहारीलाई सुम्पेँ । अनि बिस्तारैबिस्तारै म पाखा हुन थालेँ । यी अहिले त म जोगी नै भइनँ त ?' (मेरी सासू– २०६५ : इन्दिरा प्रसाई) ।

मेरा भाइका दुई छोरा शङ्कर, सङ्गम अनि एउटी छोरी शर्मिला जन्मे । शङ्करको बिहे सिर्जना रोक्कासँग भएको थियो । तिनीहरूकी एउटी छोरी शैली पनि जन्मिन् । बिहे गर्नेबित्तिकै मेरो भाइले शङ्करलाई अरबको दुबईमा पैसा कमाउन पठाएका थिए । तर उनी गएको केही महिनामा उतै बिते । उनको लास पनि फेला परेन । एक महिनासम्म लास पर्खेपछि लासको सट्टा कुश जलाएर संस्कार गर्नुपरेको थियो ।

•

हामी सबै दाजुभाइ र दिदी हाङपाङको जिजु हाउसमा नै जन्मेका थियौँ ।

# मेरी आमाको जनसेवा र कष्ट

धनीमानी, समाजसेवी र दानीका कारण गाउँमा मेरी आमाको निकै ठूलो इज्जत थियो । तर उनीमा धनको कहिल्यै अभिमान आएन । उनीभित्र केवल सेवाभाव ओतप्रोत थियो । गाउँघरमा दुक्ख पाएकाहरूको आँसु पुछ्ने काम पनि मेरी आमाबाट हुन्थ्यो । घरमा जोकोही जे माग्न आए भने पनि उनीहरूको भाँडो भरिन्थ्यो । वास्तवमा उनी त्यस ठाउँकै करुणा थिइन् ।

•

मेरी आमा निरक्षर थिइन्, तर उनी आफ्ना छोराछोरीलगायत गाउँका बालबच्चाको समेत शिक्षाका लागि मरिमेट्थिन् । त्यस ठाउँमा शिक्षाको ज्योति फैलाउने काम पनि मेरी आमाबाटै सुरु भएको थियो । मेरा बुबाआमाले २०१० सालको सरस्वती पूजाका दिन आफ्नै गोदाम घरमा स्कुलको स्थापना गरेका थिए । त्यो स्कुल स्थापना गर्नुअघि मेरा दाजु विष्णु प्रसाई भनौं मानबहादुर प्रसाईका छोराको नेतृत्त्वमा मेरा दाजुहरू रत्नप्रसाद प्रसाई, विष्णुभक्त प्रसाई, कृष्णराज प्रसाई चुहान्डाडाको शारदा हाईस्कुलमा पढ्न गएका थिए । त्यति बेलासम्म हाम्रो गाउँमा कुनै पनि स्कुलको स्थापना भएको थिएन । त्यो कालो युगमा गाउँ छिमेकबाट बालकहरूलाई फकाएर पढाउन ल्याउनुपर्थ्यो । त्यस ठाउँमा विद्यार्थी भेला पारेर स्कुल चलाउन अति गाह्रै थियो । त्यस बेला स्कुल पढ्ने परिपाटि नै थिएन । त्यसैले स्कुल खोले पनि बालबच्चा पढ्न आउन मान्दैनथे ।

त्यसपछि मेरी आमाले बालबच्चा भेला पार्ने जुक्ति झिकिन् । कुरा के हो भने– मेरी आमाले धनीका छोरालाई गुलियो खुवाएर र गरिबका छोरालाई खानापिनाको समेत प्रबन्ध गरेर स्कुल आउन पल्काएकी थिइन् ।

मेरी आमाले स्थापना गरेको स्कुलमा खगेन्द्र प्रसाई (पछि मन्त्री), विद्याराज प्रसाई, दीर्घराज प्रसाई (पछि रापस), नन्दकुमार प्रसाई (पछि सांसद), देवकृष्ण प्रसाई, जोगमाया प्रसाई आदिले पढेका थिए । साथै स्कुलमा अङ्ग्रेजी पढाउन आठ कक्षा पास भएका भवानी सुवेदीलाई तेह्रथुमबाट ल्याइएको थियो । तर सुवेदीको चालचलन ठीक नभएपछि उनले त्यहाँबाट खेदिनुपरेको थियो । त्यसपछि हाम्रा दाजुहरूले ती शिक्षकका नाउँमा एउटा गीतै पनि बनाएका थिए–

**हाङपाङमा ल्यायौँ तेह्रथुमे मास्टर नौ महिना पढायो**
**नाउँ थियो त्यसको भवानीप्रसाद केटीलाई फकायो ।**

•

हाम्रो गोदाम स्कुलमा विद्यार्थीको चाप बढ्न थालेको थियो । त्यसपछि ठूला बुबा वेनुप्रसाद प्रसाई र काका रूपनारायण प्रसाईको अग्रसरतामा शिवालयसँगैको पूर्वपट्टि 'देवी प्राइमरी स्कुल' को स्थापना गरिएको थियो । त्यो स्कुल स्थापनाका लागि ठूला बुबा लप्टन देवीप्रसाद प्रसाईका छोरा खनूप्रुदे 'रामबाबू' ले जग्गा प्रदान गरेका थिए । भारतको बिहारबाट रुद्रनारायण कायस्थ (म्याट्रिक) र भागलपुरबाट रामकृष्ण शर्मा (आईए) लाई देवी प्राइमरी स्कुलमा अङ्ग्रेजी पढाउन शिक्षक ल्याइएको थियो । त्यति बेला पल्ला गाउँको देवीथानमा पनि सरस्वती प्राइमरी स्कुल थियो । पछि त्यो स्कुल सरस्वती डिएसबी (District Soldier Board) मिडिल स्कुल भएपछि वल्ला गाउँको देवी स्कुल पनि त्यहीँ

गाभिएको थियो । त्यहाँ दुई स्कुल गाभिनुअघि वल्ला गाउँको स्कुललाई बाहुन स्कुल र पल्ला गाउँको स्कुललाई लिम्बू स्कुल भनिन्थ्यो । तर दुवै स्कुल एउटै भएपछि बाहुन स्कुल र लिम्बू स्कुलको विवाद पनि हराएर गएको थियो ।

सरस्वती डिएसबी हाईस्कुलका सेक्रेटरी मेरा ठूला बुबा षडानन्द प्रसाईका छोरा कृष्णराज प्रसाई थिए । कृष्णराज दाजुकै नेतृत्वमा त्यस बेला त्यस क्षेत्र मौलाएको थियो । उनी मेरी आमाका भक्त थिए । त्यसैले मेरी आमालाई शिक्षासेवा गर्न पनि सजिलो थियो । मेरा बुबा स्वर्गीय भएपछि पनि स्कुल पढ्नेहरूका लागि मेरी आमाले त्यस ठाउँमा नि:शुल्क छात्रावासको स्थापना गरेकी थिइन् । 'जिजु हाउस' नाउँको उक्त छात्रावास मेरी आमाकै घर थियो । त्यसैले उनका बारे पूर्वराजनीतिज्ञ तथा श्री ५ को सरकारका सचिव तेजबहादुर प्रसाईले लेखे– 'हाम्री आमा भागीरथा प्रसाई निरक्षर भएर पनि चेतनाकी प्रखर नारी थिइन् । सङ्घर्षपूर्ण जीवनयापनका साथै उनमा भएको सामाजिक भावनाको प्रचुरता स्तुत्य छ ।'

युवा अवस्थामा मेरी आमाको स्वास्थ्य राम्रो थियो । उनी आफ्ना शिशुलाई दूध चुसाएर छिमेकीतिरका घरमा पस्थिन् । उनी आफूसँग बाँकी रहेको दूध आमाको दूध नपुगेका शिशुहरूलाई चुसाउँथिन् । साथै उनी धनी र गरिब सबैलाई एउटै आँखाले हेर्थिन् । कसैलाई अन्याय परेको देखेपछि उनी न्याय दिलाउन पनि तम्सिन्थिन् । उनको हकी स्वभावका अघि अत्याचारीको सातो जान्थ्यो । उनको उपकारी व्यक्तित्वको परिचय पाएका मानिसले उनका अघि श्रद्धाले शिर निहुर्‍याउँथे ।

मेरी आमा सारै जाँगरिली थिइन् । उनी एकैछिन पनि हात बाँधेर बस्तैन थिइन् । साथै अनावश्यक रूपमा गफिएर बस्नेलाई

पनि उनी मन पराउँदैन थिइन् । उनी हरेक प्रकारका सीपले सजिएकी थिइन् । उनले समय, सन्दर्भअनुसार नजानेको र नगरेको कुनै काम पनि थिएन । उनी गुन्द्री, गजरा, पिरा आदि बुन्न पनि सिपालु थिइन् । हाम्रा घरका आधारभूत घरेलु वस्तुहरू उनैबाट सम्पादन हुने गर्थ्यो । साथै उनी आशुकवयित्री पनि थिइन् । त्यति मात्र होइन, मेरा बुबाले वाचन गरेका पुस्तकहरूका श्लोकहरू उनलाई प्राय: कण्ठाग्र थिए । सुरिलो भाकामा उनी गीत पनि गाउँथिन् । उनी चाडपर्वमा आफ्ना मन परेका साथीसङ्गीसँग नाचगान गर्न पनि इच्छा राख्थिन् ।

मेरी आमालाई पशुपालनमा खुबै रहर थियो । हामी पहाड बसेका बेला होस् या मधेस बसेका बेला होस् हाम्रा घरमा एउटा लैनो गाई या भैँसी टुट्तैनथ्यो । उनी आफैँ दूध दुहुन्थिन्, आफैँ मोही पार्थिन् र आफैँ घ्यू खार्थिन् । साथै उनमा बरबगैँचा निर्माण गर्ने सीप पनि थियो, जाँगर पनि थियो र सौख पनि थियो । चाहे ताप्लेजुङमा होस् र चाहे झापामा होस् उनले आफ्नो घरमा लोभलाग्दो बरबगैँचा बनाएकी थिइन् । झापाको हाम्रो खेतमध्ये झन्डै एक बिघा खेतमा चाहिँ बरबगैँचा फैलिएको थियो । उनले त्यही बरबगैँचाबाट स्कुलेविद्यार्थी र माग्न आउनेको झोला गह्रुङ्गो पार्ने काम गर्थिन् । वास्तवमा कसैलाई केही दिन पाउँदा उनी धेरै खुसी हुन्थिन् । यसबारे उनी भन्ने गर्थिन्– 'आशामुखीहरूलाई निराश पार्नु हुँदैन, खुसी पार्नुपर्छ ।'

•

मेरा बुबा जागरूक थिए । उनी ज्ञानगुनले भरिएका थिए । समाजसेवा र शिक्षासेवा उनको मन पर्ने विषय थियो । उनी विद्यार्थीलाई नि:शुल्क पढाउने गुरुबाबु पनि थिए । गीत, सङ्गीतका उनी पारखी थिए । स्कुलमा प्राय: हरेक दिन उनैले प्रार्थनाको अगुवाइ गर्थे ।

हाम्रो घरपरिसरमा शिवालय बनेपछि हाम्रा घरमा प्राय: जोगीहरूकै बास हुन्थ्यो । तिनै जोगीहरूसँग नै मेरा बुबाको पनि आत्मीयता बढ्दै जान थाल्यो । अनि मेरो जन्मपूर्व मेरा बुबा पनि जोगीकै सङ्गतमा हिँड्न थाले । मेरा बुबाको मन फर्काउन मेरी आमालाई झन्डै दस वर्ष लागेको थियो ।

मेरा बुबालाई जोगीको सङ्गतबाट छुटाएपछि उनी क्रमश:, क्रमश: र क्रमश: सिथिल हुँदै जान थालेका थिए । त्यसपछि उनले घरव्यवहारबाट पनि हात झिकिदिए । केही काम गर्न पनि उनका मनमा जाँगर, साहस र आँट थिएन । सायद त्यतिखेर उनलाई अल्जाइमर भएको पनि हुन सक्छ । किनभने उनका मस्तिष्कले बिस्तारै काम गर्न छाडिसकेको थियो । त्यसैले जीवनको अन्त्यमा उनी एकान्तप्रिय नै भइसकेका थिए । सुस्ताउँदै जाँदा उनी मृत प्राय: भइसकेका थिए । अन्तत: मेरा बुबा २०२० साल असार ४ गते जिजु हाउसमा स्वर्गीय भए ।

चवालीस वर्षको उमेरमा मेरी आमा विधवा भइन् । त्यसपछि उनले आर्थिक कष्ट पनि खेप्न थालिन् । मेरी आमाकै प्रसङ्गमा नन्दकुमार प्रसाईले लेखे– 'त्यसपछि उहाँकै आफन्तले उहाँको सम्पत्तिमा गिद्देदृष्टि लगाई आर्थिक धक्का पुऱ्याएका थिए । त्यस्तो अवस्थामा पनि साहिँली आमाबाट सौता र सौतापट्टिका छोराछोरीहरूका साथै आफ्ना लालाबाला स्याहार्ने काम भयो ।' (मेरी सासू– २०६५ : इन्दिरा प्रसाई) । (नन्दकुमार प्रसाई भन्नु मेरी आमाकी सौताकी दिदीका छोरा अर्थात् मेरा बुबाका साढुदाइका छोरा हुन् ।

मेरी आमाले ताप्लेजुङको हाङपाङमा जीवनका निकै महत्त्वपूर्ण समय भुक्तान गरिन् । सुरुसुरुमा सुक्ख पाए तापनि पछिपछि त्यस ठाउँमा उनले रोएर नै समय बिताउनुपरेको थियो । त्यस घडी

उनले धेरै नै पीडादायी जीवन भुक्तान गरेकी थिइन् । एउटी अत्यन्तै सम्पन्न परिवारमा रहेकी नायिकाको जीवनमाथि अनायासै बिर्सिनसक्नुको पहिरो गएको थियो ।

त्यस बेलाको सामाजिक मान्यता अति दयनीय, क्रूर र दानवीय नै थियो । छोरीचेलीलाई कन्यादान गरेपछि उनीहरूप्रति अधिकांश माइतीले तिलको दानाजति पनि दायित्व लिँदैन थिए । मेरी आमाका हकमा पनि त्यस्तै परिवेश जोडिएको थियो । माइतबाट मैतालु पठाइँदा 'कि घर गरेर खानू, नसके तमोरमा हामफालेर मर्नू' भन्ने लोकोक्तिले मेरी आमाको मुटुमा सुइरो हानेको थियो । त्यसैले आफ्ना पतिको निधनपछि उनी आर्थिक दृष्टिले तलतल र तल झर्दै जाँदा पनि उनले सङ्घर्ष नै गरिरहिन् । तर जति दुक्ख पाए पनि उनले माइती कहिल्यै गुहारिनन् । त्यतिखेर मेरी आमाले कति दुक्ख पाएकी थिइन् भने अति दुक्ख पाएकी थिइन् । राजनीतिज्ञ खनूप्रुदे रामबाबू प्रसाईले लेखेअनुसार मेरी आमाले 'सुनसरिको सुक्ख र पितलसरिको दुक्ख पाइन् ।' तर पनि मेरी आमा जीवनसँगको सम्झौताको पूर्ण निष्ठामा बाँधिएकी थिइन् ।

मेरी आमालाई जतिसुकै दुक्ख, कष्ट र पीडा भए तापनि उनी कसैसँग लत्रेर हिँडिनन् । उनी आफ्नो शिर ठाडो पारेर नै हिँडिन् । आफूलाई हेप्ने, डग्ने र थिचोमिचो गर्ने देवरजेठाजुसँग पनि उनी हारेर बसिनन् । उनी हाङपाङमा जति बसिन् टेक गरेर, हिम्मत गरेर र आत्मस्वाभिमान कायम राखेर नै बसिन् ।

# मेरी आमाकी सौता

मेरी आमा सुझबुझ राख्ने व्यावहारिक नारी थिइन् । साथै उनी मेरा बुबाकी परम आज्ञाकारी पनि थिइन् । वास्तवमा मेरी आमाले तत्कालीन सामाजिक कुरीतिको ठूलो प्रताडना भोगेकी थिइन् । त्यही वातावरणका कारणले पनि मेरी आमाले सौता बेहोर्नुपरेको थियो ।

मेरी हजुरआमा शिवमाया निकै झ्वाँकी स्वभावकी थिइन् । उनले गर्न खोजेको काम गरेरै देखाउने गर्थिन् । उनका अगाडि बुहारीहरूलाई शिर उठाउन निषेध थियो । उनी आफ्ना बुहारीहरूप्रति क्रूर शासन गर्थिन् । त्यसैको परिणामले मेरी आमाले पनि अनायासै सौता भिर्नुपरेको थियो । कुराको चुरोचाहिँ के रहेछ भने– मेरी हजुरआमाको माइती शिवाकोटी र मेरा मावली उप्रेती खलकमाझ एउटी नारीलाई दुक्ख दिएको विषयमा अहम् बढेको थियो । ती नारी उप्रेतीकी छोरी रहिछिन् र उनको शिवाकोटीसँग बिहे भएको रहेछ । बिहेपछि उनी विधवा भइछिन् । त्यसपछि ती विधवा नारीलाई घरपरिवारले उचित खान र लाउन दिन छोडेछन् । त्यो बेहोरा मेरा मावलीले थाहा पाएपछि मेरी हजुरआमाको माइतीउपर उनीहरू जाइलागेका थिए रे ! कतिसम्म भने उप्रेतीहरूले कचहरी गरेरै शिवाकोटीहरूबाट ती विधवा नारीलाई न्याय दिलाएछन् । यस घटनाले मेरी हजुरआमाको अहम्मा धेरै ठूलो चोट लाग्न गएछ । अनि त्यही रनाहामा मेरी हजुरआमाले मेरी आमालाई सौता

हालिदिएकी थिइन् । यस विषयको कुरा निस्किँदा मेरी आमा सधैँ भन्ने गर्थिन्– 'शिवाकोटीहरू मिलेर उप्रेतीहरूको सेखी झार्ने योजना बनाए । अनि त्यही योजनामुताबिक म उप्रेतीकी छोरी भएबापत मलाई सौता हाल्न मेरी सासूलाई उक्साए । अनि हतारहतार आफ्नै गाउँमा केटी पनि खोजे र मेरा बूढाकी कान्छी श्रीमतीका रूपमा हाम्रो घरमा भित्र्याए । तर मेरो के सेखी झर्नु र ? मेरो सेखी झरेन ।'

मेरी आमाकी सौताका रूपमा हाङपाङकै चुवाँका दधिराम चुडाल र विश्वेश्वरा चुडालकी कान्छी छोरी दिव्यरूपा चुडाल जिजु हाउसमा प्रवेश भएकी थिइन् । मेरी आमाले उनलाई सौताजस्तो कहिले व्यवहार गरिनन्; उनलाई आजीवन आफ्नी बहिनीतुल्य स्नेह नै दिइन् । उनीहरूमाझ रिस, इबी र डाहा देखिँदैन थियो । कतिसम्म भने मेरी सौतेनी आमाले मेरी आमाको खुट्टा नढोगी प्रायः अन्न खाँदिन थिइन् । साथै मेरी सौतेनी आमाले मेरी आमालाई नसोधी कुनै प्रकारका सिन्का पनि भाँच्तिन थिइन् । उनी मेरी आमाको आज्ञाकारी थिइन् । कुरा के पनि रहेछ भने मेरा बुबाले मेरी सौतेनी आमालाई भनेका थिए रे– 'तैँले मेरी जेठी बूढीलाई रिझाएर खानू । अनि मात्र म तँसँग पनि हुनेछु ।' यति हुँदाहुँदै पनि कहिलेकाहीँ मेरी सौतेनी आमालाई छाँटा पनि चल्थ्यो र मेरी आमाउपर उनी विद्रोह जनाउने पनि गर्थिन् ।

छोरो लक्ष्मीप्रसाद जन्मेपछि मेरी सौतेनी आमाले मेरी आमासँग छुट्टिएर बस्ने मनसाय राखिन् । अनि मेरा बुबाले पनि उनका विचारमा बूढी औँला थिचिदिएका थिए । त्यसैले मेरो जन्मपूर्व नै मेरी सौतेनी आमाले हाम्रो घर छोडेकी थिइन् ।

मेरा बुबाको शेषपछि मेरी सौतेनी आमालाई पनि दुक्ख हुन थालेको थियो । त्यतिखेर उनी चुवाँपारि बस्ने गर्थिन् । जिजु हाउसको एउटै आँगनभित्र हाम्रा दुईवटा घर थिए । मेरा बुबाको निधनपछि मेरी आमाले नै लक्ष्मीप्रसाद जन्मेपछि छुट्टिएर गएकी मेरी सौतेनी

आमालाई आफ्नै एउटा घरमा ल्याएर राखेकी थिइन् । त्यसपछि मेरी आमाले आफ्नी सौताको धेरैतिरबाट जगेर्ना र रक्षा पनि गरिरहिन् । खास गरेर मेरी आमाले उनलाई भौतिक सहयोग नै गरिरहिन् । साथै मेरी सौतेनी आमाका छोरा लक्ष्मीप्रसादलाई मेरी आमामार्फत नै पढाइलेखाइ गराइएको थियो । त्यो क्रम लक्ष्मी दाइले पढिन्जेलसम्म कायम भइरह्यो ।

मेरी कान्छी आमाले पनि हामी (सौताका छोराछोरी) उपर सकेसम्म कहिले भेद गरिनन् । हामी पनि उनीसँग कुम्म पर्थ्यौँ । मेरो चेतनामा बुबाआमाको खुट्टा ढोग्नुपर्छ भन्ने अनुभूत हुन थालेपछि र हाम्रा घरमा सानिमा सरेपछि सानीआमाका समेत पाउमा शिर राखेर मात्र म मेरो दैनिकीतिर लाग्थेँ । मानौँ, उनी हाम्री सौतेनी आमा थिइनन् । वास्तवमा त्यो आत्मीयताको सूत्र नै मेरी आमा थिइन् । मेरी आमाले हामीलाई जहिलेसुकै पनि भन्थिन्– 'तिमीहरूका बुबाका हामी दुई बराबरी थियौँ; तिमीहरूले उसलाई हेला नगर्नू ।' अनि त्यहीमुताबिक हाम्री सौतेनी आमाप्रति पनि हाम्रो थप सम्मान जागृत भएको थियो । उनी शब्दमा मात्र हाम्री सौतेनी आमा थिइन् । हाम्रा वचन र कर्ममा उनी हाम्री आमा नै थिइन् ।

पछिपछि मेरी सौतेनी आमाको म एक प्रकारको प्रवक्ता नै थिएँ । पछिल्ला दिनहरूमा मेरी सौतेनी आमाले प्राय: मेरी आमालाई सराप्ने पनि गर्थिन् । रिसाएका बेला उनी हातमा खरानी राखेर फुफु गर्दै भन्थिन्– 'तँ र तेरा सन्तान खरानी उडेजस्तै गरेर यसरी नै उडेको म हेर्न पाऊँ । तँ र तेरा सन्तानलाई रूढी लागिहालोस ।' त्यस प्रकारका संवाद सुनेपछि मेरी आमाले पनि उनीमाथि आफ्नो तीतो पोख्ने गर्थिन् । तर पनि म अघि सरेर दुवै जनाको हिसाबकिताप मिलाइदिन्थेँ । त्यसैले पनि सौतेनी आमाले मलाई धूमधामै माया गर्थिन् । मेरो र सौतेनी आमाबारे इन्दिराले लेखेकी पनि छिन्–

'नरेन्द्रले पनि आफ्नी कान्छी आमापट्टिबाट जन्मेका दिदीबहिनी र दाजुलाई पनि सधैँ आदर गरिरहनुभयो । नरेन्द्रले नै कान्छी आमापट्टिबाट जन्मेका छोरा लक्ष्मी जेठाजुलाई पनि काठमाडौँ ल्याउनुभएको रहेछ । वास्तवमा नरेन्द्रको चाहिँ सबै दाजुभाइ र दिदीबहिनीहरूसँग बराबरी नै हुरुक्कै हुने प्रवृत्ति मैले सधैँ देख्तै आएकी छु । नरेन्द्र आफ्नी कान्छी आमासँग पनि समर्पित हुनुहुन्थ्यो । उहाँ आफ्नी कान्छी आमा हाम्रा घरमा आँउदा काशी (तीर्थ) नै घरमा आएजस्तो ठान्नुहुन्थ्यो । वास्तवमा कान्छी आमाप्रति नरेन्द्रको भावना सारै उच्च भएको मैले प्रत्यक्ष देखेकी छु । चन्द्रावती दिदी र गौरी बहिनीप्रति पनि नरेन्द्रको त्यतिकै लगाव छ । त्यति मात्र होइन झन्डै अढाई दशकपूर्व स्वर्गीय भएकी रामकुमारी बहिनीको पनि नरेन्द्रले प्राय: कुरा झिकिरहनुहुन्छ । उहाँका लागि कान्छी आमाका छोराछोरी पनि आफ्नै आमाले नै जन्माएजस्ता मानिन्छन् ।' (मेरी सासू– २०६५ : इन्दिरा प्रसाई) ।

बसाइँ सरेर मधेस झर्दा मेरी आमाको अरू सम्पत्ति पनि मेरी सौतेनी आमाले प्राप्त गरेकी थिइन् । यसै परिवेशमा मेरी आमाको यो बेहोरा पनि मेरी पुरोधिका इन्दिराले लेखिन्– 'दिव्यरूपा धेरै वर्षअघि नै अंशबन्डा भएर छुट्टै घरमा बस्थी । तर म झापा झर्दा मेरो अरू घरजग्गालगायत घरबारका सबै सामग्रीहरू पनि दिव्यरूपालाई नै दिएर म आएकी थिएँ । धेरै वर्ष ऊ हाङपाङमै बसी । पछि ऊ पनि काठमाडौँमै आएर डेढ-दुई वर्षजति कालेसँग बसेकी थिई । २०६२ साल माघ ३० गते स्वस्थानीको साङ्गेका दिन अर्थात् पूर्णिमा तिथिमा त्रियासी वर्षको उमेरमा उसको स्वर्गवास भयो । स्वर्ग हुनुभन्दा अघि नइगृहको हाम्रो घरमा पनि ऊ मलाई भेट्न आइरहन्थी । ऊ मलाई 'मेरी दिदी' भन्थी । उसले हरेक भेटमा मेरा खुट्टा ढोग्थी । उसको प्राण जानुअगाडि पनि उसले मलाई भेट्न खोजेकी थिई रे । तर मेरो छोरो दीर्घराजले हामीमाझ अपराध

गरिदियो । उसले मेरी कान्छीसँगको भेटघाटमा बार लगाइदियो । उसले कालेकी आमाको सास जाने बेलामा ऊसँग मलाई भेट्नै दिएन । मेरी कान्छीसँगको मेरो अन्तिम भेट्ने इच्छा अधुरो भयो । कठैबरी ! काले (मेरी आमाले लक्ष्मीप्रसादलाई 'काले' भन्ने गर्थिन्) की आमा स्वर्ग जाओस् ।' (मेरी सासू– २०६५ : इन्दिरा प्रसाई) ।

मेरी कान्छी आमापट्टिबाट तीन छोरी चन्द्रावती, रामकुमारी र गौरी अनि एउटा छोरा लक्ष्मी प्रसाई जन्मे । लक्ष्मी दाइ पहिला शिक्षक थिए । पछि उनी राजनीतिमा नै सक्रिय भए । अन्ततः उनी काठमाडौँ महानगरपालिकाको वडास्तरीय राजनीतिज्ञमा सुपरिचित पनि भए ।

# मेरी आमाको दुर्घटना र मेरो जन्म

हामी जति नै धनी भए तापनि हाम्रा आमाहरूलाई भारी बोकाउने हाम्रा बाजेबजैको सोच हुन्थ्यो । त्यही सामन्ती सोचका कारण मेरी आमालाई पनि घरायसी काममा बेस्सरी लगाइन्थ्यो, तर पनि मेरी आमा बेग्लै सोचकी थिइन् । मानौँ, काम उनका लागि ईश्वरीय वरदान थियो । त्यसैले आफूखुसी पनि उनी घर लिप्ने रातो माटो पनि खन्न जान्थिन् ।

धेरै वर्षअघिदेखि चिप्ली डाँडाको रातो माटो खन्ने ठाउँमा माटो खन्नेहरूका कारण सुरुङ भइसकेको थियो । २०१० साल माघ महिनाको कुरा हो, त्यस बेला मेरी आमाले मेरी दिदी नीरालाई पनि साथै लिएर माटो खन्न गएकी थिइन् । अनि मेरी आमा माटो खन्न सुरुङभित्र पसेकी थिइन् । नीरा दिदी सुरुङभित्र पस्तानपस्तै पहिरो आएकाले मेरी आमालाई त्यही सुरुङले पुरेको थियो । अनि तेह्र वर्षीय मेरी दिदीले बरबोटेतिर फर्केर जोडतोडका साथ कराएर 'गुहार, गुहार, गुहार' भनेकी थिइन् । त्यतिखेर बरबोटे देवी स्कुलको चौरमा मेरा जेठा दाजु विष्णुभक्त खेलिरहेका थिए । मेरी दिदी चिच्च्याएको सुनेपछि आफूनजिकै भएका वीरमान भुजेलहरूलाई समेत गुहार मागी मेरा दाजु तुरुन्तै चिप्ली डाँडा पुगेका थिए । अनि त्यस ठाउँमा मान्छेहरू क्रमश: धुरिन थालेका थिए । वीरमान भुजेलहरूले बिस्तारै खन्दै जाँदा मेरी आमाको कपाल बाटेको धागोको रातो फुर्को भेटेका थिए । अनि त्यसैका

आधारमा काँटाले खनेर मेरी आमालाई सुरुङबाट बल्लतल्ल निकालिएको थियो । त्यति बेलासम्ममा मेरी आमा बेहोस भइसकेकी थिइन् । त्यस घडी उनका पेटमा सात महिनाको बच्चा पनि थियो ।

मेरी आमालाई डोलीमा बोकेर घरमा ल्याइएको थियो । आमाको अवस्था बाँच्ने खालकै थिएन । तर पनि सास भइन्जेल आस हुँदो रहेछ नै ! त्यसैले त्यसै बेलादेखि आमालाई जडीबुटीको सेवन गराइएको थियो । साथै त्यसै दिन दिलबहादुर विष्टहरू मौवाको रूख खोज्न जङ्गल पसेका थिए । मौवाको रूखको बोक्राले भाँच्चिएका हाड पनि जोडिन्थ्यो भनिन्थ्यो । विष्ट दाइहरूले जङ्गलबाट मौवाको बोक्रा खुर्केर घरमा ल्याउन थाले । त्यसपछि मेरी आमाको उपचार सुरु भएको थियो । मौवाको बोक्रा लगाउने विधि पनि थियो । कुरा के हो भने– मौवाको बोक्रा कुटेर खड्कुलोमा दुई घण्टा उमालिन्थ्यो । अनि त्यो बोक्राको छोक्रा सेलाएपछि मेरी आमाका शरीरभरि टाँसेर कपडाले बाँधिन्थ्यो । दुईतीन घण्टा, दुईतीन घण्टामा आमाका शरीरभरिको बोक्रा अखक्क परेर सुक्थ्यो । अनि हरेक दुईतीन घण्टामा मेरी आमाको शरीरमा पानी राखेर त्यस बोक्रालाई चिस्याउनु पर्थ्यो । जाडोको मौसम भएकाले अरूहरूले देख्ता मेरी आमालाई थप कष्ट थियो । तर उनी त्यस बखत अर्ध चेतनामा थिइन् । मेरी दिदी नीराबाट त्यस बेला मेरी आमाको अहोरात्र सेवा, सुसार र सुरक्षा हुने गर्थ्यो ।

पहिरोले पुरेको दुई महिनासम्म मेरी आमा जिउँदो लासझैँ घरैमा लडिरहिन् । त्यतिखेर जडीबुटी खुवाएर र लगाएर मेरी आमालाई निको पारिएको थियो । मेरी आमाले खाएको त्यही जडीबुटीका कारणले आमाको गर्भमा रहेको बच्चाको पनि राम्रो स्वास्थ्य भयो । महिना पुगेपछि मेरी आमाले स्वाभाविक प्रसवपीडामा

अर्ध बेहोसीमै पनि एउटा बालक जन्माइन् । अनि ज्योतिषीले ती बालकको नाउँ नरेन्द्रराज प्रसाई राखे ।

म जन्मेपछि मेरी आमाको केही समयसम्म होस खुलेकै थिएन । म जन्मनु केही दिनअघि मेरा काका रूपनारायण प्रसाईकी छोरी मञ्जु (मोहन मञ्जरी) जन्मेकी थिइन् । भनौँ, त्यस बेला मेरी कान्छी काकी महेश्वरा सुत्केरी थिइन् । त्यसैले मलाई त्यस समय मेरी काकीको दूध खुवाइएको थियो । त्यतिखेर काकी हाम्रै घरमा बसेकी थिइन् । एउटै आँगनमा हाम्रा दुइटा घर थिए । काकाले कान्छी पत्नी पनि भित्र्याएपछि काकीलाई हाम्रै एउटा घरमा राखिएको थियो । त्यसैले सानामा मञ्जु दिदी र म सँगसँगै हुर्के, बढेका थियौँ । मलाई त्यतिखेर प्रमुख रूपले हेर्ने नङ्ग्री दिदी (नर्वदा चुडाल) पनि थिइन् । साथै पम्फा दिदी (मेरी साहिँली फुपूकी छोरी) बाट पनि त्यस बेला मेरो हेरविचार हुनेगर्थ्यो ।

•

मेरी आमा भागीरथा प्रसाईले प्राय: हरेक दिन मलाई भन्ने गर्थिन्– 'मेरो माहिला छोराको मसँग फोटोसमेत भएन ।' मेरा माहिला दाजुको अनुहारको बनोटबारे मैले बाल्यकालदेखि मेरी आमाका मुखबाट घरीघरी सुनिरहन्थेँ । मेरी आमाका अनुसार म जन्मनुअघि नै ईश्वरका प्रिय भएका मेरा माल्दाइको रूप, रङ, अनुहारको ढाँचा र लवाइ, खुवाइ धेरैजसो आनीबानी मसँग नै मिल्थ्यो रे !

मेरो 'नारीचुली' का चित्रकार इन्द्र खत्री चित्रकारितामा प्रसिद्ध भइसकेका थिए । साथै उनले मेरो निर्देशनमा मैले सोचेकै जस्तो हुबहु चित्र कोर्न सक्थे । उदाहरणका लागि भन्ने हो भने ललितत्रिपुरसुन्दरी र योगमायाका चित्र पनि मेरै परिकल्पना र निर्देशनमा उनैले बनाएका थिए र ती चित्र नै चलनचल्तीमा पनि आए । मेरी आमाको खुसीका लागि इन्द्रलाई मेरा माल्दाइको मुहार

चित्र बनाउन पनि मैले अनुरोध गरेँ । खत्रीले बनाउने माल्दाइको अनुहारअङ्कित चित्रको आधारका लागि म दुई, पाँच र सात वर्षको हुँदा खिचिएका मेरै फोटोहरू पनि मैले उनलाई दिएको थिएँ ।

इन्द्र खत्रीले पेन्सिलद्वारा स्केच गरेर मेरा माल्दाइ अर्थात् पद्मराज प्रसाईको फोटो मलाई दिएका थिए । अनि इन्द्रलाई पनि सँगसँगै लगेर मैले सो फोटो मेरी आमालाई देखाएको थिएँ । त्यतिखेर फोटो हेर्नेबित्तिकै मेरी आमा 'मेरो माहिलो' भन्दै रुन थालेकी थिइन् । त्यस बेला मेरी आमाले मलाई रुँदै सोधेकी थिइन्– 'यतिका वर्षसम्म तैँले यो फोटो मलाई किन देखाइनस्, छोरा !' त्यस क्षण मेरै साथमा भएका इन्द्र भाइले आफ्नो चित्रकारिताको सफलताको रौनक र मुस्कानमिश्रित भावले मसँग आँखा जुधाएका थिए । वास्तवमा माल्दाइको चित्र चमत्कारी रूपमा आएको थियो ।

आमाको पीडा मिसिएको खुसीले बग्न थालेको आँसुमा मिसिन मेरा आँखाले पनि सघाउन थालेका थिए । साथै त्यसपछि म पनि आमासँगसँगै लागेर भक्कानिएको थिएँ । यसरी त्यस घडी वातावरण नै रोदनले भरिएको थियो ।

मेरा माल्दाइको उक्त फोटोको एकएकप्रति मैले झापामा मेरा ठूल्दाइ विष्णुभक्त प्रसाई र मेरी दिदी नीरा सिटौलासमक्ष पनि पठाएँ । ठूल्दाजु र दिदीबाट पनि मैले संवाद प्राप्त गरेँ– 'यो त हाम्रै माहिलो हो । कहाँबाट पो यो फोटो फेला पर्‍यो !'

मेरी आमाले एक दिन मलाई भनेकी थिइन्– 'पैसा हुनेले आफ्ना हराएका सन्तानका नाउँमा पुरस्कार राख्छन् । तर कमजोर आर्थिक अवस्थाका कारण मेरो माहिलो छोराका लागि मैले केही पनि गर्न सकिनँ । ऊ हराएरै गयो, उसको नाउँ नै मेटियो । अब त उसको अनुहार पनि मैले बिर्सिसकेँ । हो, आमाका तिनै संवाद सुनेर मेरो घैँटामा घाम लागेको थियो । त्यसपछि नै मेरा माहिला दाजुको तस्बिर बनाउन इन्द्रलाई मैले अनुरोध गरेको थिएँ ।

मेरी आमाको समेत इच्छामा माल्दाइको पनि नाउँ जोडेर २०६५ सालमा मैले 'नइ भाजप पुरस्कार' को स्थापना गरेको थिएँ । अथवा भनौँ, भागीरथा प्रसाई, जयप्रसाद प्रसाई र पद्मराज प्रसाईका नाउँमा 'नइ भाजप पुरस्कार' को स्थापना भएको थियो । यस पुरस्कारको निर्माणमा मेरो छोरा डा.कञ्चनजङ्घाको पनि बलियो आर्थिक साथ रहेको छ । नेपाली भाषाको सेवामा समर्पित एक जना प्रसिद्ध व्यक्तित्वलाई एक वर्ष बिराएर नइ प्रकाशनले एक लाख रुपियाँ राशिको यो पुरस्कार समर्पण गर्दै आएको छ । यो पुरस्कारको स्थापना गरेको बेला पनि मेरी आमाले खुसीले रुँदै भनेकी थिइन्– 'घरबाट केही नलिई एउटा झोला मात्र बोकेर फिट्टा हिँडेको छोराले मेरो माहिलो छोरो पनि बचायो । अब मेरो माहिलो छोरो हराउँदैन । बाबै ! तैँले माहिलाको फोटो पनि खोजिस् र तेरो बाबुको, मेरो र माहिलाको नाउँ पनि चलाइस् ।'

•

मेरा माल्दाइ र मेरो कथा पनि विचित्रकै थियो । त्यसैले होला हामी पाँच जना दाजुभाइ र एउटी दिदीमध्ये मेरी आमाले सबैभन्दा धेरै मलाई नै माया गर्थिन् । मेरी आमाका अनुसार माल्दाइ र मेरो कथा यस्तो थियो– 'मेरो माहिलो छोरो असमयमा नै बित्यो । त्यो बितेपछि म दिनरात रोइरहन्थेँ । त्यसै बखत एक रात एउटा सपना देखेँ, मेरो माहिलो एउटा भीरको टुप्पाको अभर परेको ढुङ्गामा अप्ठेरो गरी बसेको रहेछ । माहिला किन यस्तो अप्ठेरोमा बसिस् ? भनेर मैले उसलाई सोधेछु, आमा, म कहाँ जाऊँ ? मैले कहीँ जाने बाटो पाइनँ, उसले रुन्चे अनुहार पारेर मलाई भन्यो । ल, मेरा बुइँमा आइज' भनेर मैले उसलाई आफ्नो डँडेल्नुमा बोकेँ । मैले त्यस्तो सपना देखेको दस महिनामा मेरो अन्तरे छोरोका रूपमा नरेन्द्र जन्म्यो । मेरा सपनाका हिसाबमा मेरा लागि नरेन्द्र नै मेरो माहिलो छोरोको पुनर्जन्म हो । मेरा लागि त यो नरेन्द्र नै आँसु पुछाउने छोरो

हो । त्यसैले मलाई यो नरेन्द्रको दोहोरो माया लाग्छ । हुन पनि यसका धेरजसो बानीबेहोरा पनि त्यही मेरो माहिलोसँगै मिल्छ ।' (मेरी सासू– २०६५ : इन्दिरा प्रसाई) ।

बाल्यकालदेखि नै म मेरी आमाको परम भक्त थिएँ । आमा बाँचुन्जेल मेरी आमा नै मेरो विश्व थिइन् । अनि आमा स्वर्गीय भएपछि पनि मेरी आमाकै नाउँमा नै मेरो प्राय: ध्यान केन्द्रित भइरह्यो । मेरी आमा र मेराबारे मेरी पुरोधिका इन्दिराले लेखेकी पनि छिन्– 'नरेन्द्र र मेरी सासूका बीच अचम्मको घनिष्ठ सम्बन्ध थियो, दुवैले एकअर्कालाई निकै नै माया गर्थे । मैले आमाछोराबीचको यति बिघ्न माया कहीँ, कतै देखेकै थिइनँ । नरेन्द्रको आफ्नी आमाप्रतिको स्नेहातिरेक देख्दा मलाई ज्यादै अनौठो लाग्ने गर्थ्यो । त्यसैले नरेन्द्रको आमाप्रतिको व्यवहार नै उदाहरणीय र उल्लेखनीय छ जस्तो मलाई लाग्ने गर्थ्यो ।

'आमाका पाउमा आफ्नो शिर पुऱ्याएपछि नरेन्द्रको हरेक दिनको कार्यक्रम आरम्भ हुन्थ्यो । उहाँ आफ्नी आमालाई नढोगी पानी पनि खानुहुन्न थियो । त्यति मात्र होइन उहाँ जति नै व्यस्त भए तापनि आमालाई पनि आवश्यक समय दिनुहुन्थ्यो । आमासँगै बसेर खाने, दिउँसो एकपल्ट केही समयका लागि भए पनि आमाका छेउमा बस्नुपर्ने र सुत्नुअघि राति पनि आमासँगै केहीबेर दुक्खसुक्खका बात मार्ने नरेन्द्रको आमाप्रतिको दैनिक तालिका हुने गर्थ्यो । साथै आमाको खानपिनप्रति निगरानी राख्ने, लगाउने लुगाको हिसाब राख्ने र साँझमा आमाको ओछ्यानको व्यवस्थापनमा समेत ध्यान दिने कामबाट पनि नरेन्द्र चुक्नुभएको मलाई थाहा भएन ।

'... प्रायजसो मेरी सासूले नरेन्द्रको स्पर्श पाउनासाथ उहाँको पचास प्रतिशत बिमारी ठीक हुने गर्थ्यो । मैले बुझेअनुसार यो पहिलेदेखिकै रीत थियो । पहिलेपहिले पनि मेरी सासू बिमारी

भएको खबर आएपछि नरेन्द्र दौडेर झापा पुग्नुहुन्थ्यो । त्यति बेला मेरी सासूले नरेन्द्रको नारी समाएर भन्नुहुन्थ्यो– 'छोरा ! तँ जता जान्छस् मलाई पनि त्यतै लैजा है !' मेरी सासू नरेन्द्रसँग बेल्दाबोल्दै आधा निको भइसक्नुहुन्थ्यो ।' (मेरी सासू– २०६५ : इन्दिरा प्रसाई) ।

मेरी आमाको स्वभाव अत्यन्तै पारदर्शी थियो । खास गरेर उनलाई आफ्ना सबै छोराछोरीका विषयमा पूर्ण ज्ञान थियो । त्यसैले उनी सबैसँग प्रस्ट कुरा गर्थिन् । उनी आफ्ना छोराछोरीसँग कहिले पनि हच्केर, लत्रेर र होचिएर बोलिनन् । यति हो उनी चित्त दुखेको कुरा प्राय: कसैलाई भन्दिन थिइन् । तर जुनसुकै अवस्थामा पनि मसित उनी सधैँ मन खोलेरै कुरा गर्थिन् ।

मेरी आमालाई म देवी मानेर पूजा गर्थें । आमा मेरी भगवान् थिइन् भने म उनको भक्त पुजारी थिएँ । यसैले पनि आमा प्राय: मेराबारे मात्रै घोत्लिने गर्थिन् । उनलाई मेरो ठूलो विश्वास थियो र उनको विश्वासउपर मैले कहिले धोका पनि दिइँन । भनौँ, मेरी आमाको मप्रतिको विश्वासको मैले सधैँ, सधैँ र सधैँ रक्षा गरिरहेँ । यसै प्रसङ्गमा मेरी पुरोधिका इन्दिराले लेखिन्– 'मेरी सासूले आफ्नो छोरो नरेन्द्रप्रति गर्व गर्न कहिल्यै छाड्नुभएन । उहाँ घरीघरी भन्नुहुन्थ्यो, मेरो छोरो नरेन्द्र नभएको भए मेरो वृद्धाश्रमकै बास हुनेचाहिँ पक्का रहेछ । हो ! मेरा सबै छोराहरूले उन्नति नै गरेका छन् । सबैको आआफ्ना घरबार छन् । तर मेरा लागि त यही नरेन्द्रे नै सर्व थोक भयो ।' (मेरी सासू– २०६५ : इन्दिरा प्रसाई) ।

# मेरी आमाको बास र उठीबास

पहाडमा बसुन्जेल मेरी आमाले आफ्नै बुताबाट आफ्नो घरबारीलाई त्यस ठाउँको सबैभन्दा उर्वरा बनाएकी थिइन् । उनी हाङपाङ बसुन्जेल जिजु हाउस त्यस गाउँको एउटा प्रेरक ठाउँ मानिन्थ्यो । त्यस ठाउँमा जिजु परिवारलाई छहारी दिने र सहयोग गर्नेहरू पनि थिए; तीमध्ये रङ्गलाल आचार्य, रविलाल प्रसाई, कृष्णराज प्रसाई, दिलबहादुर विष्ट, जयप्रसाद मैनाली, कर्णबहादुर विष्ट, लोकबहादुर आङ्बुहाङ, वीरमान भुजेल, मलबहादुर लिम्बू, कुवेरजङ्ग आङ्बुहाङ, डम्बरबहादुर थापामगर, कुलदीप थापामगर, जन्मजय (रिकुटे) चुडाल, पं.गोविन्द आचार्य र महेश्वर आचार्य प्रमुख थिए ।

म मधेस बसेपछि मेरी आमालाई कान्छो भाइ लिएर पहाड बस्न वैराग लाग्न थालेको थियो । त्यसपछि पहाडका आफ्ना केही खेत र गरगहना बेचेर मेरी आमाले ठूल्दाजुलाई पैसा पठाइदिन थालेकी थिइन् । ठूल्दाजुका हातमा पैसाको बिटो पर्न थालेपछि ठूल्दाजुको काम जग्गा हेर्ने पनि थियो । उनी जताजता जग्गा हेर्न जान्थे उनले उताउता मलाई पनि साथमा लिएर जान्थे । अन्तत: जग्गाको राम्रो ठहर गरेपछि झापाको शनिश्चरेस्थित सालबारीमा हामीले मसला धिमालको जग्गा किनेका थियौँ । त्यस जग्गाका मोही हाम्रै नातेदार रामचन्द्र खरेल थिए । अनि उनलाई दस हजार रुपियाँ तिरेर हामीले जग्गा एकलौटी बनाएका थियौँ । ती खरेलहरू

हामीसँग अत्यन्तै आत्मीयतामा बाँधिएका थिए । तर उनीहरूले मोही छुट्नेबापत मेरा ठूल्दाजुबाट त्यतिका पैसा माग्नु हुँदैनथ्यो भनेर पछिसम्म मेरी आमाले हामीलाई भनिरहिन् । त्यतिखेर त्यस ठाउँमा तीन हजार रुपियाँमा एक बिघा खेत पाइन्थ्यो । खरेललाई तिरेको पैसाले त्यतैतिर अरू तीनचार बिघा खेत पाउन सकिन्थ्यो भनेर ठूल्दाजुले पछिपछिसम्म पनि पछुतो मान्दै आएका थिए । वास्तवमा त्यतिखेर त्यतिको पैसा तिरेर मोही छुटाउनुपर्ने हामीलाई केही हतारो पनि थिएन । एकातिर हाम्रो अव्यावहारिक र अल्प ज्ञान अनि अर्कातिर आमा पहाडमा हुनुले नै त्यो हाम्रो घाटाको विषय बनेको थियो ।

मेरी आमा २०२७ सालमा ताप्लेजुङको हाङपाङबाट झापाको शनिश्चरेअन्तर्गत सालबारीमा बसाइँ सरिन् । आमा मधेसमा आएपछि फेरि जोडजाड गर्दा हाम्रो नौ बिघा खेत भएको थियो । तर आधा जग्गामा हाम्रो मोही लागेको थियो । अनि हाम्रा मोही डम्बरबहादुर बानियाँ थिए । उनी मोही भए तापनि मेरा ठूल्दाजुका आज्ञाकारी थिए । उनी मेरी आमालाई आमा नै मान्थे । झापा आन्दोलनका बेला शिवप्रसाद शिवाकोटीका एक जना अर्का प्रखर किसान नेता बानियाँ नै पनि मानिन्थे । उनी त्यस आन्दोलनमा खुबै सक्रिय थिए । पुलिसले टिक्न नदिएपछि उनी त्यहाँबाट भागेर सपरिवार भारत पसेका थिए । त्यसैले मोही लागेको उक्त जग्गा हाम्रो एकलौटी भएको थियो । त्यसपछि सबै जग्गा हामीले कमाउन थाल्यौँ । हाम्रो त्यो दुवै कित्ता जग्गा एकै ढिक्कामा वारपार पूरै जोडिएको थियो ।

सालबारीको नयाँ घरमा आमासँग म र कान्छो भाइ बस्थ्यौँ । साथै हाम्रो खेत जोत्ने हली र भान्से बाहुनीलाई पनि हाम्रै घर छेउमा हामीले घर बनाइदिएका थियौँ । त्यहाँ हाम्रा अरू अरौटे पनि थिए । त्यतिखेर त्यहाँ हाम्रा जनहरू प्राय: नयाँ थिए । भनौँ, उनीहरू

हाम्रा परिचित अनुहारका थिएनन् । नयाँ ठाउँमा बसाइँको आरम्भ गर्नु अनेक प्रकारले कठिन हुँदो रहेछ भन्ने हामीले त्यसै बेला महसुस गरेका थियौँ । त्यस बेलाको सालबारीमा आफ्नो जायजेथा पोखिएका कारणले मात्र हामी अडिएका थियौँ । वास्तवमा त्यस घडी अनेक कष्ट खेपेर हामी तीन जना त्यहाँ बसेका थियौँ । हाम्रा लागि त्यो बिरानो नै ठाउँ थियो । खास गरेर राति सुत्न पनि हाम्रा लागि डरमर्दो थियो । हाम्रो खेतको प्राय: वरिपरि जङगलैजङ्गल थियो । साँझ परेदेखि नै हामी डराउने गर्थ्यौं । त्यस बिरानो ठाउँमा हामी आफन्तको प्रतीक्षा पनि गर्थ्यौं । हरेक महिना मेरा ठूल्दाजु र भाउजूचाहिँ शनिश्चरे बजारबाट सालबारी आउने गर्थे । किनभने मेरी आमा नै मेरा दाजुभाउजूलाई दैनिक उपभोग्य सामान पुऱ्याउन गोरुगाडामा प्राय: साप्ताहिक सालबारीबाट शनिश्चरे बजार जाने गर्थिन् । त्यो रीत हाम्रो अंशबन्डा नभइन्जेलसम्म कायमै थियो । हुन त सालबारीले दाजुभाउजूको भौतिक उपस्थिति खोजेको पनि थिएन; तर पनि हामीलाई साँझ परेपछि त्यहाँ बस्न डर लाग्थ्यो । क्रमश:क्रमश: त्यस्तो ठाउँलाई नै पनि मेरी आमाले सारै लोभलाग्दो बनाएकी थिइन् । सालबारीमा हामीले जरा गाड्ने छाँटकाँट देखेर छेउछाउका जग्गाहरूमा पनि घर ठडिन थालेका थिए ।

डम्बरबहादुर बानियाँले छाडेको हाम्रो माथ्लो कित्ता जग्गा धेरै राम्रो थियो । त्यसैले त्यस जग्गासँग लोभिएर स्थानीय विचारी पुण्यप्रसाद कोइरालाले उक्त जग्गा कब्जा गर्न खोजेका थिए । वास्तवमा मेरी आमालाई एक्ली देखेर त्यहाँबाट हामीलाई लखेट्ने उनको दाउ रहेछ । त्यसैले उनले बानियाँले जोतेको माथिल्लो कित्ता जग्गामा दस हल गोरु नार्न लगाएका थिए । हाम्रो खेत अनायासै जोत्न थालिएको दृश्यले हामीलाई छक्कै पारेको थियो । अनि मेरी आमाले घरमा गएर नाङ्गो खुकुरी बोकेर ल्याइन् । त्यतिखेर विचारी कोइराला र दस हल गोरु जोत्नेलाई नाङ्गो खुकुरी देखाउँदै

मेरी आमा बोलेकी थिइन्– 'हेरौँ त मेरो खेत कसले जोत्दो रहेछ !' मेरी आमाको काली रूप देखेर कोइराला पनि भागे र गोरु नार्ने हलीहरूले पनि चम्पट ठोके । त्यसपछि त्यहाँ त्यस किसिमको घटना कहिले पनि घटेन । त्यस घटनापछि स्थानीयहरूले हामीलाई चिन्न पनि थाले । स्थानीयहरूले 'हाङपाङे आमै कति मापाकी' भनेर मेरी आमाको बयान गर्न पनि थाले ।

मेरी आमाका दिदीका छोरा शिवप्रसाद शिवाकोटीको घर सालबारीमा नै थियो । त्यही कारणले मेरी आमालाई सारोगारोमा शिव दाइले नै निगरानी गर्ने गर्थे । दाजुहरू शिवप्रसाद शिवाकोटी र रामनाथ दाहाल (मेरी आमाका दिदीका छोरा) झापा विद्रोहका नाइकेमध्येका प्रमुख थिए । खास गरेर शिव दाइकै कारणले म पनि झापा आन्दोलनमा लागेको थिएँ । त्यस बेला म शनिश्चरे हाईस्कुलमा आठ कक्षामा पढ्थेँ । प्रशासनले धेरै दुक्ख दिन थालेपछि शिव दाइ भारत पसे । अनि म पनि काठमाडौँतिर पठाइएँ ।

मेरी आमालाई आफू पहाडबाट आएर मधेसमा टिक्छु कि टिक्तिनँ भन्ने पीर थियो । सुरुसुरुका दिनहरूमा मेरी आमा र मेरा लागि सालबारी निकै बिरानो ठाउँ थियो । त्यस बखत शिवप्रसाद शिवाकोटी, बलिराज इङ्नाम र हरि रानामगरले हामीलाई यथेष्ट माया, सम्मान र सहयोग दिएका थिए । वास्तवमा त्यतिखेर त्यहाँ त्यसरी खेतीपाती गरेर बस्नु हाम्रा लागि धेरै डरमर्दो नै थियो । त्यस बेला सालबारी भन्नु चोरडाँका र जङ्गली जनावरको बिगबिगी थलो थियो । मेरी आमाको धैर्य, जाँगर र त्यागका कारण हामीले त्यहाँ खेतीपाती गरेका थियौँ । अनि मेरी आमाको कुशल घरव्यवहारका कारण हामीले पनि हाङपाङ बिर्सन थालेका थियौँ ।

मेरी आमा सारै मिहिनेती थिइन् । उनी हात बाँधेर बसेको प्राय: मैले देखिनँ भने पनि हुन्छ । हाङपाङमा बसिन्जेल पनि मेरी

आमा मरिमेटेर काम गर्थिन् र सालबारीको माटोमा पनि उनको अत्यन्तै परिश्रम रोपिएको थियो । उनी हरसमय काम, काम र काममा मात्रै समर्पित थिइन् । कतिसम्म भने उनी हरदिन बिहान चार बजे उठ्थिन् र साँझसम्म काममा नै केन्द्रित हुन्थिन् । वास्तवमा उनका लागि सालबारी आफ्नो जीवनको सर्वोच्च प्रिय ठाउँ हुन थालेको पनि थियो । पछिल्ला दिनहरूमा उनलाई सालबारी छाडेर कतै जान पनि मन लाग्दैन थियो ।

मेरा ठूल्दाजुले शनिश्चरे बजारबाट फलफूलका बोटहरू किनिदिएपछि भरत दाइ र म बोकेर सालबारी ल्याउने गर्थ्यौं । अनि ती बोटबिरुवाहरू रोप्ने काम पनि भरत दाइ र मेरै हुन्थ्यो । मेरी आमा, भरत दाइ, कान्छो भाइ र मेरो मिहिनेतले सालबारी रमझम भइसकेको थियो । हाङपाङमा पनि हाम्रो घरमा एक सय एक प्रकारका फूलहरू र दसबाह्रवटा सुन्तलाका रूखहरू थिए । अनि झापाको सालबारीमा पनि नरिवल, सुपारी, लिची, आँप, कटहर, केरा आदि फलफूलका बोटबाट राम्रो आय आर्जन हुन थालिसकेको थियो । सालबारीको हाम्रो बगैँचामा पानको लहरादेखि मरिचसम्म पनि आम्दानीको विषय थियो । वास्तवमा त्यहाँ हाम्रो लहलहाउँदो बगैँचा थियो । बरबगैँचाको बीच हाम्रो घर थियो । हाम्रो घरअगाडि कोठेबारी र त्यसपछि सानो पैनी थियो । अनि घरअगाडि र दायाँबायाँ हाम्रो सम्पूर्ण जग्गाजमिन एकै प्लटमा गाँसिएको थियो । भनौं घरको बरन्डाबाट हेर्दा हाम्रो सबै जग्गा आँखाले छिचोल्न सकिन्थ्यो । हाम्रो घरबारी र खेती त्यस क्षेत्रकै सबैभन्दा राम्रो, हरियाली र रसिलो मानिन्थ्यो । त्यस ठाउँको विशेषता के थियो भने त्यहाँ तीन बाली उब्जनी हुन्थ्यो । तर हामी हरसाल दुई बालीका लागि मात्र सक्रिय थियौँ । किनभने मेरी आमा नलागी त्यहाँ केही पनि काम अघि सर्दैनथ्यो र तीन बाली उब्जाउ गर्न उनको शरीरले थेग्ने अवस्था पनि थिएन ।

मेरी आमाले अहोरात्र सङ्घर्ष गरेर नै हाम्रा लागि सम्पत्तिको रक्षा गरेकी थिइन् ।

•

२०३७ सालको आरम्भको कुरा हो; मेरी आमाले मलाई झापाबाट काठमाडौँमा चिठी लेखिन्– 'छोरा ! आएर मलाई छुट्टचाइदे न, बाबै ! मेरा भागमा जति पर्छ म त्यति नै गरेर खान्छु । जजसलाई जतिजति चाहिन्छ दे र बाँकी रहेको मलाई छुट्टचाइदे । मेरो जीउले पनि अब थाम्दैन । अरूलाई रिझाएर बाँच्न मलाई सारो भयो ।' आमाको आज्ञा पालन गर्दै केही समयपछि म झापा गएँ । अनि मैले नै मेरा दाजु, दिदी र आमाका नाउँमा जग्गा छुट्टचाइदिएको थिएँ ।

हामीले पहाडको पैत्रिक सम्पत्ति बेचेर सालबारीको जग्गा किनेका थियौँ । पछिल्लो पटक किनेको जग्गामा चाहिँ मेरा ठूल्दाजु विष्णुभक्त प्रसाई र दीर्घराज दाइले कमाएको धनसमेत थपथाप भएको थियो । ठूल्दाजुको मन पनि ठूलै देखिन्थ्यो । २०२५-२६ सालतिर दीर्घराज दाजुलाई ठूल्दाजुकै खर्चले काठमाडौँ राखेर एमए पढाइएको थियो । त्यसैले अंशबन्डा गर्ने क्रममा ठूल्दाजुकै माग, इच्छा र आज्ञाअनुसार आमाको समेत सहमति लिएर हाम्रो सम्पूर्ण सम्पत्तिको आधा भागका साथै शनिश्चरे बजारमा रहेको एउटा घर र त्यहाँको जग्गासमेत मैले ठूल्दाजुलाई नै छुट्टचाइदिएको थिएँ । अनि ठूल्दाजुलाई छुट्टचाएर बाँकी रहेको जग्गामध्ये दिदी नीरा सिटौलाका नाउँमा मैले एक बिघा खेत सारिदिएँ । बाँकी रहेको जग्गा भने आमाको शेषपछि कान्छा भाइ गङ्गाले मात्र स्वत: पाउने गरी अड्डामा सबै दाजुभाइको समेत सही गराएर आमाका नाउँमा राखिदिएको थिएँ ।

अंशबन्डा भएका दिन ठूल्दाजुले मलाई भनेका थिए– 'तैँले अंश गराएर मलाई छुट्टचाइदिइहालिस्, भाइ ! अब त म एक्लो भएँ

नि ! यसमा पनि मलाई चित्त दुखाइ छैन । तर मेरो छोरो सागरले एसएलसी दिने बेला आएको छ । अंश गरेर छुट्टिएपछि केही वर्ष मलाई दुक्ख हुन्छ नै ! मैले सागरलाई कसो गरी पढाउने होला ?'
अनि त्यस बखत मैले ठूल्दाजुलाई तुरुन्तै जबाफ दिएको थिएँ– 'दाजु ! सागरको जिम्मा म लिन्छु । हजुर निर्धक्क बस्नुहोस् ।'
पछि सागरले एसएलसी परीक्षामा प्रथम श्रेणी पनि ल्याए । दाजुसँगको सर्तबमोजिम मैले सागरलाई काठमाडौँ ल्याएर आफैँसँग राखेँ । अनि मेरा ठूला बुबा गङ्गाप्रसाद प्रसाईका छोरा प्रा.डा.भीष्मराज प्रसाईसँग मैले अनुनयविनय गरेर महाराजगञ्ज क्याम्पसमा हेल्थ असिस्टेन्टको अध्ययनका लागि सागरलाई भर्ना गरिदिएँ । उनलाई डाक्टर पढाउने मेरा ठूल्दाजुको ठूलै इच्छा थियो । त्यसैले मैले फलामका चिउरा चपाएर सागरलाई मेडिकल लाइनमा नै भर्ना गराएको थिएँ । अघिपछि गरेर सागर मसँग जम्मा दुई वर्ष बसेका थिए । वास्तवमा उनी मसँग बसेका बेला मेरो आर्थिक अवस्था कारुणिक नै थियो । यही कुरालाई सरल नेपाली भाषामा भन्नुपर्दा त्यस बेला म तन्नम नै थिएँ । तर पनि मलाई भतिजो पढाउन पाएको सन्दर्भले आत्मसन्तुष्टि थियो । मेरो आर्थिक अवस्था जेजस्तो भए तापनि सागरलाई जसोतसो एमबिबिएस नै पढाउने मेरो धोको थियो । तर मैले त्यो काम पूर्ण गर्न सकिनँ र मलाई त्यस बेहोराले पछुतो पनि भइरह्यो । कुरा के हो भने, म बाग्लुङ गएका बेला मेरी जहानसँग झगडा गरी उनी मेरो घर नै छाडेर हिँडिदिएछन् । मेरा दाजुभाउजू दीर्घराज र सानुबाबाले सागरलाई मेरो विपरीत पारेर मेरा घरबाट हिँडाएका थिए या उनले मलाई नरुचाएर उनी हिँडेका थिए । त्यतिखेरको त्यो बेहोरा मैले कहिले पनि बुझ्न सकिनँ । कतिसम्म भने उनले आफ्नो बिहेमा समेत हामीलाई सामेल गराएनन् । त्यति बेला मेरी आमा पनि नइगृहमा नै थिइन् । हाम्रै घरमा बसेको कारणले

आफ्नी हजुरआमालाई समेत उनले आफ्नो बिहेमा उपस्थित नै गराएनन् । यति हो त्यसपछि धेरै वर्षपछि मात्र मेरो घरमा सागरले पाइला राखेका थिए ।

अंशबन्डाकै सन्दर्भको कुरा हो, दीर्घराज दाजुको काठमाडौँमा जग्गाजमिन र घर भएका कारण उनले आफ्नो सम्पत्ति मिसाउन पनि चाहेनन् र पैत्रिक सम्पत्ति लिन पनि चाहेनन् । साथै पहाडको पैत्रिक घर र जग्गा पनि उनैका नाउँमा चाहिँ थियो । त्यस बेला भरत दाइको पनि बिर्तामोडमा घर थियो । अनि मैले नै भरत दाइलाई 'हजुरको घर र घडेरी छँदै छ । हजुरले पैत्रिक सम्पत्ति नलिनु राम्रो होला भन्ठानेँ ! म पनि बुबाआमाको कमाइ लिन्न । यति थोरै सम्पत्ति छ, कताकता चुड्नु, लाजमर्दो !' भनेपछि उनले मेरा विचारमा सहर्ष समर्थन जनाएका थिए । नीरा दिदीलाई पनि जग्गा दिने काम भएपछि मेरी आमा खुसीले रोएकी थिइन् । साथै दिदीले पैत्रिक सम्पत्ति पाएपछि ठूल्दाजु, दीर्घ दाजु र भरत दाजु पनि खुसी भएका थिए ।

सम्पत्ति धेरथोर जेजस्तो भए तापनि हाम्रो घरको अंशबन्डा मेरै पहलमा भएको थियो । साथै मैले पैत्रिक सम्पत्ति लिन चाहिनँ । मैले आफ्नो पैतृक सम्पत्तिका नाउँमा एक लाल सुनचाँदी, एक पैसा र एक भित्ता जग्गा पनि लिइनँ । त्यसैले अंशबन्डा गर्ने दिन मेरी आमा धुरुधुरु रोएकी थिइन् । त्यस बेला उनले मलाई भनेकी थिइन्– 'सबै दाजुभाइको आआफ्ना घर छन् । सबै जना आआफ्नो घरमा बसेका छन् । तेरो कहीँ, कतै घर पनि छैन; जग्गा पनि छैन र तैँले कुनै पेसा पनि समातेको छैनस् ।' त्यस बेला मेरा आँखा पनि वेदनाले चुलिएका थिए । अनि मैले आँसुको भेल बगाउँदै मेरी आमालाई भनेको थिएँ– 'मेरा शिरमा हजुरको हात छ । मेरी आमाको मलाई त्यही आशीर्वाद काफी छ । म खुट्टा टेक्न सक्छु

भन्ने मलाई विश्वास छ । यति थोरै जग्गा छ, हजुरको गाँस काटेर म पैतृक सम्पत्तिचाहिँ लिन्न; आमा ! म यतिकै अघाएको छु ।'

मेरा दाजु भरतराज प्रसाईको बिर्तामोडको घरमा बसेर हामीले हाम्रो घरको अंशबन्डा गरेका थियौँ । त्यसको भोलिपल्टै अड्डामा गएर मैले ठूल्दाजु, दिदी र आमाका नाउँमा जग्गा पास गरिदिएको थिएँ । मेरा जेठा बुबा षडानन्द प्रसाईका छोरा कृष्णराज प्रसाई र मेरा बुबाका साढुभाइ रविलाल प्रसाईका छोरा अथवा भनौँ मेरी सौतेनी आमाकी दिदीका छोरा नन्दकुमार प्रसाईचाहिँ हाम्रो घरको अंशबन्डाका साक्षी थिए ।

अंशबन्डाका बेला दुवै जना दाजुहरू कृष्णराज र नन्दकुमारले एउटै स्वरमा मलाई मायारूपी शब्दको भाकामा भनेका थिए– 'तिमी महान् हौ, भाइ ! अंश नलिने छोरा आजसम्म हामीले देखेका पनि थिएनौँ ।' अनि दाजुहरूलाई मैले उत्तर फर्काएको थिएँ– 'म जसरी नि पनि बाँच्न सक्छु । मलाई आमाको धूमधाम आशीर्वाद छ, त्यही प्रसादले मलाई पुग्छ । साथै मलाई ईश्वरको पनि कृपा रह्यो भने मेरा दाजुभाइ र दिदीलाई म अझै सेक्न सक्छु भन्ने ममा विश्वास पनि छ ।'

अंशबन्डा गरेपछि मेरा जेठा दाजुले पनि सालबारीमा घर बनाए । दाजु र आमाको घर तीसचालीस मिटरको दूरीमा थियो । वरतिरको घरबाट बोलेको परतिरको घरमा सुनिन्थ्यो । हरेक दिन प्राय: एक पटक मेरी आमासँग ठुल्दाजु र भाउजूको भेटघाट पनि भइरहने गर्थ्यो । साथै मेरी जेठी भाउजूले मीठो पकाएका दिन मेरी आमाका मुखमा पनि हाल्दिने गर्थिन् । त्यतिखेर मेरी आमालाई आफ्ना कान्छा छोराबुहारीले पनि राम्रै गरेका थिए ।

आमाको सेवा गरेर बसेको मेरो कान्छो भाइलाई मेरो हैसियतअनुसार म बराबर नगद र जिन्सीले सहयोग गरिरहन्थेँ । कहिलेकाहीँ मेरो गच्छेले नभ्याए पनि उसको मागअनुसार ऋणपान

गरेर नै भए पनि उसलाई म मद्धत गरिरहन्थेँ । तर पछिल्ला दिनहरूमा मैले थाहा पाउँदै जान थालेँ, कान्छा भाइका लागि मेरो सहयोग हात्तीलाई घाँसको आहाराजस्तो मात्र हुने रहेछ । भनौँ, ऊ मेरो सहयोगले कहिले चित्त बुझाउँदो रहेनछ ।

अंशबन्डा गर्नुअघि मेरो कान्छा भाइले आमालाई आफ्नो वैयक्तिक आचरणले पनि धेरै खुसी पारेको थियो । त्यतिखेर ऊ कुखुरा खाँदैनथ्यो, रक्सीलाई घृणा गर्थ्यो र क्षत्रीले छोएको भातसमेत खाँदैनथ्यो । उसका शरीरबाट जनै कहिले निस्कँदैनथ्यो । त्यसैले आमा पनि कान्छा छोराले भनेको जेजे पनि पत्याउने गर्थिन् । तर अंशबन्डापछि मेरो भाइले आफ्नो मान्यता, रीतिरिवाज र धर्मकर्म बिस्तारै छाड्दै जान थालेको थियो ।

अंश गरेको केही वर्षपछि मेरो कान्छो भाइ गङ्गाराजले मेरी आमालाई 'आमा ! हाम्रो जग्गा कच्चा छ, यसलाई पक्का बनाउनु पऱ्यो । नत्र हाम्रो सम्पत्ति ठूल्दाइले हामीलाई भोग्नै दिँदैनन् । आमाको शेषपछि यो जग्गा पनि उनैले खान्छन्' भनेर सम्झाइबुझाइ गरेछ । आमाले पनि आफूसँगै बसेको कान्छा छोराका कुरा पत्याइछिन् । मेरा कान्छा भाइबुहारीले ठूल्दाजुलाई समेत थाहै नदिई आमालाई सुटुक्कै चन्द्रगढीको माल कार्यालय पुऱ्याएछन् । अनि अनारमनी छेउको दक्षिणमा आमाका नाउँमा भएको जग्गा पनि मेरो भाइले आफ्नी श्रीमतीकै नाउँमा पास गरिदिएछ । त्यसै बेला मेरी आमाले बूढी औँला थिच्ने बेलामा मालका कारिन्दाले मेरा भाइबुहारीकै सामुन्ने आमालाई भनेका थिए रे– 'ए आमोई छोरालाई सम्पत्ति त बुझाउनु भयो, तर छोराले पाटीको बास त पार्दैनन् ?' ती शब्दले मेरी आमाका मनमा चिसोचाहिँ पसेको थियो रे ।

मेरा भाइबुहारीले आमाको सबै सम्पत्ति खुर्किसकेपछि क्रमशः आमाको तिरस्कार गर्न थाले । त्यसपछि आमाले आफ्नो छोराको

कर्तुत चाल पाउँदै जान थालेकी थिइन् । वास्तवमा पछिल्ला दिनहरूमा मेरी आमा आफ्ना कान्छा छोराबुहारीका लागि निकै घाँडो हुन थालेकी थिइन् । त्यतिखेर मेरी आमालाई निकै ताप परेको रहेछ । मेरी आमाले आफ्नो घरैछेउमा भएका जेठा छोरासँग कान्छा छोराको विरोध गर्ने मन गर्दिन थिइन्, किनभने आमाउपर ठूल्दाइको पेच हान्ने, व्यङ्ग्य गर्ने र खिल्ली उडाउने कला पनि हराइसकेको थिएन । त्यसैले मेरी आमाको पेटमा आगो बल्न थालेपछि उनलाई काठमाडौँ आउन मन लागेको रहेछ । अनि मैले यतैबाट आमाका लागि हवाईजहाजको टिकट पठाइदिएँ । आमा झापादेखि काठमाडौँ र काठमाडौँदेखि झापा जाँदा र आउँदा सधैँभरि मबाट नै हवाईजहाजको टिकटको व्यवस्था हुन्थ्यो । म भएपछि झापावालाहरूले आमाका लागि अन्य कुनै पनि प्रकारका फिक्री, अभिभारा र चासो लिनुपरेको थिएन । मेरी आमा जहाँ बसे पनि उनका लागि मेरो हैसियतले भ्याएसम्म खर्चबर्च मबाट नै व्यवस्था हुने गर्थ्यो । त्यसैले झापावासीलाई आफ्नी आमाबारे हाइसन्चो नै थियो ।

पैत्रिक सम्पत्तिमा रजाइँ गर्नेहरूलाई मेरी आमाबारे कुनै पनि प्रकारको परवाह, चासो र वास्तै थिएन । आमाले कस्तो खान्छिन् र कस्तो लगाउछिन् भन्नेसमेत उनीहरूलाई ज्ञान थिएन । उदाहरणका लागि भन्ने हो भने– म २०५३ सालमा विराटनगर गएको थिएँ । म प्राय: त्यहाँ जनरल भूपालमानसिंह कार्कीको घर 'बन्धुनिवास' मा बस्थेँ । जनरल कार्की र भूमा कार्कीले मलाई छोरासमान व्यवहार गर्थे र मेरी आमाको पनि खुबै आदर गर्थे । म बन्धुनिवास भएकै बखत झापामा मेरी आमासँग मेरो टेलिफोनमा कुरा भएको थियो । त्यति बेला आमाले मलाई रुँदै भनेकी थिइन्– 'छोरा तँसँग मलाई भेट्न मन लागेको छ ।' अनि मैले आमालाई भनेँ– 'कान्छा भाइलाई लिएर विराटनगरमा नै आउनु नि त आमा !' मेरो प्रस्तावअनुसार भोलिपल्टै आमा र कान्छो भाइ विराटनगर आइपुगेका थिए । त्यति बेला आमाले

लगाएका लुगा र चप्पल हेरेर मेरो छाती पट्टै फुटेको थियो । आमाले लगाएका हवाई चप्पलमा दुईखाले मैला र कत्रिएका लोती थिए । त्यतिखेर आमाले लगाएका चप्पलमा लोती पनि कस्ता रङका थिए भने– एउटा चप्पलमा पहेँलो र अर्को चप्पलमा नीलो रङको लोती थियो । त्यस दृश्यले मलाई खपिनसक्नु पारेपछि आमालाई लिएर म रातोरात भारतको जोगमनी पुगेँ र मैले आमाको आवरण फेरिदिएको थिएँ ।

•

मेरी आमा नइगृहमा प्रवेश भइन् । त्यस बेलाचाहिँ मेरा भाइबुहारीले आमाले लगाउने गरेका सबै गरगहना र आमाका राम्राराम्रा लुगाकपडा उतै राखेछन् । आमालाई बुच्चै देखेपछि मेरो मनमा चिसो पस्यो र यसबारे मैले आमालाई सोधेँ । आमाले सबै बेलीविस्तार लगाएपछि म पानीपानी भएँ । वास्तवमा आमालाई गरगहनाको अति नै सोख थियो । त्यसैले मैले आमाका लागि खाईनखाई गरेर पनि चरणबद्ध रूपमा गहना जोडिदिने गरेको थिएँ । फेरि तुरुन्तै त्यतिका गहना किन्ने हामीमा सामर्थ्य पनि थिएन । त्यसैले आमा र इन्दिरासँग सल्लाह गरेर मैले भाइलाई टेलिफोन गरेँ र त्यसपछि चिठी पनि लेखेँ– 'आमाका गहना निदानसेकमा सबै तेरै हुन्, मैले भनेपछि फरक पर्दैन । ती सबै गहना लिएर आइज; मेरो भाइ !' अनि मेरो भाइको इच्छामुताबिक मैले उसलाई आउने, जाने जहाजको टिकट पनि पठाइदिएँ । ऊ आमाका सुन लिएर झापाबाट काठमाडौँ आयो ।

•

केही महिना नइगृहमा बसेपछि मेरी आमाले फेरि झापा जाने मन गरिन् । आमाका खुसीमा हामी केही दिनका लागि भए तापनि

आमालाई झापा पठाउने गर्थ्यौं । केही महिना झापा बस्न थालेपछि अब आमाले झापामा नै जरा गाड्छिन होला भनेर मेरा भाइबुहारी सशङ्कित हुन थालिसकेका हुन्थे । अनि फेरि आमाउपर मेरा भाइबुहारीको झर्कोफर्को सुरु हुने गर्थ्यो । त्यसपछि उनीहरूले आमालाई घाँडो, असेटो र बोझ मान्न थालेका थिए । त्यतिखेर उनीहरू आमालाई घरबाट कसरी लघार्ने भन्ने दाउ खोजेर बसेका थिए । यति हो उनीहरूले आमालाई घोक्र्याएर निकाल्न मात्र बाँकी थियो ।

मेरी आमालाई काठमाडौंबाट मैले नियमित रूपमा फलफूल खाने खर्च र औषधी पठाउँथें । तर मेरी आमाबाट मैले पछि थाहा पाएँ, मेरा भाइबुहारीले आमालाई औषधी पनि खुवाउँदैन थिए र फलफूल पनि उनीहरूले नै खान्थे । आमालाई हरेक पल मेरो भाइले ठूलो स्वरले भन्ने गर्थ्यो– 'म मात्र तपाईंको छोरा हुँ र ! मैले मात्र तपाईंलाई पाल्नुपर्छ भन्ने के छ र ! तपाईंलाई जहाँ जान मन लाग्छ त्यतै जानुहोस् ।' त्यति मात्र होइन मेरा भाइकी पत्नी रामकुमारीले पनि आफ्नो छाती पिट्तै आमासामुन्ने उभिएर चिच्च्याउने गर्थिन् । उनले एक दिन जोडजोडका साथ कराएर भनेकी थिइन्– 'ए समाजका मान्छेहो ! यस घरबाट मलाई निकाल, या त यस बूढीलाई यस घरमा राख, या त मलाई राख । म यस बूढीसँग टिक्नै सक्तिनँ ।' वास्तवमा मेरी आमालाई आफ्नो जीवनको बाँकी भाग आफूले नै रगत, पसिनाले भिजाएको सालबारीमा नै बिताउने मन थियो । तर उनलाई परिस्थितिले साथ दिएन । उनलाई क्रमश: आफ्नै कोखका घाउले दु:ख दिन थालेको थियो अथवा भनौं घरबाट आफूलाई 'गेट आउट' को टिकट नकाटुन्जेलसम्म आफ्नै छोरो नै अपराधी हुन्छ भन्ने पनि उनलाई के थाहा थियो र ? मेरो भाइ र बुहारीका दिनहुँको रडाकोबाट मेरी आमा पलपल आत्तिने गर्थिन्, भौंतारिने गर्थिन् र रुने गर्थिन् । त्यस बेला मेरी आमालाई न भोक थियो न तिर्खा थियो ।

त्यसै फेरोमा मेरी आमालाई भेट्न अरुणा लामा सालबारी गएकी रहिछिन् । एक रात मेरी आमासँग बस्ता नै अरुणा दिदीले हाम्रो घरको धेरै कुरा चाल पाइसकेकी रहिछिन् । उनले पछि मसँगको भेटघाटमा भनेकी थिइन्– 'आमालाई धेरै कष्ट रहेछ नि भाइ !' त्यसै कालखण्डमा मेरी आमालाई भेट्न सालबारी पुग्नेमध्ये जनरल भूपालमानसिंह कार्की, डा.तारानाथ शर्मा र डा.रामप्रसाद पोखरेलको पनि मेरी आमाले नाउँ लिइरहने गर्थिन् ।

मेरी आमा झन्डै तीन दशकजति रजगजका साथ झापामा नै बसेकी थिइन् । मेरी आमाले झन्नै असी वर्ष भइन्जेल मेरा भाइबुहारी र उनीहरूका सन्तानलाई संरक्षण दिइरहिन् । त्यतिन्जेलसम्ममा मेरा कान्छा भाइ गङ्गा र बुहारीले मेरी आमासँग भएको रहलपहल जेथो पनि सोरसार पारिसकेका थिए । त्यसपछि उनीहरूले आमाको हेरचाह गर्न नै छोडिदिए । अनि मेरी आमा बेवारिसेजस्तै हुन थालेकी थिइन् ।

आमाकै धन खाएर आमासँगै बसेका छोराबुहारीको आमाप्रतिको अमानवीय व्यवहार, आमाको खस्केको स्थिति र कमजोर शारीरिक अवस्थाबारे मैले मेरा ठूल्दाजु, भरत दाइ र मेरी दिदी नीराबाट थाहा पाउँदै जान थालेँ । मेरी आमाको त्यस्तो बिचल्ली अवस्थाको सूचना मैले मेरा मनमा पकाइरहन सकिनँ । अनि इन्दिरा र मेरामाझ आमाको सेवा गर्नेबारे गहिरो सल्लाह पनि भयो । त्यसपछि म झापा गएँ र मैले मेरी आमालाई लिएर काठमाडौँ आएँ । अनि हामी जोईपोइ भएर उनको निरन्तर सेवा गरिरह्यौँ । तर केही वर्षपछि मेरी आमाले 'कान्छा छोराको न्यास्रो लाग्यो' भनेर झापा जाने मन गरिन् ।

# मेरी आमाको बिजोक

मेरी दिदी नीरा सिटौलाले मलाई टेलिफोन गरेर झापा बोलाएकी थिइन् । त्यस बेला उनले मलाई भनेकी थिइन्– 'आमाको अन्तिम बेला आइसकेको जस्तो छ, भाइ ! आमाको मुख हेर्छस् भने फुट्टै आइज, भाइ !' अनि रूपा भाउजूले पनि टेलिफोन गरेर इन्दिरा र मलाई भनेकी थिइन्– 'आमाको हरबिजोक छ । आमाको हेरविचार गर्ने यहाँ मैले कोही देखिनँ । आमाले 'मेरो छोरा आयो भने म बाँच्छु' भनिरहनुभएको छ ।' त्यसपछि म भोलिपल्टै झापा पुगेँ ।

म झापामा पुग्दा मेरी आमा सिथिल भएर सुतिरहेकी थिइन् । अनि मलाई देख्नेबित्तिकै मेरी आमा बोलिन् । धेरै दिनपछिको उनको त्यो बोली पहिलो थियो । उनी मेरो नारीमा समाएर डाँको छाडेर रुन थालिन् र भनिन्– 'छोरा ! मेरो छोरा, मलाई नछोड् न है ! तँ जता जान्छस् मलाई उतै लैजा न ! मलाई यो नर्कमा नथुपार् न, मेरो छोरा !' त्यतिखेर मेरी आमाका संवादले मेरो मुटु कुटुकुटु खान थालिसकेको थियो । मैले दाजुभाइ कसैलाई पनि धिक्कार नगरी मेरी आमालाई लिएर म सरासर काठमाडौँ आएँ ।

मेरी आमा २०५६ साल जेठ ८ गतेदेखि काठमाडौँमा नै बस्न थालिन् । मेरी आमा नइगृहमा बस्न थालेपछि आमाको प्राय: हर सुविधाका लागि हामी समर्पित थियौँ । वास्तवमा आमालाई मैले झापाबाट ल्याउँदा हाडछाला र सासकी मात्र थिइन् । आमालाई

काठमाडौँ ल्याएका दिनदेखि मेरी आमासँगै इन्दिरा सुत्न थालेकी थिइन् । आमा आएका दिनदेखि हाम्रो काम एकातिर डाक्टरकोमा लगेर आमाको उपचार गराउने हुन्थ्यो भने अर्कातिर आमाको टाक्सिएको पेट उकास्ने हुन्थ्यो ।

मेरी आमाका लागि औषधी उपचार पनि राम्रो हुन थाल्यो । तर सुरुसुरुमा उनी खानचाहिँ मन गर्दिन थिइन् । क्रमश: इन्दिराले आमालाई आफ्नै हातले खुवाउन थालिन् । त्यसपछि आमाको पेट पनि उस्किन थाल्यो र अनुहारमा पनि रौनक आउन थाल्यो । हाम्रो सेवाले आमा पनि खुसी थिइन् र केही दिनमा नै उनको मुहारको स्वरूप नै फेरिन थालेको थियो । त्यस बेला आमालाई यसरी सहजै ठीक पार्न सकिएला भन्ने हामीले सोचेकै पनि थिएनौँ ।

त्यसताक छोरो कञ्चनजङ्घा, छोरीहरू निकेतिका र अनुकृतिका अनि भान्जा अर्जुन पनि नइगृहमा नै बसेर पढ्थे । त्यसैले उनीहरूसमेत सधैँ मेरी आमाको हेरचाहका लागि समर्पित भइरहे । उनीहरू पालैपालो गरेर मेरी आमाको हात समाएर बिहान र बेलुका घरबाहिर घुमाउन लाने गर्थे । त्यसैले दैनिक आधा घण्टा मेरी आमा घट्टेकुलो, अनामनगरछेउछाउ हिँड्ने गर्थिन् । छोराछोरी र भान्जाले मेरी आमाको सेवा मात्र गरेनन्; आमाको संवेदनाको पनि अर्थ बुझेर आमाको मनोबल बढाउने काम पनि गर्थे । निकेतिका र अनुकृतिका त आमाकै छातीमा प्राय: टाँस्सिइरहने गर्थे । कहिले भने उनीहरू आमासँगै पनि सुत्ने गर्थे । वास्तवमा मेरी आमाले नै सेकेका, पालेका र हुर्काएका नातिनातिनीहरूचाहिँ आमासँग त्यसरी झुम्मिएको मैले देखेको थिइनँ ।

नइगृहमा मेरी आमालाई हरेक व्यवहारले सहज बनाउन हामी तल्लीन भइरह्यौँ । आमालाई बस्न र सुत्नका लागि समेत नइगृहमा तीनवटा बिछ्यौना राखिएका थिए । हामीले आमालाई छतमा घाम

ताप्ने ठाउँ बनाएका थियौँ । त्यहीँ खाटमा आमाका लागि हरदम ओछ्यान लगाइएको हुन्थ्यो । साथै माथ्लो तलाको बैठकमा पनि दिउँसो बस्न आमाका लागि एउटा बिछ्यौना राखिएको थियो । त्यो तला खुल्ला थियो र त्यसैमा हाम्रो घरको मुख्य बैठक पनि थियो । अनि बीचको तलामा आमाको र हाम्रो रात्रि शयनकक्ष थियो । हामी कमजोर आर्थिक अवस्थामा हुँदा पनि आमाप्रतिको हाम्रो समर्पण देखेर घटराज भट्टराईले साहित्यिक समारोहहरूमा समेत हामी नइको बयान गर्थे ।

•

हाम्रो घरमा पाउनापासा आइरहेको मेरी आमालाई धेरै मन पर्थ्यो । घरमा कोही आए भने उनी श्लोक गाएर पाहुनाको स्वागत गर्थिन् । हाम्रा घरमा आउनेमध्ये भद्रकुमारी घलेको मेरी आमाले नाउँ लिइरहने गर्थिन् । उनी प्राय: हरमहिना मेरी आमालाई भेट्न आउने गर्थिन् । आमाका लागि उनी कहिले खास्टो, कहिले गम्छा र कहिले मोजा उपहार लिएर आउने गर्थिन् । आमाले लगाइरहेको मोजा फुकाएर उनले मेरी आमाका गोडामा आफ्नै हातले मोजा लगाइदिने गर्थिन् । मन्त्री भइसकेकी नारीले त्यति सारो आदर गरेको बेहोरा मेरी आमाका लागि झनै खुसीको घटना हुन्थ्यो । अनि मेरी आमाको शेषपछि मैले पनि हरसाल भद्र दिदीको जन्मदिन भनौँ फागुन १९ गते उनैका घर गएर उनले लगाएको मोजा मेरै हातले फुकाएर म उनका खुट्टामा मोजा लगाइदिने गर्न थालेँ ।

त्यतिखेर कोइलीदेवी दिदी नइको रेखदेख अथवा भनौँ संरक्षणमा थिइन् । त्यसैले उनी पनि हरसमय नइगृहमा आउने गर्थिन् । मेरी आमा र कोइली दिदीका सुक्खदुक्खका कुरा पनि मिल्थ्यो । उनीहरू आआफ्नै पीडा एकअर्कालाई सुनाउने गर्थे । कोइली दिदीको सन्तान नभएको पीर र मेरी आमालाई सन्तानले

दुक्ख दिएको व्यथाका गन्थन इन्दिरा र म सुनिरहेका हुन्थ्यौं । त्यसै बेला मेरी आमा र कोइली दिदीका कुरा सुनेर उनीहरूकै उमेरमा नापिएका लव राजा अर्थात् वीरेन्द्रबहादुर शाहले बोलेका शब्द अझै मेरा छातीमा टाँस्सिइरहेकै छन्– 'मैले त धन्न बिहे नै गरिनछु । म यी सबै टन्टाबाट पार भएको छु । मलाई आनन्द छ ।'

•

मेरी आमाको जीवनको उत्तरार्धमा उनलाई मधुमेय, उच्च रक्तचाप, दम, अल्सर र अल्जाइमरले सताएको थियो । आवश्यक्ताअनुसार सम्बन्धित डाक्टरकोमा त आमाको जाँच हुन्थ्यो नै । तर उनको नियमित डाक्टरचाहिँ प्रा.मथुरा केसी थिए । डा.केसी साहित्यकार पनि भएकाले हुनुपर्छ उनले आमाको जाँच गराउँदा हामीसँग पैसा लिन मान्दैन थिए । उनले नियमित दस वर्षजति आमाको नि:शुल्क जाँच गरिरहे ।

मेरी आमालाई नइगृहमा हामीले हाम्रो गच्छेले भ्याएसम्म हरेक प्रकारको सुक्ख, शान्ति र सुविधा पुऱ्याएर सेवा गर्दै आएका थियौं । तर स्वास्थ्य सप्रेपछि आमाले 'झापा जान्छु कि झापा जान्छु' भन्न थालेकी थिइन् । आमा हामीसँगै बसिदिए हुन्थ्यो, आमालाई झापामा सारै दुक्ख हुन्छ भन्ने हाम्रो सोच पनि आमाले 'झापा जान्छु कि जान्छु' भनेपछि असफलै भएको थियो । आफूले रगत, पसिनाले भिजाएर निर्माण गरेको सालबारी जाने उत्कटताले आमालाई घरीघरी सताइरहेको नै हुन्थ्यो । त्यसैले नचाहेर नै पनि हामीले आमाको खुसी मार्न चाहेनौं । आमाका इच्छाले उनी फेरि झापातिरै लागिन् ।

झापामा पुगेको केही दिनमा नै मेरी आमा शौचालयमा नराम्रो घतले लडिछिन् । त्यसपछि उनी ओछ्यानमा नै परिछिन् । उनलाई डाक्टरकोमा समेत नपुऱ्याई घरमै सुताएर राखिएको रहेछ । 'आमा

बूढी भइहालिन्, अब औषधी गरेर के काम' भन्ने अंशियार छोराको मानसिकताका कारण आमाको हालत धेरै नराम्रो भएको रहेछ । त्यतिखेर आमा मुडो लडेझैं खाटमा सुतिरहने गर्थिन् । कतिसम्म भने आमाका शरीरभरि झिँगा भन्कने गर्थे र आमाका मुखमा बसेका झिँगा हम्कने मान्छे पनि त्यहाँ हुँदैन थिए । ती सबै बेहोराका साथै आमाको बिजोक भएको तथ्य नीरा दिदी र त्यतिखेर कामविशेषले काठमाडौँबाट झापा गएकी रूपा भाउजूबाट हामी नइका कानमा परेको थियो ।

मेरी आमाको दुक्खलाग्दो अवस्थाको सूचना पाएपछि म हठात् झापा गएँ । म त्यहाँ त्यसरी पुग्छु भनेर मेरी आमालगायत कसैले अड्कल काटेका पनि थिएनन् । म आमाका छेउ पुगें । आमाको हालत नराम्रो देखेर मेरा आँखा रसाउन थालिसकेका थिए । मैले आमालाई छोएँ, आमा रुन थालिन् र म पनि रुन थालें । कसैलाई केही नभनी आमालाई लिएर म भोलिपल्टै काठमाडौं आएँ । अनि हामी बूढाबूढी आमाको उपचारमा लाग्यौं । त्यस बेला सामान्य उपचारले नै आमालाई ठीक भएको थियो ।

मेरी आमा क्रमश: अचेत हुन थालिन् । भनौं, त्यस बेला मेरी आमाको चेतनापूर्णको जीवन थिएन । कतिसम्म भने त्यस घडी उनले मलाई समेत चिन्न गाह्रो मान्थिन् । आमाको अवस्था हेरेर रुनुको विकल्प मसँग केही पनि थिएन । केही दिनपछि इन्दिराले भनिन्– 'आमालाई मस्तिष्कको नसासम्बन्धी केही भएको छ । म विजया (डा.वसन्त पन्तकी श्रीमती प्रा.डा.विजया पन्त) भान्जीसँग कुरा गर्छु ।'

डा.वसन्त पन्तका सल्लाहमा हामीले आमालाई भृकुटीमण्डपस्थित मोडेल अस्पताल लिएर गयौं । त्यहाँ डा.कपिल उपाध्याय र डा.पन्तले आमाको स्वास्थ्य जाँच गरेका थिए । अनि

दुवैले आमाको टाउकाको अप्रेसन गर्नुपर्छ भनेर हामीलाई निर्णायक मत दिएका थिए । आमाको टाउकाको शल्यक्रियाबारे मेरी पत्नी इन्दिराले लेखेकी पनि छिन्– 'मेरी सासूको टाउकाको अप्रेसन हाम्रा लागि निकै ठूलो कुरा थियो । नब्बे वर्ष हाराहारीकी मानिसको यस्तो अप्रेसन गर्नुपर्ला भन्ने मानसिकता नै हामीले बनाएका थिएनौँ । 'डा.साहेब आमाको अप्रेसन नै गर्नुपर्छ र उहाँलाई औषधीले मात्र निको पार्न सकिँदैन र ? सकभर औषधीले निको हुन्छ भने किन अप्रेसन गरेर उहाँलाई दु:ख दिने' भनेर डा.वसन्त पन्तसँग मैले फोनमा कुरा गरेँ । 'उहाँको सकेसम्म छिटो अप्रेसन गर्नुपर्छ । आज उहाँको अरू इन्भेस्टिगेसन गरेर भोलि नै उहाँको अप्रेसन गर्नुपर्छ; तपाईंहरूले उहाँलाई आजै अस्पताल भर्ना गराउनुहोला ।' मेरो प्रश्नको डा. पन्तले यस्तो जबाफ दिनुभएको थियो । 'डा.साहेब ! उहाँलाई अप्रेसन गर्दा केही खतरा त हुँदैन, निको त हुन्छ ?' मैले पुन: शङ्का व्यक्त गरेर उहाँसँग सोधेकी थिएँ । 'हेर्नोस, अप्रेसन गर्दा उहाँलाई ९९ प्रतिशत निको हुन्छ, उहाँ पहिलेको अवस्थाको जस्तै राम्रो हुनुहुन्छ । तर अप्रेसन नगर्दा भने उहाँलाई घर नलाँदा हुन्छ अर्थात् तपाईंहरूले उहाँको मृत्युको प्रतीक्षा गर्न सक्नुहुन्छ । मलाई त भोलि मैले उहाँको अप्रेसन गर्न पनि पाउँछु या पाउँदिनँ भन्ने लाग्दै छ । ब्लडले उहाँको गिदीलाई निकै मात्रामा थिचिसकेको छ । आज रातभरिमा उहाँलाई केही भएन भने भोलि चाँडै उहाँको अप्रेसन गर्नेछु । हेरौँ भगवान्को पनि के इच्छा छ !' (मेरी सासू– २०६५ : इन्दिरा प्रसाई) ।

डा.वसन्त पन्तका कुरा सुनेपछि मलाई पनि आमाको अप्रेसन नै गर्नुपर्छ भन्ने लाग्यो । इन्दिरालाई मेरी आमाले पौने डाक्टर नै भन्ने गर्थिन् । त्यसैले उनी नै मेरी आमाको अप्रेसनका लागि अग्रसर भइन् । डाक्टरको सल्लाहअनुसार हामीले २०६२ साल जेठ २७ गते शुक्रबार आमालाई मोडेल अस्पतालमा भर्ना गऱ्यौँ । अनि भोलिपल्ट

शनिबार बिहानै डा.पन्तबाट आमाको टाउकाको ब्लडक्लटको सफल शल्यक्रिया भयो । त्यस बेला हामीलाई सघाउन र मनोबल दिन दाजुभाउजू डा.भीष्मराज प्रसाई र सुभद्रा प्रसाई पनि बिहानैदेखि मोडेल अस्पताल आएका थिए । आमाको त्यस अप्रेसनको अघिपछि डा.कपिलदेव उपाध्यायको हामीलाई ठूलो गुन लागेको थियो ।

मोडेल अस्पतालमा मेरी आमाको सेवार्थ छोराछोरी कञ्चनजङ्घा र अनुकृतिका अनि भान्जा अर्जुन सिटौला अहोरात्र जुटेका थिए । छोरी अनुकृतिकासँग पनि मेरी आमा रत्तिएकी थिइन् । उनी नातिनीसँग कुरा गर्दा आफूलाई केही राहत भएको महसुस पनि गर्थिन् । साथै मेरी साली कल्पना र भतिज माधव नेपालले पनि त्यस बेला मेरी आमाको सेवा गरेर फेरि पनि मलाई अर्को गुन लगाएका थिए । त्यस बखत नेपाल सरकारका मुख्य सचिव दाजु लोकमानसिंह कार्की र भाउजू सुनिता कार्कीले अस्पतालमा नै आएर आमाबारे गहिरो चासो राखेका थिए । साथै मेरा मावली भाइ प्रा.डा.रामप्रसाद उप्रेतीले पनि मेरी आमाको निगरानी राखिरहे । त्यति बेला डा. वीरेन्द्र झापालीले पनि आमाको सेवा गरेका थिए । तर त्यस्तो जटिल अवस्थामा पनि आमाका झापावासी दुवै छोराहरूको चाहिँ मैले न मुख देख्न पाएको थिएँ, न त टेलिफोन र मोबाइलबाट भए पनि बोली नै सुन्न पाएको थिएँ ।

मेरी आमाका स्वास्थ्यमा सुधार आएको दिन अथवा भनौं होस खुलेका बेला आमाका मुखबाट अप्रत्यासित रूपमा वाणी खुस्केको थियो– 'म अब कहिले झापा जाने ?' अनि केही दिनपछि उनले आफ्नो पूर्वकथा सबै सँगाल्न थालिसकेकी थिइन् । त्यसैले पेट निचोरेर भए पनि उनी भन्ने गर्थिन्– 'अब म कहिले पनि झापा जान्न । त्यस नर्कमा मलाई डुब्नु छैन । मेरा छोराबुहारीले मलाई पटकपटक बिल्लिबाठ पारिसकेका छन् । अब त उनीहरूले मलाई जिउँदैमा खोलामा लगेर फाल्न मात्र बाँकी छ ।'

# मेरी आमा र इन्दिराको अन्तरसम्बन्ध

मेरी पत्नी इन्दिराले मेरी आमाका हरइच्छा पूरा गरिदिन्थिन् । आमाको औषधी, खानापिना, लुगाफाटाका लागि इन्दिरा सधैँ अग्रसर हुन्थिन् । आमालाई के मीठो लाग्छ र कुन लुगा मन पर्छ भन्ने कुरा मलाई थाहा हुँदैनथ्यो, इन्दिरालाई चाहिँ थाहा हुन्थ्यो । आमाका लागि इन्दिराबाट नै सबैसबै काम सम्पन्न हुन्थ्यो । त्यति मात्र होइन, आमा केही अस्वस्थ हुँदा पनि इन्दिराको पूर्ण समय आमाकै कोठामा बित्ने गर्थ्यो । अनि आमा अरू अस्वस्थ हुँदा उनी आमासँगै सुत्ने गर्थिन् । वास्तवमा उनी मेरी आमाकी करुणाकी देवी थिइन् । मेरा ठूल्दाजु र ठूली भाउजू अनि भरत दाइ र रूपा भाउजूले पनि यस विषयलाई समेत लिएर सधैँ इन्दिराको बयान गर्थे । साथै मेरी आमाले घरीघरी भन्ने गर्थिन्– 'इन्दिरा मेरी बुहारी होइन, आमा हो ।' यसै विषयलाई लिएर मेरी दिदी नीरा सिटौला प्राय: हामी नइलाई भन्ने गर्थिन्– 'यदि आज तिमीहरू पनि नभएको भए आमाको के हाल हुने थियो होला ? तिमीहरू नभए बुढेसकालमा त आमाको पाटीमै बास हुने रहेछ ! आमाको अहिलेको अवस्था सम्झँदा पनि कहाली लागेर आउँछ । आमासँगै आमाकै गर्भमा पहिरोमा किचिएर पनि जन्मेको मेरो भाइले आमाको सेवा गर्नुपर्ने रहेछ । इन्दिरा मेरी आमाकी देवी हुन् ।'

मेरी पुरोधिका इन्दिराले मेरी आमाको कति सेवा गरिन्, त्यसको बयान गर्ने ममा क्षमता छैन भने पनि हुन्छ । फेरि जोईको

वर्णनमा पोइले अक्षर खर्च गरेको पनि त्यति महत्त्व हुँदैन जस्तो लाग्छ । तर मेरी आमा नइगृहमा आएपछि आमाको सेवाबाहेक हामी नइको अर्को प्राथमिकता गौण नै हुन्थ्यो । यो बेहोरा हाम्रा आफन्त सबैलाई छर्लङ्ग नै थियो । यसै क्रममा मेरी आमाका कान्छा भाइ सु. खगेश्वर उप्रेतीका जेठा छोरा जयप्रसाद यु.के.ले लेखकै पनि छन्– 'भागीरथा प्रसाई भन्न पुग्छिन्– 'इन्दिरा ! तँ नभए म दु:ख पाएर पहिल्यै मर्थें होला ! तँ मेरी आमा होस् !' सासूले बुहारीलाई 'आमा' भन्नु कतिसम्म द्रविभूत भएर हो !' (मेरी सासू– दोस्रो संस्करण २०७४ : इन्दिरा प्रसाई) ।

मेरी आमालाई भेट्न आमाका शाखासन्तान त्यति आउँदैन थिए भने पनि हुन्छ । उनलाई भेट्न मेरा मावलीहरूचाहिँ बराबर आइरहन्थे । त्यसै क्रममा आमाका अर्का भदा अथवा भनौँ यु.के.का माहिला भाइ प्रा.डा.रामप्रसाद उप्रेती पनि मेरी आमालाई भेट्न प्राय: हप्तादिनमा नइगृह आउने गर्थे । यसै क्रममा प्रा.डा. उप्रेतीले पनि मेरी आमाबारे लेखे– 'मेरी साल्दिदी बराबर भन्नुहुन्थ्यो– 'इन्दिरा नभए मेरो जीवन यस्तो हुँदैनथ्यो । इन्दिरा मेरी बुहारी मात्र होइनन्; आमा पनि हुन् ।' मेरी साल्दिदीको वाणीमा मात्र होइन इन्दिरा प्रसाईको मान्छेसँगको व्यवहार पनि ज्यादै अनुकरणीय नै छ । उनको आफ्नी सासूप्रतिको व्यवहार अत्यन्तै अनुकरणीय र प्रेरणादायी थियो । उनी आफ्नी सासूमा नै प्राय: केन्द्रित देखिन्थिन् । यस विश्वकै दुर्लभ घटनाका रूपमा सासूप्रति बुहारीको माया नइ भवनमा विगतका दिनमा प्रत्यक्ष देख्न सकिन्थ्यो ।' (मेरी सासू– २०६५ : इन्दिरा प्रसाई) ।

मेरी आमा शारीरिक रूपमा अशक्त नै भइन् । आमाको जीवनरक्षार्थ म र इन्दिरा धेरै समर्पित भयौँ । तर हामी हार्न थालिसकेका थियौँ । जाडो पलाएपछि घाम ताप्न सधैँ छतमा जाने

गरेकी आमा त्यस दिनदेखि हिँड्न पनि सकिनन् । साथै उनले माथि जाने मन पनि गरिनन् । त्यसपछि आमा चौबीसै घण्टा आफ्नै कोठाको आफ्नै बिछ्यौनामा सुतिरहिन् ।

इन्दिराले आफ्नी आमा अथवा भनौँ मेरी सासू दुर्गादेवी नेपालको कति सेवा गरिन् त्यो मलाई थाहा छैन । तर उनले मेरी आमाको कति सेवा गरिन् भने अति सेवा गरिन् । उनको सेवाका अगाडि मेरी आमाका लागि म केही पनि थिइनँ । उनले गाल टार्न मेरी आमाको कहिले पनि सेवा गरिनन् । उनले मन, वचन र कर्मले आमाको सेवा गरेकी थिइन् । त्यति मात्र होइन आमा नइगृहमा बसिन्जेलसम्म हामी जोईपोइ आमालाई छाडेर काठमाडौँ उपत्यका काटेर कहीँ, कतै पनि गएका थिएनौँ ।

इन्दिराले आफ्नो भावनामा मेरी आमा नै राखेकी हुन्थिन् । उनले जोसुकैसँग पनि भन्ने गर्थिन् र उनले मेरी आमाबारे त्यही बेहोरा पनि लेखेकी थिइन्– 'मेरी सासू भागीरथा प्रसाई ती महान् नारीको नाउँ हो, जसले आफ्ना जीवनका गहिरो चोट पनि समाजसामु कहिल्यै देखाउन चाहनु भएन । ... मेरी सासूले आफ्नो जीवनमा आफ्नै आँसु पिएर यात्रा गर्नुभयो । ... मेरी सासूसँगको मेरो साहचर्यले निकै महत्त्व राखेको छ, अर्थात् जीवनको पछिल्लो समयमा उहाँसँग सङ्गत गर्न पाउँदा मेरा चाहनाले परितृप्ति पाएको छ । उहाँसँग म जतिजति नजिक हुँदै गएँ उहाँको व्यक्तित्वको गरिमाले अभिभूत पनि हुँदै गएँ । उहाँसँगको साहचर्यले मलाई उहाँप्रति निकै नै संवेदनशीलसमेत बनायो । वास्तवमा उहाँको जीवनकथा सुन्दै र गुन्दै गएपछि उहाँको भोगाइ कुनै काल्पनिक कथाभन्दा पनि जिउँदो उपन्यासजस्तो मलाई लाग्यो ।' (मेरी सासू– २०६५ : इन्दिरा प्रसाई) ।

इन्दिरा हरेक कुरामा परिपक्व छिन् । घरव्यवहारमा उनी जति निपूर्ण छिन्, मनवव्यवहारमा पनि त्यति नै फर्स्याइली देखिन्छिन् । खास गरेर उनले मेरी आमाको सेवा गरेको देख्ता म आश्चर्य पनि

मान्थें । यस संसारका कुनै पनि बुहारीले सासुको यसरी सेवा गरेको मैले सुनेको पनि थिएन र देखेकै त्यो पहिलोपल्ट थियो । उनको आमाउपरको सेवा औपचारिक थिएन, मान्छेलाई देखाउने नाटक पनि थिएन र गाल टार्ने हिसाबको पनि थिएन । त्यसैले मेरी आमा इन्दिरासँग अति खुसी थिइन् । उनी बराबर इन्दिरालाई भन्ने गर्थिन्– 'तिमी मेरी बुहारी होइनौ, आमा हौ ।' मेरी आमा स्वर्गीय हुनुअघि पनि इन्दिरालाई आमाले हरपल आशीर्वाद दिइरहिन् । वास्तवमा इन्दिराको सेवामा कुनै पनि प्रकारको सर्त पनि थिएन र स्वार्थ पनि थिएन । उनले आफ्नी सासूको निश्छल, निर्मल र पवित्र सेवा गरेकी थिइन् । नइगृहमा सबैभन्दा धैरै आउनेमध्ये एक जना मोदनाथ प्रश्रित पनि थिए । इन्दिराको सासूप्रेम देखेर प्रश्रित बराबर भन्ने गर्थे– 'इन्दिराको सेवा देखेर मलाई अचम्म लाग्छ । उनी त सेवाकी गुरुआमा हुन् ।' मेरी आमाले प्राप्त गरेको सेवाका प्रसङ्गमा मेरा ठूल्दाजु र जेठी भाउजूले पनि इन्दिराको उच्च मूल्याङ्कन गरेका थिए । दाजुभाउजू नइगृहमा आएका बेला एक पटक मेरी आमाले उनीहरूलाई भनेकी थिइन्– 'मलाई पनि तिमीहरूसँगै झापा लैजाओ न ! मलाई एक पटक झापा जान मन लागेको छ ।' त्यतिखेर दाजुभाउजूले आमालाई सम्झाउँदै भनेका थिए– 'इन्दिराले आमाको जति सेवा गरेकी छिन् त्यति सेवा हामी गर्नै सक्तैनौँ । आमाले यो घर छाडेर कतै नजानु नै बेस हुन्छ । आमा स्वर्गमा बस्नुभएको छ । आमाको यो अवस्था देखेर हामी सारै खुसी छौँ ।'

इन्दिराप्रति मेरी आमालाई सारै गर्व थियो । इन्दिराको भाषण उनलाई खुबै मन पर्थ्यो ।  इन्दिराले भाषण गर्ने कुरा आमाले चाल पाइन् भने 'त्यस ठाउँमा मलाई पनि पुऱ्याइदेओ न' भनेर मेरी आमा भन्ने गर्थिन् । इन्दिराले भाषण गरिरहेका बेला पनि उनी आफूछेउमा बसेका मान्छेसँग भन्ने गर्थिन्– 'अहिले बोल्दै गर्ने आइमाई मेरी अन्तरी बुहारी हो नि !' मेरी आमा बराबर जोसँग पनि इन्दिराको

बयान गर्थिन् र भन्थिन्– 'मेरी बुहारी इन्दिरा ठूली मान्छे हो, ऊ वीर आइमाई हो । आइमाईले जे पनि गर्न सक्दा रहेछन् भन्ने पनि देखियो । इन्दिरा त छोरी भएर जन्मेकी मात्र न हो । ठाउँ पाई भने उसले छोराले भन्दा धेरै काम गर्न सक्छे । इन्दिरा इज्जतदार आइमाई हो । ऊ त नेपाल सरकारको सल्लाहकारसमेत भएकी आइमाई हो । इन्दिराले कमाएको इज्जत र मान प्रसाई परिवारकै पनि हो नि !' आमाको इन्दिराप्रतिका धारणाहरू आमाले उखान र श्लोकमार्फत पनि प्रस्तुत गर्ने गर्थिन् । वास्तवमा आमाप्रति इन्दिराको जति विशाल भक्तिभाव थियो, इन्दिराप्रति पनि आमाबाट त्यति नै आशीर्वादको बाढी बर्सिरहने गर्थ्यो ।

मेरी आमालाई पूर्ण रूपमा जान्ने, मान्ने र बुझ्ने भूगोलभरिमा कसैको नाउँ लिनुपर्दा म इन्दिराको नै सगर्व नाउँ लिन पुग्छु । उनी मेरी आमाका भित्रबाहिरका हरेक कुरा बुझ्न सक्थिन् । मेरी आमा बाँचुन्जेलसम्म उनी आमाको चाहना पूरा गर्न उद्धत थिइन् । त्यतिखेर उनको पृथ्वी नै मेरी आमा थिइन् जस्तै गरेर उनले आफ्नी सासूको सेवा गरेकी थिइन् । उनी मेरी आमाको सेरोफेरोमा मात्र हुन्थिन् । साथै मेरी आमाको स्वर्गारोहणपछि पनि उनले एकछत्र आफ्नो सद्भाव, सम्मान र श्रद्धा आमाप्रति नै चढाइरहिन् । उनी हरेक काम र कुराको उदाहरणमा पनि मेरी आमालाई प्रस्तुत गर्ने गर्थिन् । वास्तवमा उनले मेरी आमालाई पनि आफ्नो आदर्श मानेकी थिइन् । त्यसैले मेरी आमाले पनि मेरी पुरोधिकाका बारेमा बराबर भन्ने गर्थिन्– 'इन्दिराजस्ती बुहारी त संसारमा नै हुँदैनन् । मलाई सबैले हेला गर्दा पनि इन्दिराले मेरो रक्षा गरिन् । उनी मेरी बुहारी मात्र होइनन्, मेरी आमा पनि हुन् ।'

# मेरी आमाप्रति कञ्चनजङ्घाको समर्पण

मेरी आमालाई छोराजतिले आमा भन्ने गर्थे र बुहारी अनि नाति, नातिनाले माता भन्ने गर्थे । मेरो छोरो कञ्चनजङ्घा मेरी आमाको अति भक्त, आज्ञाकारी र विश्वासपात्र थियो । ऊ हरदम मेरी आमालाई खोजिरहन्थ्यो । स्कुलको छुट्टीका समयमा पनि माताको दर्शन गर्न जान्छु भनेर बाल्यकालदेखि नै ऊ झापा पुग्ने गर्थ्यो । झापा गएदेखि काठमाडौँ नफर्किन्जेल ऊ आफ्नी मातासँगै बस्थ्यो । उसको हरखुसीका लागि मेरी आमाले पनि साथ दिइरहन्थिन् । मेरी आमाले बोलेपछि उसका लागि ढुङ्गाको अक्षर हुन्थ्यो । त्यही क्रममा कञ्चनजङ्घाको व्रतबन्ध मेरो अनुपस्थितिमा पनि मेरी आमाले झापामा नै गराएकी थिइन् ।

मेरो छोरो मेरी आमा भनेपछि जति हुरुक्कै हुन्थ्यो, मेरी आमा पनि कञ्चनजङ्घा भनेपछि त्यत्तिकै हुरुक्कै हुन्थिन् । उनी बराबर भन्थिन्– 'नातिहरूमा मलाई कञ्चनजङ्घाकै बढी माया लाग्छ । कञ्चनजङ्घाले जति मलाई कुनै नातिले पनि माया गर्दैनन् । आफूले सेकेका, तापेका र हुर्काएका नातिनातिनाले मलाई फर्केर पनि हेर्दैनन् ।'

मेरी आमाको हामी नइले सेवा गरेकोमा कञ्चनजङ्घा झनै खुसी हुन्थ्यो । बिदामा विदेशबाट घर आएको बेला उसले मेरी आमालाई प्राय: छाड्न मान्दैनथ्यो । त्यसैले पनि मेरी आमा नइगृहमा

थप रत्तिएकी थिइन् । त्यही क्रममा उनी बाह्र वर्षजति नइगृहमा नै बसिन् । आमाको सम्पूर्ण सेवामा आमाको जेथो अथवा भनौँ कुनै प्रकारको धन नलिई तन, मन, धनले आमाउपर बाह्रै मास समर्पित भएर हामी लागेका हुन्थ्यौँ । वास्तवमा त्यस बखत हामी आर्थिक रूपले कमजोर नै थियौँ । त्यस बेलाको हाम्रो घरायसी अवस्था नाजुक भए तापनि हामी लोभानी, पापानीमा बसेका थिएनौँ । त्यसैले अंशियारसँग पनि हामीले कुनै गुनासो पनि गरेनौँ र आमालाई यो गर्नुपर्छ, ऊ गर्नुपर्छ भनेर माग पनि गरेनौँ । मुख्य कुरा के हो भने मेरी पत्नी र छोराले पनि कहिले कसैको लोभ र आशा नै गरेनन् । वास्तवमा मेरो छोरो डा.कञ्चनजङ्घा मैले पैत्रिक सम्पत्ति नलिएकोमा गौरवीबोध गरिरहन्छ । ऊ मेरो स्वाभिमानप्रति पनि घमन्ड गर्ने गर्छ । यसै सन्दर्भमा मेरी सासू दुर्गादिवी नेपाल पनि मसँग सारै खुसी थिइन् । त्यसैले उनले आफ्ना छोराबुहारी र छोरीहरू राखेर प्रश्न गर्थिन्– 'आमाबाबुको अंश नलिएर पनि आमाको भक्तिपूर्वक सेवा गर्ने मानिसको नाउँ के हो ?' अनि जजसको जेजस्तो जबाफ आए तापनि मेरी सासू गौरवका साथ उत्तर दिने गर्थिन्– 'नरेन्द्रराज प्रसाई !'

मेरी आमा काठमाडौँमा आएपछि कञ्चनजङ्घा बजार डुलेर या घरबाहिर गएर फर्कंदा आमाका लागि केही न केही ल्याउँथ्यो । भनौँ, ऊ खाली हात कहिले आमाका छेउमा पुग्दैनथ्यो । त्यति मात्र होइन, हरसाँझ आमाको खुट्टा धुने, आमाको खुट्टामा चिल्लो लगाउने र आमाको ओछ्यान मिलाइदिने काम सकेसम्म उसले आफैँ गर्थ्यो । त्यसैले आमाले पनि उसलाई झन् सारो खोज्ने गर्थिन् । आमाको जीवनको अन्त्य हुने बेलामा समेत मेरी आमाले आफ्नो नाति खोजिरहिन् । आमालाई भेट्न जोजो घरमा आए पनि उनी अर्ध चेतनामा पनि बोल्ने गर्थिन्– 'कञ्चनजङ्घा आयो ?' अर्को एक दिनको कुरा हो, नर्वेबाट इन्जिनियरिङमा एमई पढेर मेरो ठूल्दाइको

कान्छो छोरा सन्देश नेपाल आएका थिए । त्यसै बखत कोसेली बोकेर उनी मेरी आमालाई भेट्न नइगृहमा आउँदा आमा बेहोसीमै बोलेकी थिइन्– 'कञ्चनजङ्घा हो !' मेरी आमाले आफ्ना नातिमध्ये डा.केशर र इ.सन्देशलाई पनि प्राय: खोज्ने गर्थिन् । त्यसैले त्यतिखेर सन्देश आएको थाहा पाएर आमा खुसी भएकी थिइन् ।

मेरी आमा मेरा विषयमा धेरै चिन्तित हुने गर्थिन् । साथै आफ्नो बाँच्ने दिन समाप्त हुँदै गएको बेहोरा पनि मलाई घरीघरी बताइरहने गर्थिन् । त्यस विषयमा आमा र मेरो ठाकठुक, ठाकठुक पनि परिरहन्थ्यो । यसै विषयमा बराबर आमा र मेरा माऊ गम्भीर छलफल भइरहेको हुन्थ्यो । त्यस बेला इन्दिरा हाम्रो कुरा सुनेर बसिरहेकी हुन्थिन् । हामी आमाछोराको संवाद पनि उनले आफ्ना कृतिमा पोखेकी थिइन्–

'मेरो मृत्युपछि संस्कारादि गर्न पैसा चाहिन्छ । तैँले कसरी जुटाउँछस् त छोरा ? त्यस बेला सबै दाजुभाइ मिलेर काम गर्नू ।' मेरी सासूले बराबर नरेन्द्रसँग भन्नुहुन्थ्यो ।

'आमा तपाईं चुप लागेर बस्नू, मर्ने कुरा किन गर्नुभएको ?' नरेन्द्र अलि रिसाएर नै आमालाई जबाफ दिनुहुन्थ्यो । वास्तवमा आमाको मृत्यको कल्पना गर्न पनि नरेन्द्रलाई गाह्रो पर्थ्यो ।

'होइन, छोरा तँ नरिसा न ! मानिस भएर जन्मेपछि एक दिन त मर्नैपर्छ नि !' आमाको पनि सम्झाएरै भन्ने बानी थियो ।

'हेर्नू, आमा ! मर्ने, बाँच्ने कसैलाई थाहा हुँदैन । तपाईंभन्दा अगि म मरेँ भने त कुरा बेग्लै भो । तर मभन्दा अगि तपाईं जानुभयो भने सबै खर्चको व्यवस्था म नै गर्छु । यस विषयमा दाजुभाइसँग म माग्दिनँ ।' नरेन्द्रले आमालाई यस सन्दर्भमा घरीघरी वचन दिनुभएको थियो ।

'तैँले र भरतले अंश र मेरो जिउनी पनि लिएनौ । तँ त झन् फिट्टा हिँडेको छोरो होस् । मेरो किरियाखर्च पनि तैँले नै कसरी गर्छस्; छोरा, भन् त ?' आमाले फेरि पनि चिन्ता व्यक्त गर्नुभएको थियो ।

'आमा ! यस्तो चिन्ता नगर्नुस्, आमाको यत्तिका वर्षसम्म सेवा गर्न, औषधोपचार गर्न, अपरेसन गर्न पनि त मैले दाजुभाइलाई गुहारिनँ नि ! मैले कसैसामु आफ्नो दु:ख पनि देखाइनँ । आफ्नी आमाका विषयमा जेसुकै गर्न पनि जिउनी र अंश लिएका छोराछोरीले मात्रै गर्नुपर्छ भन्ने छैन नि ! आमा, आआफ्नो श्रद्धा र भक्तिको कुरा पनि हो यो ! हजुर भनेको मेरो ईश्वर हो ! ईश्वरका लागि गरिने सेवाको हिसाबकिताब हुँदैन, आमा !'

'नरेन्द्रले आमालाई आश्वस्त पार्नुभएको थियो । आमाको अनुहार पनि छोराका कुरा सुनेर त्यस बेला खुसीले धपक्क बलेको हुन्थ्यो ।

'आमालाई आश्वस्त पार्नु नरेन्द्रको धर्म थियो । तर ठोस आम्दानीको स्रोत नभएको व्यक्तिका लागि एक्कै चोटि एकमुष्ट खर्च बन्दोबस्त गर्नु भनेको पनि चानचुने र सजिलो कुरो पक्कै थिएन । त्यसैले बेलाबेलामा नरेन्द्रलाई सम्भावित दुर्घटना र त्यस बेला आवश्यक पर्ने आर्थिक समस्याको एकसाथ पीर पर्ने गरेको थियो ।

'ठीकै छ, हेर्दै जाऊँ, आमाको आशीर्वाद मेरो शिरमा छँदै छ । हेरौँ, ईश्वरको पनि के मर्जी छ !' त्यतातिरको चिन्ता त्यागनुबाहेक अरू विकल्प पनि नरेन्द्रसँग त्यस बेला अर्को हुँदैनथ्यो । तर ईश्वरले साँच्चिकै हेरेका थिए । किनभने यसै बीचमा कञ्चनजङ्घाले अमेरिकाको सरकारको लुइजियाना राज्य विश्वविद्यालयमा पिएचडीका लागि छात्रवृत्ति पनि पाएका थिए ।' (भागीरथा प्रसाईको निर्वाण– २०६९ : इन्दिरा प्रसाई) ।

कञ्चनजङ्घा अमेरिकामा भए पनि ऊ हरदिन मेरी आमासँग स्काइपमा बोल्थ्यो । पछिपछि आमा अर्ध चेतनामा हुँदा पनि उसले आमालाई स्काइपबाट दिनदिनै हेर्ने गर्थ्यो । अन्ततः आमा स्वर्गीय भएका दिन पनि उसले स्काइपबाट नै आमाको भौतिक चोलाको अन्तिम दर्शन गरेको थियो । अनि उसले आमा परलोक भएको तेह्र दिनसम्म यता म र मेरी पत्नीसँग सरोकार राखेर अमेरिकामा नै चोखोनितो भएर काम गरेको थियो ।

'बुबा ! माताका लागि गरिनुपर्ने कर्मकाण्डमा कुनै किसिमको कमी नगरिबक्सेला, यसका लागि चाहिने सबै खर्चबर्च मैले बेहोर्नेछु ।' हजुरआमाले निर्वाण पाएको कुराले पिरिएका कञ्चनजङ्घाले स्काइपमा नरेन्द्रसँग भनेका थिए । त्यति बेला मसँग पनि सल्लाह गरेर कञ्चनजङ्घाले सम्पूर्ण खर्च पठाइदिएका थिए । साथै माताका नाउँमा लगाइने पुराणको पनि सम्पूर्ण खर्च बेहोर्ने छोराले वचन दिए ।' (भागीरथा प्रसाईको निर्वाण– २०६९ : इन्दिरा प्रसाई) ।

मेरी आमा स्वर्गीय हुनुभन्दा छ महिनाअघि नै मेरो छोरो कञ्चनजङ्घा अमेरिका पुगिसकेको थियो । ऊ नयाँ विद्यार्थीका रूपमा त्यहाँ बामे सर्दै थियो । तर पनि उसले आफ्नो निष्ठा प्रकट गऱ्यो– 'माताको म पनि नाति हुँ । त्यसैले माताउपर मेरो पनि जिम्मेवारी र कर्तव्य रहन्छ । मेरी माताको तेह्र दिनसम्मको काम र बरखी अनि त्यसपछि लगाइने पुराणका लागि लाग्ने सम्पूर्ण खर्च म नै बेहोर्छु ।' बुबाले आफ्ना दाजुभाइसँग एक पैसा पनि नउठाउनु होला । मेरा छोराको कुरा मलाई र इन्दिरालाई मनासिब लाग्यो र मेरा दाजुभाइलाई पनि मैले त्यही सन्देश दिएँ । मेरा छोराको भावना सुनेर उनीहरू पनि दङ्ग परे । त्यसैअनुसार आमाका नाउँमा गरिने सबै कृत्यका लागि सम्पूर्ण खर्च छोराले नै क्रमशःक्रमशः गरेर पठाइदियो । साथै दसदिने दाजुभाइको स्वर्गारोहणको दसौँ दिनमा हाम्रा वंशीय दाजुभाइबाट सघाउ दिइने प्रचलन पनि छ । त्यस बेला

प्राप्त भएको रकमचाहिँ मैले मेरा ठूल्दाजुमार्फत झापाको शनिश्चरे माध्यमिक विद्यालयमा समर्पण गरेको थिएँ ।

मेरी आमाउपर आमा बाँचुन्जेलसम्म मात्र कञ्चनजङ्घा समर्पित थिएन । मेरी आमा स्वर्गीय भएपछि पनि उसले आमाप्रति बराबर आफ्नो निष्ठा देखाइरह्यो । उसले पनि मझैं आमाको नित्य पूजा गर्दै आएको छ र जल चढाएर मात्र अन्न खाने गरेको छ ।

# मेरी आमाको अन्तिम चोला

मेरी आमाले आजीवन भौतिक, शारीरिक र मानसिक सङ्घर्ष खेपेकी थिइन् । जीवनको अन्त्यमा उनी बराबर भन्ने गर्थिन्– 'मर्ने बेलासम्ममा मात्र मान्छे चिन्न सकिँदो रहेछ ।' उनी बुढेसकालमा प्रवेश भएर उनले रगत, पसिनाले भिजाएको घर छाड्न बाध्य भएपछि उनलाई धोका दिनेहरूसँग सारै चित्त दुखाएकी थिइन् । दिनरात आमाका आँसु हेरेपछि मात्रै मलाई मनमा लाग्ने गर्थ्यो– 'मान्छेले किन, केका लागि र कसरी छोराछोरी चाहिँ जन्माउँछन् ?' वास्तवमा मेरी आमाका पनि 'बाह्र छोरा तेह्र नाति, बूढीको धोक्रो काँधैमाथि' भइरहेको म देखिरहेको थिएँ । मेरा दाजुभाइले आमाको ठेकदार त म नै एक जना मात्र हुँ जस्तो ठानेका थिए । वास्तवमा आमाका लागि सम्पत्ति त कसैले खर्च गर्नुपरेको पनि थिएन । तर आमालाई उनका सन्तानले भक्तिभाव गरेर खोजीनिती मात्र गरे पनि हुन्थ्यो नि ! आफ्ना टुहुरा सन्तानका लागि मरिमेटेकी आमाप्रति आफ्ना सन्तानले कुनै प्रकारको पनि मान्यता नराख्नाले मेरी आमाका छातीमा कति काँडा बिज्यो होला ! आमाको त्यो अदृश्य घाउले उनलाई कति चहऱ्यायो होला ! आफ्ना सन्तानको बेवास्ताले उनलाई कति भतभती पोल्यो होला ! त्यसै बेहोराले पनि मलाई धेरै चित्त दुखेको थियो । त्यस घडी मेरा ठाउँमा जो भए पनि सायद मझैं दु:खितै हुन्थ्यो होला ।

मेरी आमाको सेवा गर्ने कारणले मलाई दुक्ख लागेको थिएन; आमाका जैविक सन्तानको सोच देखेर मात्र म चिन्तित थिएँ। चौवालिस वर्षको उमेरदेखि मेरी आमाले एकल जीवन चलाइन्। कहिले उनी रोएर बसिन्, कहिले उनी भोकै पनि सुतिन् र कहिले उनी तड्पेरसमेत हिँडेकी थिइन्। तर पनि छोराछोरीका लागि उनी निराशाको सिकार भइनन्। उनको ध्येय 'मेरा छोराछोरीले दुक्ख नपाऊन्' भन्ने मात्रै हुन्थ्यो। अनेक कष्ट खेपेर मेरी आमाले छोराछोरीका लागि आफ्नो सिङ्गो जीवन आहुति दिइन्। तर मेरी आमा मृत्युशय्यामा हुँदा पनि आफ्ना प्राय: छोराछोरीले आमाका अगाडि आएर आफ्नो मुख राम्ररी नदेखाउँदा आमा भित्रभित्रै जलिरहेकी हुन्थिन्। त्यस बेला मेरी आमा भन्थिन्– 'मेरो लटीपटी सोरसार गरेर लगिहाले, अब म सुक्खा छु। मेरा दाँत पनि छैनन्, त्यसैले म हेला भएँ, छोरा ! सम्पत्तिका हाईहाई, मर्ने बेलामा कोही न कोही ! तँ थिइस् र मात्र म छु। तँ नभए मलाई बाटोमा लगेर फालि पनि सक्थे।' पीरैपीरमा शारीरिक रूपले नै पनि नउठ्ने गरेर मेरी आमा शिथिल, शिथिल र शिथिल हुँदै गइन्।

•

जाडो याममा मेरी आमा घाम तापेर घरकै छतमा बस्थिन्। तर मङ्सिर २४ गते उनी हिँडेर तल कोठामा पुग्ने अवस्थामा थिइनन्। अनि आमाका भदाहा प्रा.डा.रामप्रसाद उप्रेतीले पिठ्चूँमा बोकेर आमालाई कोठासम्म ल्याए। त्यस दिनदेखि मेरी आमाले कहिले आकाश देख्न सकिनन्। अनि मेरी आमाकै सेरोफेरोमा केन्द्रित भएर डा.उप्रेतीले 'अन्तिम आकाश : २०७०' नामक निबन्धसङ्ग्रह प्रकाशनमा ल्याए।

मेरी आमाको शारीरिक अवस्था धेरै गम्भीर थियो। डेढ महिनादेखि मेरी आमा ओछ्यानबाट चटपटाउन सकेकी थिइनन्। यसबारे मैले झापामा रहेका मेरी आमाका सन्तानलाई घरीघरी

जानकारी दिइरहन्थेँ । तर मेरा कुरा एउटा कानले सुनेर अर्को कानबाट उडाइने गरिन्थ्यो । आमाको त्यस्तो अवस्थामा पनि त्यताबाट एउटा फोन आउँदैनथ्यो । बरु म यतैबाट मात्र प्राय: फोन गरिरहन्थेँ । मलाई यति पनि थाहा हुन्थ्यो– 'झापाकालाई पीडा देखाएर म बालुवामा पानी हालिरहेको हुन्थेँ ।'

आमालाई बेडसोर सुरु भएका कारण इन्दिराले हरदिन आमाको घाउ ड्रेसिङ गर्थिन् । वास्तवमा आमाको त्यो अवस्था म हेर्न सक्तिन थिएँ र आमाबाट छेलिएर रुने गर्थें । आमाको त्यो अवस्थासँग हारेर एक दिन त मैले ईश्वरलाई बिन्ती नै गरेँ– 'हे ईश्वर ! अब तिमीले मेरी आमालाई जिम्मा बुझ, म आमाको दुक्ख हेर्न सक्तिनँ ।' अनि भोलिपल्ट अथवा भनौँ माघ १३ गते बिहान मैले मेरो छोरा कञ्चनजङ्घालाई रुँदै स्काइपमा भनेको थिएँ– 'छोरा ! मेरी आमाको यो हालत हेर्न मलाई अति नै कठिन भयो । मैले आमालाई अब जिम्मा बुझ भगवान् भने है !' मेरा संवाद सकिँदानसकिँदै उता छोरो पनि रुन थाल्यो र यता इन्दिरा पनि रुन थालिन् । त्यस दिन म पनि धेरै रोएको थिएँ ।

•

२०६८ सालको सरस्वती पूजाको दिन बिहानै मैले मेरी आमाका पाउमा सधैँझैँ आफ्नो शिर राखेँ । मेरी आमा आफ्नो ओछ्यानमा नै सुतेकी थिइन् । उनी त्यहीँ छटपटाउन थालिन् । आमालाई गाह्रो भएछ भन्ने हामीलाई लाग्यो । अनि इन्दिराले आमाका छाती सुमसुम्याउन थालिन् । आमा कोल्टो परेर सुतेकी थिइन् । मैले आमाका दुवै गालाको तल र माथि मेरा दुवै हात राखेको थिएँ । मैले त्यसै बखत आमाका गालामा अन्तिम म्वाइँ पनि खाएँ । अनि मैले भक्कानिएर इन्दिरालाई भनेँ– 'आमा जानुभयो, कालू !' अन्तत: त्रियानब्बे वर्षको उमेरमा काठमाडौँको आफ्नै घरमा मेरी आमा ब्रह्मलीन भइन् ।

मेरी आमालाई मैले गुमाएँ । त्यही पीडामा म छटपटाएँ, भक्कानिएँ र रोएँ । आमासँगै टाँस्सिएर इन्दिरा पनि रोइरहिन् । केहीबेर हामी दुवै जना रोइरह्यौँ । तर व्यावहारिक हिसाबमा हिँड्नुपर्ने हाम्रो बाध्यता पनि छँदै थियो । त्यसैले हामीले धैर्य लिनुपर्ने आवश्यक्ता थियो । हामीले आफ्नो संस्कृतिको पनि ख्याल राख्नैपर्ने भयो । अथवा भनौँ, हाम्रो धार्मिक रीतिरिवाजअनुसार पनि मेरी दिवङ्गत आमालाई कोठैभित्र राख्न मिलेको थिएन । अनि हामी उठ्यौँ । बरन्डामा इन्दिराले आमाका लागि म्याट ओछ्याउँदै थिइन् । त्यसै बखत मैले मेरी आमालाई जुरुक्कै बोकेर बरन्डामा लगेर सुताएको थिएँ ।

मेरी आमा सरस्वतीकै स्वरूप थिइन् । त्यसैले जति शिथिल भए तापनि सरस्वती पूजाकै दिन कुरेर उनी बसिरहिन् । अनि त्यो पल आउनासाथै उनी स्वर्गीय भइन् । त्यो मिति र तिथि थियो– २०६८ सालको श्रीपञ्चमीका दिन माघ १४ गते । भनौँ, त्यसै दिनको बिहान ठीक आठ बजेको समयमा आमा हामीसँग बिदा भएकी थिइन् ।

•

झापामा एक महिनादेखि कुइरो लागेर हवाइजहाज बस्न सकेको थिएन । तर माघ १४ गतेचाहिँ झापामा घाम लागेको रहेछ । अनि मेरो ठूल्दाजु विष्णुभक्त प्रसाई र मेरी दिदी नीरा सिटौलाका साथमा कान्छो भाइ गङ्गाराज जहाजबाट साँझअघि नै काठमाडौँमा आइपुगेका थिए । उनीहरू चढेको जहाज हिँडेपछि यता हामीले पनि आमाको महायात्रा चलाएका थियौँ ।

त्यस बेला नाटचभूषण मदनदास श्रेष्ठ, भतिज जय प्रसाई, दाजु लक्ष्मीप्रसाद प्रसाई आदिले आमाको अन्तिम यात्राको व्यवस्थापनमा धेरै सहयोग जुटाएका थिए । त्यही क्रममा हामीले आमालाई पशुपति आर्यघाट पुऱ्याएका थियौँ । मेरी आमाका लागि आर्यघाटको पुलदेखि

उत्तरपट्टि अथवा एक नम्बरको चिता तयारी अवस्थामा रहेको हामीले देख्यौँ । त्यो ठाउँ पनि पशुपति कोष विकास परिषद्का पदाधिकारीद्वय नरोत्तम वैद्य र शीला पन्तले ठीक पारिसकेका रहेछन् ।

मेरी आमालाई चितामा विराजमान गराएपछि मेरा ठूल्दाजुले मेरी आमालाई दागबत्ती दिएका थिए । त्यसपछि आर्यघाटमा नै मेरी आमासँगको मेरो भौतिक सम्बन्धमा विराम लागेको थियो ।

मेरी आमाको भौतिक चोलासँग आगोले मितेरी लगाइरहेको थियो । तर मेरा आँसुलाई दनदनी बलेको आगोले सुकाउन सकेको थिएन । त्यहाँ जतिजति आगो दन्किन्थ्यो त्यतित्यति मेरा आँखाबाट कोसी, गण्डकी र कर्नाली बगिरहन्थे ।

नरोत्तम वैद्य र शीला पन्तद्वारा मेरी आमाको दाहसंस्कार सन्दर्भको कुनै पनि रकम तिर्न मलाई वञ्चित गराइएको थियो । इन्दिरा दुईतीनपल्ट दाहसंस्कारको पैसा तिर्न नगद दिने ठाउँमा गएकी थिइन् । तर पशुपति कोषका लेखापालहरूले पैसा लिन मानेका थिएनन् । अनि वैद्य र पन्तले पनि यस मामलामा हामीलाई बोल्दै नबोल्नु भनेर आग्रह गरिरहे । त्यसैले मेरी आमाको दाहसंस्कार गरेको पैसा पनि हामीले तिर्न पाएनौँ ।

हामी हाम्रा ज्वाइँ योगेश मैनालीको मोटरमा आर्यघाटबाट राति आठ बजे नइगृह आयौँ । हामी घर आइपुग्दा थाहा पायौँ– मेरा भतिज एआइजिपी भीष्म प्रसाईले नइगृहको आँगनमा त्रिपाल ओडाइसकेका रहेछन् र सुत्न, बस्नका लागि दुई दर्जन कम्मलको व्यवस्था गरिसकेका रहेछन् ।

ठूल्दाजु विष्णुभक्त प्रसाई, भरत दाइ, कान्छो भाइ गङ्गाराज र मैले नइगृहमा नै बसेर आमाको तेह्र दिनसम्म किरिया बारेका थियौँ । त्यतिखेर हामीसँगै नीरा दिदी र रूपा भाउजू पनि साथै थिए ।

मेरी आमाको सुमी चौधरीसँग पूर्वजन्ममा के नाता थियो कुन्नि ! उनले झन्डै छ वर्षसम्म आमाको अटुट सेवा गरेकी थिइन् । अन्तत: उनले मेरी आमाको स्वर्गारोहणमा समेत चोखी भएर कर्म गरेकी थिइन् ।

तेह्र दिनसम्म आमाको किरिया बस्ता हामीलाई मन, वचन र कर्मले सघाउने मेरा काका रूपनारायण प्रसाईका जेठा छोरा विष्णुप्रसाद प्रसाई, मेरा भान्जीज्वाइँ तोयानाथ ओडारी, बहिनी लक्ष्मी अप्सरा पाण्डे र भतिज माधव नेपाल थिए । त्यतिन्जेल उनीहरूले हामीलाई स्नेहपूर्वक अटुट सेवा गरेका थिए । त्यस बखत कीर्तिनिधि विष्टचाहिँ प्राय: बिहान नइगृहमा आइरहन्थे ।

•

मेरी आमाको किरिया बार्ने क्रममा 'गरुडपुराण' लगाउनेबारे पनि कुरा चल्यो । गरुडपुराणमा मलाई विश्वास नै थिएन । तर पनि नीरा दिदी र रूपा भाउजू गरुडपुराण लगाउनै पर्छ भन्ने धारणामा एकोहोरिएका थिए । यसबारे छलफल गर्न र त्यसको निष्कर्षका लागि ज्योतिषी पं.डा.देवीप्रसाद खनाललाई नइगृहमा आउन हामी नइले अनुरोध गऱ्यौँ । अनि गुरु आएपछि गरुडपुराणबारे हाम्रा मनमा उब्जेका प्रश्न हामीले सबैसामु राखेका थियौँ– 'गरुडपुराण लगाउनै पर्छ गुरु ? यो नलगाई आमाको मुक्ति सम्भव छैन ? यदि लगाउनै पर्छ भने लगाउँदा पनि मलाई केही आपत्ति छैन ।' त्यसपछि देवी गुरुले मेरी आमाको स्वर्गारोहणको समय टिपेर कुण्डली कोरे र हामीमाझ भने–

'आमा भागीरथा प्रसाईका लागि कुनै तीर्थ, व्रत, दान, पुण्य र श्राद्ध आदि केही पनि गर्नु पर्दैन । उहाँका लागि यी सबै कुराको आवश्यकता छैन । उहाँले यत्ति राम्रो मरण प्राप्त गर्नुभएको छ, उहाँको जस्तो मरण त जो कसैले प्राप्त गर्नै सक्तैनन् । सत्य युगमा ऋषिमहर्षिहरूले यस्तै मरण प्राप्त होस् भनेर जङ्गलमा गएर

वर्षौंवर्षसम्म तपस्या गर्थे । तर त्यति गर्दा पनि उनीहरूमध्ये कतिपयले यस्तो मरण प्राप्त गर्न सक्तैनथे । महाभारतमा भीष्मपितामहले अनेकौँ मानसिक र शारीरिक कष्ट खेपेर पनि प्राण खिँचेर उत्तरायण लागेपछि मात्रै प्राण विसर्जन गरेका थिए । गरुडपुराणका हकमा आत्महत्या गरेर मृत्यु भएका, दुर्घटनामा परेर मृत्यु भएका, कुदिन र कुठाउँमा मृत्यु भएकाहरूलाई तार्नका लागि लगाउनुपर्ने हो । मानिसहरूले कुरै नबुझी यो पुराण लगाउँछन् । लगाउन नहुने भन्ने पनि छैन, यसमा आआफ्नो खुसी हो । आमाको मोक्षका लागि होइन, तपाईंहरूका सन्तुष्टिका लागि हो भने गरुडपुराण लगाउन सक्नुहुन्छ ।' (भागीरथा प्रसाईको निर्वाण– २०६९ : इन्दिरा प्रसाई) ।

डा.देवीप्रसाद खनालको मतलाई हामीले नाघ्ने कुरा थिएन । उनको तर्क हामी सबैले स्विकार्ने खालकै थियो । त्यसैले हामीले उनको निर्णयात्मक मत मान्यौँ र गरुडपुराणचाहिँ लगाएनौँ ।

मेरी आमाको तेह्रौँ दिनसम्मको कृत्य हामीले सकेसम्म राम्ररी नै गऱ्यौँ । तेह्रौँ दिनमा ब्राह्मणलाई खाट, दराज, गुन्टा आदि अथवा जिन्सीका सट्टा हामीले ब्राह्मण विष्णुप्रसाद पोखरेलकै इच्छाअनुसार नगद दिएका थियौँ । साथै ब्राह्मण र ब्राह्मणीलाई एकसरो लुगाकपडा र हाम्रो गच्छेअनुसारको गरगहना पनि हामीले थप समर्पण गरेका थियौँ । त्यसपछिका नियमसङ्गतका संस्कारहरू पनि हामीले गर्दै गयौँ । एक वर्षसम्म नियमित कृत्य गरिसकेपछि आमाको बरखी पनि भयो । त्यसपछि नइगृहमा नै आमाका नाउँमा गच्छेअनुसारको हामीले पुराण पनि लगाएका थियौँ । अन्ततः मेरी आमाका नाउँमा वार्षिक श्राद्ध गर्नेबाहेक शास्त्रीय रूपमा आमाका लागि हाम्रो औपचारिक काम त्यसै बेला विसर्जन भएको थियो ।

•

मेरी आमाको स्वर्गारोहण भएको तेह्र दिनसम्म मेरो कान्छो भाइ गङ्गाराजले हामी दाजुहरूका लागि भात पकायो, भाँडा माझ्यो

र हाम्रो अन्य आवश्यकीय सेवा पनि गऱ्यो । कान्छो भाइले हाम्रो अचाक्ली सेवा गरेको बेहोराले हामी छक्कै परिरहेका थियौँ । त्यतिखेर मेरा ठूल्दाजुले मलाई र भरत दाइलाई भनेका थिए– 'कान्छाले के दाउ हेरिरहेको छ र ऊ सेवामा चौपट्टै लागेको छ ।' अनि कान्छा भाइले सेवा गरेको विषय पनि मैले थाहा पाएँ । कुरा के रहेछ भने– आमाको तेह्रौँ दिनको पुण्यतिथिको कार्य सकिएपछि उसले मलाई नइगृहको छतमा लिएर गयो । त्यसपछि उसले मलाई मैले दस वर्षअघि लेखेको चिठीको फोटोकपी देखाउँदै भन्यो– 'दाइले बोलेको कुरा बिर्सिनुभयो कि भन्ने पो लाग्यो ।' उसको मानसिकता देखेर म फेरि भित्रभित्रै मरेँ । अनि मैले उसलाई भनेँ– 'भाइ ! मैले मेरा दाजुभाइहरूलाई आमाका नाउँबाट केही बोकाएँ ? 'आमाको सबै जेथो खाएर पनि तँ अझै अघाएको छैनस् ? आमाको सुन दिदी, छोरी, भान्जी र आमाको अविश्रान्त सेवा गर्नेले पाउँछन् कि तैँले पाउँछस् ? तैँले आमालाई फुक्याएर गुट्मुटचाएको आमाका गहना तँबाट आमालाई नै मैले फिर्ता गराएको हुँ ।' वास्तवमा आमालाई मैले किनिदिएका सबै गहना आमाको बरखीपछि त्यसै गरी नै बाँडिदिएँ; मैले एक लाल पनि राखिनँ ।'

•

मेरी आमाको भौतिक चोला समाप्त भयो । तर आमामाथिको भक्तिभावना मेरो मनबाट कहिले रित्तिएन । मेरो मनमा हरपल मेरी आमा नै हाँस्छिन्, आमा नै रुन्छिन् र आमा नै साउती गरिरहेकी हुन्छिन् । मेरी आमा जसरी हामीमाऊ भिजिन् सायद उनीऊँ उनीसँग हामी भिज्न सकेका थिएनौँ । वास्तवमा आमाले आकाश भएर सधैँ, सधैँ र सधैँभरि हाम्रै लागि त्याग, तपस्या र आराधना गरिरहिन् । तिनै मेरी महान् आमाको नाउँ भागीरथा प्रसाई हो भन्दा मलाई थप गौरवीबोध हुन्छ । मेरी आमाकै सबल नेतृत्वका कारण आज म यस धरामा यसरी उभिइरहेको छु । सानैमा हुँदा मैले पढेको थिएँ– 'संसारमा सबैभन्दा राम्रो पुस्तक पढेँ

भने मैले मेरी आमालाई नै पढें ।' सत्य हो; मैले मेरी आमाभन्दा राम्रो पुस्तक अरू पढेकै छैन । वास्तवमा त्यही पुस्तक पढेर नै संसार सामुन्ने म ठडिरहेको छु ।

आमा बाँचुन्जेल आमाको महिमाबारे मलाई पर्याप्त ज्ञान थिएन, अनि त्यतिसारो मर्म र होस पनि थिएन । तर आमाको अभावमा मैले मेरी आमालाई उपयुक्त न्याय गर्न सकेको जस्तो पनि लागेन । त्यसैले आमाप्रति पछुतो मानेर म बोलिरहेको छु– 'मेरी आमा ! तिमी महान् थियौ; तिमी कति महान् थियौ भने अति महान् थियौ ।'

•••

'मेरी आमा भागीरथा प्रसाई' मैले मेरी आमाको मात्र सत्यकथा लेखेको होइन । समस्त आमाहरूको अवस्था मैले मेरी आमाको जस्तै र त्योभन्दा खराब पनि देख्तै, सुन्दै र पढ्दै आएको छु । प्राय: अधिकांश छोराहरूले आआफ्नै तरिकाबाट आमाहरूलाई भित्रभित्रै पिर्ने, दुक्ख दिने र टोकस्ने काम भइरहेको हुन्छ । तर छोराहरूले दिएको पीडा प्राय: आमाहरूले मनैभित्र लुकाएर सुकसुकाइरहेका हुन्छन्, रन्थनिरहेका हुन्छन् र वेदनामा डुबिरहेका हुन्छन् । ती आमाहरू महान् हुन् जसले आफ्ना कोखका घाउका डामहरूलाई सधैं माफ दिइरहेका हुन्छन् । ती आमाहरूका मर्म कथा र व्यथाहरू मेरी आमाको झैं यसरी प्राय: प्रकाशमा आएका पनि हुँदैनन् । केवल यहाँचाहिँ मेरी आमा पात्र बनेर अक्षरहरूमा देखा परिरहेकी छिन् ।

मेरो जीवनभरिको अध्ययनबाट मैले के बुझें भने– 'सुक्खका बेला बिर्सिने र दुक्खका बेला सम्झिने सृष्टिको शाश्वत सत्य नै आमा हुन् ।'

•

**आमाको सेवा गर्न भाग्य चाहिन्छ**
**आकाशजस्तै खुल्न सके आमा पाइन्छ ।**

# सन्दर्भस्रोत


- इन्दिरा प्रसाई, 'मेरी सासू' (२०६५)
- इन्दिरा प्रसाई, 'भागीरथा प्रसाईको निर्वाण' (२०६९)
- भागीरथा प्रसाई
- महेश्वरा प्रसाई
- रङ्गलाल आचार्य
- खनूप्रुदे 'रामबाबू'
- तेजबहादुर प्रसाई (पूर्वसचिव)
- गणेशबहादुर प्रसाई
- प्रा.डा.भीष्मराज प्रसाई
- पम्फा सिटौला
- गङ्गाबहादुर प्रसाई
- विष्णुभक्त प्रसाई
- कृष्णराज प्रसाई
- नीरा सिटौला
- भीमादेवी आचार्य
- खगेन्द्र प्रसाई (पूर्वमन्त्री)
- नन्दकुमार प्रसाई (पूर्वसांसद)
- गीता बाराकोटी, 'नरेन्द्रराज प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' (त्रिभुवन विश्वविद्यालय, नेपाली स्नातकोत्तर दोस्रो वर्षको दसौँ पत्रको शोधपत्र : २०६५)